
# व्यावसायिक पशुपालन एकीकृत सर्वेक्षण २०७८

## गणना निर्देशिका



नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

नेपाल सरकार
केन्द्रीय तथ्याङ्क विभाग

विश्व खाद्य तथा कृषि संगठन

# विषयसूची

**विषय** **पेज नं.**


| | | |
|---|---|---|
| १ | परिचय | ५ |
| २ | उद्देश्य | ५ |
| ३ | दायरा एवं क्षेत्र | ५ |
| ४ | गणनाको एकाइ | ६ |
| ५ | पशुपालन व्यवसाय (फार्म) | ६ |
| ६ | प्रमुख सञ्चालन/प्रमुख कृषक | ७ |
| ७ | सर्वेक्षण विधि | ७ |
| ८ | सन्दर्भ अवधि | ८ |
| ९ | तथ्याङ्क संकलन गर्ने तरिका | ८ |
| १० | गोपनीयताको प्रत्याभूति | ८ |
| ११ | मुख्य प्रश्नावली भर्ने तरिका | ९ |
| | मुख्य मोड्युल (Core Module) | ९ |
| | खण्ड १ परिचयात्मक विवरण | ९ |
| | खण्ड २ पशुपालन व्यवसायसम्बन्धी विवरण | ११ |
| | भाग २.१ पशुपालन व्यवसायको सामान्य विवरण | ११ |
| | भाग २.२ संचालकको विवरण | १२ |
| | खण्ड ३ पशुपालन सम्बन्धी विवरण | १४ |
| | ३.१ गाईपालन तथा उत्पादनसम्बन्धी विवरण | १४ |
| | ३.२ भैंसीपालन तथा उत्पादनसम्बन्धी विवरण | १८ |
| | ३.३ बाखा/च्याङ्ग्रापालन तथा उत्पादनसम्बन्धी विवरण | २२ |
| | ३.४ भेंडापालन तथा उत्पादनसम्बन्धी विवरण | २७ |
| | ३.५ सुँगुर/बंगुरपालन तथा उत्पादनसम्बन्धी विवरण | ३० |
| | खण्ड ४ पशुपालन व्यवसाय अन्तर्गत प्रयोग भएको जग्गासम्बन्धी विवरण | ३४ |
| | खण्ड ५ सन्दर्भ वर्षमा आर्थिक गतिविधिसम्बन्धी विवरण | ३९ |
| | भाग ५.१ पशुपालन व्यवसायको अन्य क्रियाकलापसम्बन्धी विवरण | ३९ |
| | भाग ५.२ व्यवसायको चालु तथा पुँजीगत खर्च सम्बन्धी विवरण | ४० |
| | भाग ५.३ सन्दर्भ बर्षमा, व्यवसायमा परेको गम्भिर असर/आघात तथा व्यवसायमा प्रयोग भएका कृषि मेशिनरी तथा औजार सम्बन्धी विवरण | ४५ |
| | खण्ड ६ पशुपालन व्यवसायमा रोजगार, गैर आवासीय भवन तथा सूचनासम्बन्धी विवरण | ४८ |

खण्ड ७ उत्पादन विधि तथा वातावरण (PME Module) ५२
भाग ७.१ ऊर्जा स्रोतसम्बन्धी विवरण ५२
भाग ७.२ पशुपालन उत्पादन विधिसम्बन्धी विवरण ५३
भाग ७.३ सन्दर्भ वर्षमा, सूचना, पूर्वाधार र सार्वजनिक स्रोत साधनको पहुँच र प्रयोगसम्बन्धी विवरण ५७
भाग ७.४ फोहोर व्यवस्थापनसम्बन्धी विवरण ६१
भाग ७.५ प्राकृतिक विपत्को असर तथा जलवायु परिवर्तन अनुकूलन बनाउन गर्ने रणनीति ६२

# व्यावसायिक एकीकृत पशुपालन सर्वेक्षण २०७८
# गणना निर्देशिका

## परिचय

नेपालको आर्थिक क्षेत्रको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रले राष्ट्रिय आय तथा रोजगारीमा महत्वपूर्ण योगदान गरेको छ। यसर्थ, कृषि क्षेत्रको विकासका लागि योजना तर्जुमा एवं नीति निर्माण गर्न, कार्यान्वयन गर्न, अनुगमन तथा मूल्याङ्कन गर्न नियमित रुपमा कृषिको संरचनागत बनोट तथा क्रियाकलाप सम्बन्धी भरपर्दो र विश्वासिलो तथ्याङ्कको आवश्यकता पर्दछ । अझै पनि हाम्रो जस्ता धेरै विकासोन्मुख देशहरुमा भरपर्दो र गुणस्तरीय तथ्याङ्कको नियमित रुपमा उत्पादन र वितरण भएको पाइँदैन । यसै सन्दर्भमा, विश्व खाद्य तथा कृषि संगठन (FAO) को Global Strategy to improve Agriculture and Rural Statistics (GSARS) कार्यक्रमले कृषि तथा यससँग सम्बन्धित तथ्याङ्कहरुको उत्पादनको लागि १० वर्ष अवधिमा कृषिमा आधारित बाली तथा पशुपन्छी उत्पादन तथा यसैसँग सम्बन्धित आर्थिक गतिविधि, कृषि जनशक्ति, उत्पादनविधि तथा वातावरण र मेशिनरी उपकरण तथा सम्पत्ति सम्बन्धी मोड्युलहरुको चक्रिय रुपमा सर्वेक्षण गर्ने गरी कृषि एकीकृत सर्वेक्षण (Agriculture Integrated Survey-AGRIS) पद्धतिको विकास गरेको छ। यस पद्धति अनुसार बाली तथा पशुपन्छी उत्पादन तथा यससँग सम्बन्धित क्रियाकलापहरुको वार्षिक रुपमा सर्वेक्षण गरी तथ्यांक संकलन गरिने मोड्युललाई मुख्य मोड्युल (Core Module) र आवश्यकता अनुसार आवधिक रुपमा तथ्याङ्क संकलन गरिने कृषिमा आधारित आर्थिक गतिविधि, कृषि जनशक्ति, उत्पादन विधि तथा वातावरण र मेशिनरी उपकरण तथा सम्पत्ति सम्बन्धी मोड्युलहरुलाई चक्रिय मोड्युल (Rotating Module) भनिएको छ ।

नेपालको कृषि तथ्याङ्क संकलन गर्ने प्रणालीलाई सुदृढीकरण गर्न विश्व खाद्य तथा कृषि संगठनको आर्थिक तथा प्राविधिक सहयोगमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभागको संयुक्त आयोजनामा आर्थिक वर्ष २०७८/०७९ मा नेपालभरि व्यावसायिकरुपमा संचालनमा रहेका पशुपालन व्यवसायहरुको एकीकृत पशुपालन सर्वेक्षण, २०७८ कार्यक्रम सञ्चालन गर्न लागिएको हो । यस सर्वेक्षण प्रयोजनको लागि निश्चित मापदण्ड पूरा गरेका व्यावसायिकरुपमा सञ्चालित पशुपालन व्यवसायहरुबाट मुख्य प्रश्नावली र चक्रिय मोड्युल अन्तर्गत उत्पादन विधि तथा वातावरणसँग सम्बन्धित विभिन्न विवरण संकलन गर्न लागिएको छ।

## उद्देश्य

यस सर्वेक्षणको मुख्य उद्देश्य मुलुकभरि व्यावसायिकरुपले सञ्चालनमा रहेका पशुपालन व्यवसायहरुको आर्थिक, सामाजिक तथा वातवरणीय तथ्याङ्क संकलन गरी कृषि विकासका लागि राष्ट्रिय तथा प्रदेशस्तरका योजना तर्जुमा एवं नीति निर्माण, अनुगमन तथा मूल्याङकन गर्न आवश्यक पर्ने व्यावसायिक पशुपालन सम्वन्धी तथ्याङ्कको खाँचो पूर्ति गरी योजनाविद् र नीति निर्माताहरुलाई सघाउ पुऱ्याउने रहेको छ।

## दायरा एवं क्षेत्र

राष्ट्रियरुपमा गरिने जनगणना तथा कृषिगणनामा जात अनुसारको पाल्तु चौपायाको संख्या सम्वन्धी विवरण लिने गरिएको भएतापनि नेपालमा अहिलेसम्म छुट्टै रुपमा व्यावसायिक पशुपालन सर्वेक्षण भएको छैन। नेपालमा कृषक परिवारहरुले घरायसी तथा व्यावसायिक प्रयोजन गरी दुई किसिमबाट पशुपालन कार्य गरिरहेको पाइएको छ। यस सर्वेक्षणमा कृषक परिवार तथा संस्थाहरुले तलको तालिकामा तोकिएको संख्या वा सोभन्दा बढी संख्यामा व्यावसायिकरुपले पशुपालन गरेका व्यवसायहरुलाई मात्र समेटिएको छ। यो सर्वेक्षण छनौट विधिमा (Sampling Method ) आधारित छ। यस सर्वेक्षणमा निम्न लिखित विवरणहरु सङ्कलन गरिने छन् :

(क) पशुपालन व्यवसाय सम्बन्धी सामान्य जानकारी

(व्यवसाय सञ्चालन मिति, स्वमित्वको स्थिति, आर्थिक क्रियाकलापको लगत)

(ख) मुख्य सञ्चालकको नाम, सम्पर्क नम्बर, लिङ्ग, शिक्षा, तालिम, पशुपालन क्रियाकलापमा दिएको समय तथा अन्य आर्थिक क्रियाकलाप सम्बन्धी विवरण

(ग) उमेर, किसिम र जात अनुसार विभिन्न पाल्तु चौपायाहरुको (गाई/गोरु, भैंसी/राँगा, बाखा/च्याङग्रा, भेंडा, सुँगुर/बँगुर) संख्या, जन्म तथा मृत्यु, खरिद तथा बिक्री, अनुदानबाट प्राप्त र बिक्री मुल्य सम्वन्धी विवरण,

(घ) पाल्तु चौपायाहरुबाट भएको उत्पादन तथा सोको उपयोग, आहार तथा आहारको स्रोत, गोठको व्यवस्था सम्वन्धी विवरण ।

(ङ) पशुपालन व्यवसाय अन्तर्गत प्रयोग भएको जग्गासम्बन्धी विवरण

(च) पशुपालन व्यवसायको अन्य क्रियाकलाप, चालु तथा पुँजीगत खर्च, व्यवसायमा परेको गम्भिर असर/आघात तथा व्यवसायमा प्रयोग भएका कृषि मेशिनरी तथा औजार, रोजगारी, गैर आवासीय भवन तथा सूचना सम्बन्धी विवरण

(छ) उत्पादन विधि तथा वातावरण सम्बन्धी विवरण
(ऊर्जाको स्रोत, पशुको स्वास्थ्य तथा प्रजनन, पशुको लागि पिउने पानी, मल व्यवस्थापन, पशु सूचना तथा सेवा, पूर्वाधार (यातायत, सूचना प्रविधि र सुविधासँगको पहुँच), सार्वजनिक स्रोतहरुसँगको पहुँच, फोहोर व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्ने रणनीति सम्बन्धी विवरण)

## गणनाको एकाइ

यस सर्वेक्षणमा गणनाको एकाइ निश्चित मापदण्ड पूरा गरी व्यावसायिकरुपले सञ्चालन गरिएका **"पशुपालन व्यवसाय"** लाई मानिएको छ । अर्थात् सम्पूर्ण तथ्याङ्कहरु पशुपालन व्यवसायको प्रकार अनुसार छुट्टा छुट्टै सङ्कलन गरी एकीकृत गरिने छन् ।

## पशुपालन व्यवसाय (फार्म)

यस सर्वेक्षण प्रयोजनको लागि दर्ता गरी वा नगरी कम्तिमा देहायको तालिकामा उल्लेख गरिएको संख्यामा व्यावसायिकरुपले पशुपालन गर्ने व्यवसाय तथा कृषकलाई यहाँ समावेश गरिएको छ ।

| क्र.सं. | पशुपालन व्यवसायको प्रकार | पशुको नाम | संख्या | | |
|---|---|---|---|---|---|
| | | | तराई | पहाड | हिमाल |
| १ | गाईपालन | दूध दिने उमेर समुहका गाई | १० | १० | ८ |
| २ | भैंसीपालन | दूध दिने उमेर समुहका भैंसी | ८ | ८ | ५ |
| ३ | राँगा/पाडापालन | मासु प्रयोजनका लागि राँगा/पाडा | १५ | १५ | १० |
| ४ | बाखा/च्याङ्ग्रापालन | ६ महिना वा सोभन्दा माथिका बाखा/च्याङ्ग्रा | ५० | ५० | ५० |
| ५ | भैंडापालन | ६ महिना वा सो भन्दा माथिका भैंडा/भैंडी | ५० | ५० | १०० |
| ६ | मासु प्रयोजनका सुँगुर/बँगुरपालन | ६ महिना वा सो भन्दा माथिका मासु प्रयोजनका लागि पालिएका सुँगुर/बँगुर | २५ | २५ | २५ |
| ७ | प्रजनन प्रयोजनका पोथी सुँगुर/बँगुरपालन | ६ महिना वा सो भन्दा माथिका प्रजनन प्रयोजनका लागि पालिएका पोथी सुँगुर/बँगुर | १५ | १५ | १० |
| ८ | गाई र भैंसीपालन | यदि गाई र भैंसी दुवैपालन गर्ने व्यवसाय भए कम्तिमा दूध दिने उमेर समुहका गाई र भैंसीको जम्मा संख्या | १० | १० | १० |

| क्र.सं. | पशुपालन व्यवसायको प्रकार | पशुको नाम | संख्या | | |
|---|---|---|---|---|---|
| | | | तराई | पहाड | हिमाल |
| ९ | बाखा/च्याङ्ग्रा र भैंडापालन | यदि बाखा/च्याङ्ग्रा तथा भैंडा दुवैपालन गर्ने व्यवसाय भए कम्तिमा ६ महिना वा सो भन्दा माथिको बाखा/च्याङ्ग्रा तथा भैंडा दुवै गरी जम्मा संख्या | ५० | ५० | १०० |
| १० | गाई/भैंसीपालन र बाखा/च्याङ्ग्रा/ भैंडापालन | यदि गाई वा भैंसी सँगै बाखा/च्याङ्ग्रा वा भैंडा पनि पालिएको व्यवसाय भए कम्तिमा दूध दिने उमेर समुहका गाई वा भैंसीको संख्या, | ५ | ५ | ५ |
| | | र कम्तिमा ६ महिना वा सो भन्दा माथिको बाखा/च्याङ्ग्रा वा भैंडाको जम्मा संख्या | २५ | २५ | ५० |

## प्रमुख सञ्चालन/प्रमुख कृषक

पशुपालन व्यवसायको सम्पूर्ण चाँजोपाँजो मिलाउने, उपलब्ध हुन सक्ने साधन र स्रोतको कसरी उपयोग गर्नुपर्छ भन्ने कुरा निर्णय गर्ने, उत्पादनको वितरणसम्बन्धी निर्णय लिने र प्राविधिक तथा आर्थिक जिम्मेवारीसमेत वहन गर्ने व्यक्तिलाई प्रमुख सञ्चालन/प्रमुख कृषक भनिन्छ । प्रमुख सञ्चालन/प्रमुख कृषकलाई आफ्नो पशुपालन व्यवसायको बारेमा सम्पूर्ण जानकारी हुने गर्दछ ।

## क्षेत्रफल नापको एकाइ

नेपालमा जग्गाको क्षेत्रफल नाप्ने एकै किसिमको एकाइ छैन । प्रचलित नापका एकाइको संक्षेपमा वर्णन तल दिइएको छ ।

### रोपनी

रोपनी क्षेत्रफल नापको एउटा एकाइ हो । यसको विभाजन रोपनी, आना, पैसामा गरिन्छ । यो खास गरी पहाडी र हिमाली जिल्लाहरूमा प्रयोग गरिन्छ । रोपनीलाई विभिन्न नाप एकाइमा रूपान्तर गर्न सकिन्छ, जस्तै :

१ रोपनी = ७४ × ७४ वर्गफुट = ०.०५०८७ हेक्टर

= ४ माटो मुरी = १६ आना = ६४ पैसा

### बिघा

जग्गाको क्षेत्रफल नाप्ने अर्को प्रचलित एकाइ बिघा हो । यसको विभाजन बिघा, कट्ठा, धुरमा गरिन्छ । यो खास गरी तराइ तथा भित्री मधेशका जिल्लाहरूमा प्रयोग हुन्छ । बिघालाई अन्य एकाइमा निम्नानुसार परिवर्तन गर्न सकिन्छ ।

१ बिघा = २७० × २७० वर्गफुट = ०.६७७३ हेक्टर

= १३.३१२६ रोपनी = २० कट्ठा = ४०० धुर

## सर्वेक्षण विधि

यस सर्वेक्षणमा देशभरि व्यावसायिकरुपमा सञ्चालन गरिएका पशुपालक कृषक/व्यवसायहरुको प्रदेश अनुसार सूची तयार गरिएको छ र त्यसपछि उक्त सूचीबाट प्रत्येक प्रदेशको पशुपालन व्यवसायको प्रकार अनुसार आवश्यक संख्यामा नमुना

छनौट विधि अनुसार पशुपालक व्यवसाय/कृषकहरुको छनौट गरी छानिएका व्यवसायहरुमा गई सर्वेक्षणको **मुख्य प्रश्नावली** भरिनेछ ।

## सन्दर्भ अवधि

यस सर्वेक्षणको लागि सन्दर्भ वर्ष र सन्दर्भ दिन गरी दुई किसिमका सन्दर्भ समय रहेका छन् । **सन्दर्भ वर्ष भन्नाले मिति २०७७ श्रावण १ देखि २०७८ असार मसान्तसम्म**को १२ महिनाको अवधिलाई मानिएको छ । **सन्दर्भ दिन भन्नाले गणना गरिने दिन**लाई मानिएको छ । प्रश्नावलीअन्तर्गत संकलन गरिने विभिन्न विवरणहरुको सन्दर्भ समय साधारणतया १२ महिनाको अवधिलाई मानिएको भए तापनि केही प्रश्नहरुमा भने सन्दर्भ अवधि गणनाको दिनलाई मान्नु पर्नेछ । जस्तैः पशुको जन्म तथा मृत्यु, अस्थायी कामदार संख्या, उत्पादन तथा बिक्री आदिको विवरण लिँदा सन्दर्भ अवधि १२ महिनाको अवधिलाई मानी संकलन गरिन्छ भने स्थायी कामदारको संख्या, पशुको संख्या आदिलाई लिँदा गणनाको दिनलाई सन्दर्भ अवधि मानी संकलन गरिन्छ । विवरण संकलन गर्दा सन्दर्भ समयलाई अति नै ख्याल राख्नु पर्दछ किनभने सन्दर्भ समय सम्बन्धी सानो गल्तीले तथ्याङ्कमा फरक पर्नसक्दछ ।

## तथ्याङ्क संकलन गर्ने तरिका

यस सर्वेक्षणमा नमुना छनौट विधि अनुसार छानिएका पशुपालन व्यवसाय/कृषकहरुमा गई प्रत्यक्ष अन्तरवार्ता विधिबाट प्रश्नहरु सोधी ट्यावलेट मार्फत विवरण संकलन गरिनेछ ।

## गोपनीयताको प्रत्याभूति

सर्वेक्षणमा सोधिएका व्यक्तिगत विवरणहरु तथ्याङ्क ऐन, २०१५ अनुसार गोप्य रहनेछन् र यी विवरणहरु तथ्याङ्कीय प्रयोजनका लागि मात्र प्रयोग गरिनेछन् । तथ्याङ्क संकलकले सङ्कलित तथ्याङ्क गोप्य राखिने कुरामा उत्तरदातालाई विश्वस्त तुल्याउन सके मात्र सही तथ्याङ्क सङ्कलन गर्न सकिन्छ ।

# मुख्य प्रश्नावली भर्ने तरिका

## मुख्य मोड्युल (Core Module)

एकीकृत कृषि सर्वेक्षण (AGRISurvey) कार्यक्रम अन्तर्गत सञ्चालित यस व्यावसायिक एकीकृत पशुपालन सर्वेक्षणमा मुख्य मोड्युल (Core Module) र उत्पादन विधि तथा वातावरण मोड्युल (PME Module) लाई समावेश गरी विभिन्न प्रश्नहरु सोधिएका छन् । मुख्य मोड्युल (Core Module) अन्तर्गत व्यवसायको सामान्य जानकारी, विभिन्न किसिमका पशुपालन सङ्ख्या तथा उत्पादन, व्यवसायले व्यवसाय प्रयोजनको लागि प्रयोग गरेको जग्गाको आकार, जग्गाको उपभोग र उपयोग, व्यवसायको आर्थिक गतिविधि, व्यवसायको चालु तथा पुँजीगत खर्च, व्यवसायमा परेको गम्भिर असर/आघात, कृषि मेशिनरी तथा औजार तथा रोजगारसम्बन्धी विवरणहरु संकलन गरिन्छ भने उत्पादन विधि तथा वातावरण मोड्युल (PME Module) अन्तर्गत ऊर्जाको स्रोत, पशुको स्वास्थ्य तथा प्रजनन, पशुको लागि पिउने पानी, मल व्यवस्थापन, पशु सूचना तथा सेवा, पूर्वाधार (यातायत, सूचना प्रविधि र सुविधासँगको पहुँच), सार्वजनिक स्रोतहरुसँगको पहुँच, फोहोर व्यवस्थापन, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण गर्ने रणनीति सम्बन्धी विवरणहरु संकलन गरिन्छ ।

## खण्ड १
## परिचयात्मक विवरण

### छानिएको व्यवसाय क्रम संख्या

यहाँ छानिएको व्यवसाय क्रम संख्या भन्नाले देशभरि व्यावसायिक रुपले संचालनमा रहेका पशुपालन व्यवसायहरु मध्ये सर्वेक्षणको लागि छनौट भएका पशुपालन व्यवसायहरुको (फार्म) सिलसिलेबार क्रमसंख्या बुझिन्छ । यस अन्तर्गत गणना गर्न लागेको व्यवसायको व्यवसाय क्रम संख्या कति हो एकिन गरी दिइएको कोठामा लेख्नुपर्दछ ।

### १.१ प्रदेश

पशुपालन व्यवसाय संचालन भएको स्थान हाल कुन प्रदेश अन्तर्गत पर्दछ सोधी प्रदेशको नाम यहाँ लेख्नु पर्दछ । जस्तैः चितवन जिल्लामा व्यवसाय संचालन भएको रहेछ भने प्रदेशको नाम बागमती लेखी दिइएको कोठामा ३ लेख्नुपर्दछ ।

### १.२ जिल्ला

पशुपालन व्यवसाय संचालन भएको स्थान हाल कुन जिल्ला अन्तर्गत पर्दछ सोधी जिल्लाको नाम र कोड यहाँ लेख्नु पर्दछ । जस्तैः चितवन जिल्लामा व्यवसाय संचालन भएको रहेछ भने जिल्लाको नाम चितवन लेखि दिइएको कोठामा सोको कोड लेख्नुपर्दछ ।

### १.३ स्थानीय तह

पशुपालन व्यवसाय संचालन भएको स्थान हाल कुन स्थानीय तह अन्तर्गत पर्दछ सोधी स्थानीय तहको नाम र कोड यहाँ लेख्नु पर्दछ । स्थानीय तह भन्नाले गाउँपालिका वा नगरपालिका बुझ्नुपर्दछ ।

### १.४ वडा नम्बर

पशुपालन व्यवसाय प्रश्न १.३ मा उल्लेख गरिएको स्थानीय तहको कुन वडामा सञ्चालनमा रहेको छ । सोही वडा नम्बर यहाँ लेख्नु पर्दछ ।

### १.५ गाउँ/टोलको नाम

गणना गर्न लागेको व्यवसाय जुन गाउँ/टोलमा रहेको छ सोही गाउँ/टोलको नाम यस ठाउँमा लेख्नु पर्दछ ।

### १.६ सूचीकरणमा उल्लेखित पशुपालन व्यवसाय क्रमसंख्या

यो क्रमसंख्या देशभरि व्यावसायिक रुपमा संचालन गरिईएका पशुपालन व्यवसायहरुको क्रमसंख्या हो । यो क्रमसंख्या व्यावसायिक एकीकृत पशुपालन सर्वेक्षणका लागि तयार गरिएको सूची (Sampling Frame) मा उल्लेख गरिएको हुन्छ । उक्त क्रमसंख्या विभागबाट उपलब्ध गराएको सुचीबाट सार्नुपर्छ ।

### १.७ पशुपालन व्यवसायको प्रकार

यहाँ पशुपालन व्यवसाय गाईपालन, भैंसीपालन, राँगा/पाडापालन, बाखा/च्याङ्ग्रापालन, भेँडापालन, मासु प्रयोजनका सुँगुर/बँगुरपालन, प्रजनन प्रयोजनको लागि पोथी सुँगुर/बँगुरपालन, गाई र भैंसीपाल दुवै, बाखा/च्याङ्ग्रा र भेँडापालन दुवै; र गाई/भैंसीपालन र बाखा/च्याङ्ग्रा/ भेँडापालन कस्तो प्रकारको हो सोधी सोको नाम र कोड नं. प्रश्नावलीको तल कोठामा दिइएको अनुसार लेख्नुपर्दछ ।

### १.८ पशुपालन व्यवसायको GPS Code

यो व्यवसाय रहेको स्थानको अक्षांश, देशान्तर तथा उचाईको कोड हो । यो ट्यावलेटले आफै संकलन गर्दछ ।

### १.९ व्यवसाय/प्रमुख कृषकको नाम

यहाँ दर्ता गरी व्यावसायिक रुपमा सञ्चालन गरिएको व्यवसायको नाम लेख्दा आधिकारिक निकायमा जे नाम राखेर दर्ता गरिएको थियो सोही नाम नै व्यवसायको नाम हुन आउँछ । व्यवसायको नाम बदलिएको पाइएमा पछिल्लो पटक जुन नयाँ नाम राखिएको छ सोही नाम नै यहाँ लेख्नुपर्दछ । यदि दर्ता नगरी व्यावसायिक रुपमा सञ्चालन गरिएको पशुपालन व्यवसाय भएमा यस महलमा प्रमुख कृषकको नाम नै लेख्नुपर्दछ ।

### १.१० उत्तरदाताको नाम

यहाँ, प्रश्नावलीमा सोधिएका प्रश्नको जवाफ दिने व्यक्तिको नाम लेख्नु पर्दछ । विवरण सङ्कलन गर्दा संचालक वा प्रमुख कृषकसँग सोधी सङ्कलन गर्नुपर्छ । कुनै कारणले संचालक/प्रमुख कृषक भेट नहुने भएमा सबै विवरण राम्रोसँग दिन सक्ने अर्थात् सोधेको सबै प्रश्नको सही उत्तर दिन सक्ने परिवारको अर्को सदस्य वा प्रबन्धक वा कर्मचारीसँग सोधेर भएपनि प्रश्नावली भर्नुपर्दछ ।

### १.११ सम्पर्क नम्बर

यहाँ उत्तर दिने व्यक्तिको सम्पर्क नम्बर सोधी उपयुक्त कोठामा लेख्नुपर्दछ ।

### १.१२ व्यवसायमा उत्तरदाताको स्थिति

यहाँ, प्रश्नावलीमा सोधिएका प्रश्नको जवाफ दिने व्यक्ति संचालक आफै वा प्रमुख कृषक आफै भएमा 'संचालक/प्रमुख कृषक आफै'मा चिन्ह लगाउनु पर्दछ । कुनै कारणले संचालक/प्रमुख कृषक भेट हुन नसकेको अवस्थामा सबै प्रश्नको जवाफ व्यवस्थापक/प्रबन्धकबाट लिएको भए 'व्यवस्थापक/प्रबन्धक'मा, कर्मचारी/कामदारबाट लिएको भएमा 'कर्मचारी/कामदार' र परिवारको अर्को सदस्यबाट लिएको भएमा 'परिवारको सदस्य'मा चिन्ह लगाउनु पर्दछ ।

# खण्ड २
# पशुपालन व्यवसायसम्बन्धी विवरण

## भाग २.१ पशुपालन व्यवसायको सामान्य विवरण

**२.१.१ यो व्यवसाय कहिले देखि संचालनमा छ ?**

गणना गर्न लागेको व्यवसाय कुन सालदेखि संचालन भएको हो सोधी संचालन भएको साल मात्र उपयुक्त कोठामा बिक्रम सम्बतमा लेख्नुपर्दछ । यहाँ व्यवसाय दर्ता गरेको मिति नभई व्यवसाय संचालनमा आएको मिति सालमा लिन खोजिएको हो ।

**२.१.२ तपाईको यस व्यवसाय दर्ता (सूचिकृत) गर्नु भएको छ ?**

नेपालमा दर्ता नगरिकनै व्यावसायिक रुपमा कृषि कृयाकलाप पनि गरिने हुँदा गणना गर्न लागेको व्यवसाय दर्ता गरेको हो वा होइन बुझ्न खोजिएको छ । यदि उक्त व्यवसाय दर्ता गरिएको छ भने 'छ' विकल्प छनौट गरि प्रश्न नं. २.१.३ सोध्नुपर्दछ र दर्ता छैन भने विकल्प 'छैन' छनौट गरी प्रश्न २.१.३ फड्को मारी प्रश्न नं. २.१.४ सोध्नुपर्दछ । यहाँ दर्ता भन्नाले सरकारी निकायमा दर्ता भएकोलाई मात्र बुझ्नुपर्दछ ।

**२.१.३ तपाईको यस व्यवसाय दर्ता (सूचिकृत) भएको निकाय कुन हो ?(बहुउत्तर सम्भव छ)**

पशुपालन व्यवसाय सञ्चालन गर्नुअघि वा सञ्चालन भैसकेपछि कुनै पनि सरकारी निकायमा दर्ता गरेको भए दर्ता गरेको मान्नुपर्दछ । दर्ता गरी सञ्चालनमा रहेका पशुपालन व्यवसाय कुन कुन निकायमा दर्ता भई सञ्चालित हो सोधी जिल्ला कृषि विकास कार्यालय/कृषि ज्ञान केन्द्र, जिल्ला पशुसेवा कार्यालय/भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, स्थानीय तह, घरेलु तथा साना उद्योग विकास समिति/कार्यालय, कम्पनी रजिष्ट्रारको कार्यालय मध्ये उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । माथिका बाहेक अरु कुनै निकायमा दर्ता भई सञ्चालन गरेको भए अन्यमा चिन्ह लगाउनु पर्दछ ।

यदि व्यवसायीले एक भन्दा बढी निकायमा व्यवसाय दर्ता गरेको भए दर्ता भएका सबै विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**२.१.४ यस व्यवसायको स्वामित्वको स्थिति के हो ?**

पशुपालन व्यवसाय सञ्चालन गर्न व्यक्ति वा संघसंस्थाद्वारा गरिएको पूँजी लगानीको हैसियतलाई स्वामित्व भन्ने बुझ्नुपर्दछ । अर्को अर्थमा “स्वामित्व” भन्नाले व्यवसायको सम्पूर्ण पूँजी र त्यसको उत्पादनको अधिकारवाला भन्ने बुझाउँछ । यस सर्वेक्षणमा स्वामित्वलाई ५ वर्गमा विभाजन गरिएको छ । पशुपालन व्यवसाय जुन प्रकारको स्वमित्वअन्तर्गत सञ्चालित छ, सोही विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

१. **व्यक्तिगत :** कुनै एक व्यक्तिले एकलौटीरूपमा आफ्नो पूँजी लगानी गरी नाफा नोक्सानी आफैले व्यहोर्ने गरी पशुपालन व्यवसाय सञ्चालनमा रहेका भए यस शिर्षकअर्न्तगत समावेश गर्नुपर्दछ ।

२. **प्राइभेट लिमिटेड** : पशुपालन व्यवसाय “प्राइभेट लिमिटेड” को रुपमा दर्ता भएको छ भने यस शिर्षकअर्न्तगत समावेश गर्नुपर्दछ ।

३. **साझेदारी :** दुई वा दुईभन्दा बढी व्यक्तिहरूले संयुक्त रूपमा कम, बढी वा समान पूँजी लगानी गरी नाफा नोक्सानी सँगोलमा सोही अनुपातमा व्यहोर्ने भनेर गरिएको सम्झौताको आधारमा खोलिएको पशुपालन व्यवसायलाई यस शिर्षकअर्न्तगत समावेश गर्नुपर्दछ ।

४. **सरकारी/अर्ध सरकारी :** नेपाल सरकारद्वारा पूर्ण सरकारी स्वामित्वमा सञ्चालन गरिएका पशुपालन व्यवसायहरूलाई नेपाल सरकारको स्वामित्व भएको मानिनेछ र नेपाल सरकारको पूर्ण स्वामित्व नभई आँशिक नेपाल सरकार तथा आँशिकरुपमा गैर सरकारी संस्थाको स्वामित्वमा सञ्चालन गरिएका व्यवसायहरू पनि यसै शिर्षकअर्न्तगत समावेश गर्नुपर्दछ ।

५. **सहकारी :** स्वेच्छापूर्वक, समानता र स्वतन्त्रताको आधारमा एकआपसमा मिलेर आफ्नो आर्थिक समुन्नतिको लागि सामूहिक प्रयास गर्न स्थापित वोर्ड वा संस्था नै सहकारी हो । यसरी सहकारी संस्थाबाट संचालित पशुपालन व्यवसाय सञ्चालनमा रहेका भए यस शिर्षकअर्न्तगत समावेश गर्नुपर्दछ ।

**२.१.५ यस व्यवसायमा आर्थिक क्रियाकलापको लगत (हिसाब किताब) राख्ने गरिएको छ ?**

पशुपालन व्यवसायले सन्दर्भ अवधिमा पशुबाट हुने उत्पादित वस्तुको परिमाण, पशुको संख्या, बिक्री परिमाण, घरायसी उपयोग, सेवा वापत प्रयोग गरिएको परिमाण, मल, बीऊ, विषादीको परिमाण, कामदारको संख्या, भुक्तानी आदिको रजिष्ट्रर वा खाता व्यवस्थापन गरी टिपोट गर्ने गरेको थियो थिएन सोधी नियमितरुपमा हिसाब किताब राख्ने गरेको भए 'छ, नियमितरुपमा', आंशिकरुपमा राख्ने गरेको भए 'छ, आंशिकरुपमा', र हिसाब किताब राख्ने गरिएको छैन भने 'छैन' विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## भाग २.२: संचालकको विवरण

**२.२.१ प्रमुख सञ्चालकको नाम**

गणना गर्न लागेको व्यवसायको व्यवस्थापन गर्ने, हिसाव किताव राख्ने, कृषि/पशुपालन सम्बन्धी गतिविधिहरुको दैनिक व्यवस्थापनको लागि मेनेजर लगायत अन्य कामदारहरुलाई जिम्मेवारी दिनसक्ने प्रमुख व्यक्तिको नाम यहाँ लेख्नुपर्दछ । प्रमुख सञ्चालक एकजना मात्र भए निजको नाम र एकभन्दा बढी सञ्चालकहरू रहेको अवस्थामा सबैभन्दा बढी समय दिने सञ्चालकको नाम लेख्नु पर्दछ ।

**२.२.२ यस व्यवसायमा कति जना संचालक सदस्य छन् ?**

व्यावसायिकरुपमा संचालन गरिएको पशुपालन व्यवसाय एक वा एकभन्दा बढी सञ्चालकहरू संलग्न रही सञ्चालनमा रहेको हुन सक्दछन् । उक्त गणना गर्न लागिएको व्यवसायमा यदि एक वा सोभन्दा बढी सञ्चालकहरू संलग्न भई सञ्चालन भएको भए कति जना संचालक सदस्यहरु छन् सोधी यस महलमा लेख्नुपर्दछ ।

**२.२.३ प्रमुख सञ्चालकको सम्पर्क नम्बर**

पशुपालन व्यवसायमा हुने सम्पूर्ण क्रियाकलाप हेर्ने प्रमुख सञ्चालकको सम्पर्क नम्बर यहाँ लेख्नुपर्दछ ।

**२.२.४ इमेल**

व्यवसायको प्रमुख सञ्चालकले प्रयोग गर्ने इमेल ठेगाना यहाँ लेख्नुपर्दछ ।

**२.२.५ प्रमुख सञ्चालकको लिङ्ग**

व्यवसायमा हुने सम्पूर्ण क्रियाकलाप हेर्ने प्रमुख सञ्चालक महिला वा पुरुष को हुन् सोहीअनुसार चिन्ह लगाउनु पर्दछ ।

**२.२.६ प्रमुख संचालकको उमेर (पूरा भएको वर्ष)**

व्यवसायको प्रमुख सञ्चालकको पूरा भएको उमेर यहाँ लेख्नुपर्दछ । प्रमुख सञ्चालनको उमेर कम्तिमा १५ वर्ष पुगेको हुनुपर्दछ ।

**२.२.७ प्रमुख संचालकको शिक्षा (अध्ययन पूरा गरेको उच्चतम तहलाई उल्लेख गर्नुपर्दछ)**

यहाँ, प्रमुख सञ्चालकले उत्तीर्ण गरेको शैक्षिक योग्यताको सबैभन्दा माथिल्लो तहलाई उल्लेख गर्नुपर्दछ । यदि, प्रमुख सञ्चालकले कुनै पनि शिक्षा हासिल नगरी पशुपालन सम्बन्धी कृयाकलाप सञ्चालन गरेको भए 'निरक्षर' भन्ने विकल्पमा, अनौपचारिक शिक्षा मात्र लिएको भए साधारण लेखपढमा चिन्ह लगाउनु पर्दछ । त्यसैगरी, कक्षा १ देखि ८ कक्षासम्म अध्ययन गरेको भए आधारभूत शिक्षामा, ९ देखि १२ कक्षासम्म अध्ययन गरेको भए माध्यामिक तहमा, र १२ कक्षाभन्दा माथि अध्ययन गरेको भए माध्यमिक तहभन्दा माथि/विश्वविद्यालय शिक्षामा चिन्ह लगाउनु पर्दछ ।

**२.२.८ प्रमुख संचालकले हाल सम्म पशुपालन व्यवसाय सम्बन्धी कुनै औपचारिक तालिम लिनु भएको छ ?**

प्रमुख सञ्चालकले गणनाको दिनसम्म पशुपालन सम्बन्धी कुनै औपचारिक तालिम लिनु भएको छ छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ। यहाँ औपचारिक तालिम भन्नाले निश्चित विधि, प्रक्रिया र विषयवस्तु समावेश भएको कम्तिमा एक दिनको तालिमलाई बुझ्नुपर्दछ।

**२.२.९ प्रमुख संचालकले पशुपालन सम्बन्धी क्रियाकलापमा कति समय दिनुहुन्छ ?**

यहाँ, सन्दर्भ वर्षमा प्रमुख सञ्चालकले गरेको विभिन्न कार्यहरु मध्ये पशुपालन व्यवसायमा दिएको समयको आधारमा उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**२.२.१० प्रमुख संचालक यस व्यवसाय बाहेक अर्को अतिरिक्त आर्थिक क्रियाकलापमा संलग्न हुनुहुन्छ ?**

सन्दर्भ वर्षमा, प्रमुख सञ्चालक पशुपालन व्यवसाय बाहेक अन्य आर्थिक क्रियाकलाप (जस्तै खानी तथा उत्खनन्, उद्योग, विद्युत्, ग्याँस तथा पानी, निर्माण, थोक तथा खुद्रा व्यापार, होटेल तथा रेस्टुराँ, यातायात, सञ्चार तथा भण्डारण, वित्तीय मध्यस्थता, घरजग्गा/व्यावसायिक सेवा, शिक्षा, स्वास्थ्य, र सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा) गरेको छ, छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ। यहाँ, सञ्चालकको पेशा (जस्तैः जागिर) नसोधी व्यवसायले चलाएको उद्यम/व्यवसाय मात्र सोधिएको हो।

**२.२.११ यस व्यवसायमा प्रवन्धक को हुनुहुन्छ ?**

व्यवसायको रेखदेख गर्ने, हिसाव किताव राख्ने, योजना बनाउने, कार्यान्वयन तथा व्यवस्थापन गर्नका लागि प्रवन्धकहरु राखिएको हुन सक्दछ। यदि पशुपालन कार्य सञ्चालनको लागि प्रवन्धक नराखी सञ्चालकले सबै काम आफै गर्दै आएको रहेछ भने सञ्चालक आफैमा चिन्ह लगाउनु पर्दछ भने सञ्चालक बाहेक अन्य व्यक्ति प्रवन्धक राखी कार्य सञ्चालन गरेको भए अन्य व्यक्ति प्रवन्धकमा चिन्ह लगाउनु पर्दछ।

# खण्ड ३
# पशुपालनसम्बन्धी विवरण

## ३.१ गाईपालन तथा उत्पादनसम्बन्धी विवरण

### ३.१.० यस व्यवसायले गणनाको दिनमा गाई/गोरु पालन गरेको छ ?

यहाँ, व्यवसायले गणनाको दिनमा गाई/गोरु, बाच्छा/बाच्छी पालन गरेको छ छैन सोधी छ भने 'छ' विकल्पमा चिन्ह लगाई यसपछिका गाईपालन सम्बन्धी विवरणहरु सोध्नुपर्दछ र छैन भने 'छैन' विकल्पमा चिन्ह लगाई प्रश्न नं. ३.२.० सोध्नुपर्दछ ।

### ३.१.१ गाई/गोरुको संख्या सम्बन्धी विवरण

**गाई/गोरुको विवरण (महल १)**

यहाँ, कुन कुन उमेर समूह तथा उक्त उमेर समूह र लिङ्ग अनुसारका गाई/गोरुको विवरण लिने भनेर विस्तृतरुपमा खुलाईएको छ । यस महलमा कुनै पनि विवरणहरु भर्नु पर्दैन तर यसपछिका महलमा भरिने विवरणहरु यसैअनुसार लिनुपर्दछ ।

**जम्मा (महल २)**

पशुपालन व्यवसायमा गणनाको दिनमा रहेका गाई/गोरु, बाच्छा/बाच्छीको जम्मा सङ्ख्या जम्माको महल २ मा लेख्नुपर्दछ ।

**स्थानीय (महल ३)**

पशुपालन व्यवसायमा गणनाको दिनमा रहेका स्थानीय गाई/गोरु, बाच्छा/बाच्छीको जम्मा सङ्ख्या यस महल ३ मा लेख्नुपर्दछ ।

**उन्नत (महल ४)**

पशुपालन व्यवसायमा गणनाको दिनमा रहेका उन्नत गाई/गोरु, बाच्छा/बाच्छीको जम्मा सङ्ख्या यस महल-४ मा लेख्नुपर्दछ ।

१ वर्षमुनिका साना बाच्छाको सङ्ख्या महल २, ३ र ४ को पहिलो लहरमा, १ वर्षमुनिका साना बाच्छीको सङ्ख्या महल २, ३ र ४ को दोस्रो लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका बाच्छाको सङ्ख्या महल २, ३ र ४ को तेस्रो लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका बाच्छीहरूको सङ्ख्या महल २, ३ र ४ को चौथो लहरमा, ३ वर्ष वा सोभन्दा माथिका गोरु/साँढेको संख्या महल २, ३ र ४ को पाँचौ लहरमा, ३ वर्ष वा सोभन्दा माथिका जम्मा गाईमध्ये दूध दिइरहेका गाईहरूको सङ्ख्या महल २, ३ र ४ को छैटौ लहरमा लेख्नुपर्दछ र गणनाको समयमा दूध नदिने गाईको सङ्ख्या महल २, ३ र ४ को सातौं लहरमा लेख्नुपर्दछ ।
**महल २, ३ र ४ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ ।**

**सन्दर्भ वर्षमा जन्मेको संख्या (महल ५)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा जन्मेको बाच्छा/बाच्छीको संख्या यस महल ५ को उपयुक्त लहरमा उल्लेख गर्नुपर्दछ । गणना गर्न गएको दिन सन्दर्भ वर्ष भन्दा पछि हुने भएको हुँदा सन्दर्भ वर्षमा जन्मेका बाच्छा/बाच्छीको उमेर एक वर्ष भन्दा बढी पनि हुनसक्ने हुँदा यस्तो अवस्थामा १ वर्ष देखि ३ वर्ष मुनीको उमेर समूह अन्तर्गत बाच्छा/बाच्छीको संख्या पनि उल्लेख गर्नुपर्ने हुनसक्दछ । त्यसपछिका लहरहरुमा सो प्रश्न सोध्नु पर्दैन ।

**सन्दर्भ वर्षमा मृत्युसम्बन्धी विवरण (महल ६, ७, ८)**

यहाँ पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा मृत्युभएका गाई/गोरु, बाच्छा/बाच्छीको सङ्ख्या बुझ्न खोजिएको छ। यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले वा दुर्घटनाले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ६ मा उल्लेख गर्नुपर्दछ। प्राकृतिक रुपले भन्नाले बुढो भई कालगतिले वा उमेर पुगी मृत्यु भएको भन्ने बुझ्नुपर्दछ भने कुनै दुर्घटनाले भन्नाले बाघ भालुले खाएर वा लडेर वा किचिएर आदिको कारणले मृत्यु भएको भन्ने बुझ्नुपर्दछ। त्यसैगरि सन्दर्भ वर्षमा रोग तथा महामारीको कारण (जस्तैः खोरेत आदि)ले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ७ मा र प्राकृतिक विपत् प्रकोप (जस्तैः बाढी, पहिरो, चट्याङ, भुकम्प आदि)को कारणले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ८ मा उल्लेख गर्नुपर्दछ।

**सन्दर्भ वर्षमा हराएको संख्या (महल ९)**

यहाँ पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी हराएको भए यस महल ९ मा उमेर समूहअनुसार क्रमशः हराएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा  सित्तैमा अरुलाई दिइएको संख्या (महल १०)**

यस महल अन्तर्गत पशुपालन व्यवसायले सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी अरुलाई सित्तैमा दिइएको भए यहाँ उमेर समूहअनुसार क्रमशः सित्तैमा दिइएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा खरिद गरिएको संख्या (महल ११)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी खरिद गरिएको भए महल ११ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको संख्या (महल १२)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी बिक्री गरिएको भए महल १२ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको भए जम्मा बिक्री मुल्य (रु.) (महल १३)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी बिक्री गरिएको भए महल १३ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरेको जम्मा मूल्य रुपैंयामा लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या (महल १४)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि गाई/गोरु, बाच्छा/बाच्छी पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १४ मा उमेर समूहअनुसार क्रमशः पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या लेख्नुपर्दछ।

### ३.१.२ जात अनुसार ३ वर्ष वा सोभन्दा माथिका गाईको संख्या तथा दूध उत्पादन

**गाईको जात (महल ३)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका निम्नानुसारका गाईहरुको जात स्थानीय, जर्सी/जर्सी क्रसब्रिड, होलिस्टिन/होलिस्टिन क्रसब्रिड अनुसारको विवरण यस पछिका महलहरुमा लिनु पर्दछ। माथि उल्लेख गरिएका उन्नत जातका गाईहरु बाहेक अन्य उन्नत जातका गाई पालन गरिएको छ भने अन्यको हरफमा सो जातको विवरणहरु लिनु पर्दछ।

**जातअनुसार गाईको संख्या (महल ४)**

गणनाको दिनमा पशुपालन व्यवसायमा भएका जातअनुसार (स्थानीय, जर्सी/जर्सी क्रसब्रिड, होलिस्टिन/होलिस्टिन क्रसब्रिड, अन्य) गाईको संख्या महल ४ मा लेख्नुपर्दछ। यहाँ उल्लेख गरिएका गाईको

जम्मा संख्या माथी प्रश्न नं. ३.१.१ मा उल्लेख गरिएको ३ वर्ष वा सोभन्दा माथि उमेर समूहका गाईको जम्मा संख्यासंग (दूध दिने र नदिने) मिलेको हुनुपर्दछ ।

**हाल दूध दिईरहेका गाईको संख्या (महल ५)**

गणनाको दिनमा पशुपालन व्यवसायमा दूध दिईरहेका जातअनुसार (स्थानीय, जर्सी/जर्सी क्रसब्रिड, होलिस्टिन/होलिस्टिन क्रसब्रिड, अन्य उन्नत) गाईको संख्या महल ५ मा लेख्नुपर्दछ । यहाँ उल्लेख गरिएका दूध दिने गाईको जम्मा संख्या माथी प्रश्न नं. ३.१.१ मा उल्लेख गरिएको ३ वर्ष वा सोभन्दा माथि उमेर समूहका दूध दिने गाईको जम्मा संख्यासंग मिलेको हुनुपर्दछ ।

**बाच्छा बाच्छीलाई दूध चुसाउनु हुन्छ ? (महल ६)**

गणनाको दिनमा पशुपालन व्यवसायमा दूध दिईरहेका जातअनुसार (स्थानीय, जर्सी/जर्सी क्रसब्रिड, होलिस्टिन/होलिस्टिन क्रसब्रिड, अन्य उन्नत) गाईको दूध बाच्छा बाच्छीलाई चुसाउने गर्नु भएको छ छैन सोधी उपयुक्त विकल्प महल ६ मा छान्नुपर्दछ ।

**प्रति दिन औषत दूध उत्पादन (लिटर) (महल ७)**

गणनाको दिनमा पशुपालन व्यवसायमा दूध दिईरहेका जातअनुसार (स्थानीय, जर्सी/जर्सी क्रसब्रिड, होलिस्टिन/होलिस्टिन क्रसब्रिड, अन्य उन्नत) को  गाईहरुले प्रति दिन औषत कति दूध दिन्छ सोधी उत्पादन लिटरमा महल ७ अन्तर्गत लेख्नुपर्दछ । जस्तैः व्यवसायमा पालन गरिएका ५ वटा जर्सी गाईले बिहान वेलुका गरि दैनिक जम्मा २५ लिटर दूध दिन्छन भने उक्त दिनको औषत उत्पादन २५ लि. नै लेख्नु पर्दछ ।

**दूध दिने औषत महिना (महल ८)**

गणनाको दिनमा यस व्यवसायमा दूध दिईरहेका जातअनुसार (स्थानीय, जर्सी/जर्सी क्रसब्रिड, होलिस्टिन/होलिस्टिन क्रसब्रिड, अन्य उन्नत) को गाईले एक वेतमा औषत कति महिना दूध दिने गरेको छ सोधी उक्त महिना महल ८ मा लेख्नुपर्दछ । यहाँ औषत महिना भन्नाले एउटा गाईले एक वेतमा दूध दिने समयलाई बुझ्नु पर्दछ ।

**३.१.३ पछिल्लो हप्तामा उत्पादित दूधको उपयोगसम्बन्धी विवरण**

यहाँ, गणनाको दिन भन्दा अघिल्लो हप्तामा पशुपालन व्यवसायमा उत्पादित दूधको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

यदि, व्यवसायमा गणनाको दिन भन्दा अघिल्लो हप्तामा उत्पादित दूध बिक्री गरिएको भए कति लिटर दूध बिक्री गरिएको थियो । यहाँ बिक्री गरिएको दूधको परिमाण लिटरमा उल्लेख गर्नुपर्दछ ।

यदि, व्यवसायमा उत्पादित दूध व्यवसायमै प्रशोधन गरिएको भए कति लिटर दूध प्रशोधनको लागि प्रयोग गरिएको थियो यहाँ उल्लेख गर्नुपर्दछ । यहाँ, प्रशोधनमा प्रयोग गरिएको दूध भन्नाले दही, ध्यू, पनिर, चिज आदि बनाउन प्रयोग गरिएको दूधलाई बुझ्नु पर्दछ ।

यदि, उक्त दूध आफ्नै उपभोगको लागि प्रयोग गरिएको भए आफैले कति लिटर दूध प्रयोग गरियो यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि, व्यवसायमा उत्पादित दूध बाच्छा बाच्छीकालागि दिएको भए कति लिटर दूध दिइएको थियो यहाँ उल्लेख गर्नुपर्दछ ।

यदि, व्यवसायमा उत्पादित दूध नोक्सान भएको भए कति लिटर दूध नोक्सान भएको थियो यहाँ उल्लेख गर्नुपर्दछ । यहाँ, नोक्सान भएको दूध भन्नाले फाटेर, पोखिएर वा अन्य तरिकाले खेर गएको दूधलाई बुझ्नु पर्दछ ।

यदि, व्यवसायमा उत्पादित दूध अन्य तरिकाले प्रयोग भएको भए कति लिटर दूध अन्य प्रयोजनका लागि प्रयोग भएको थियो प्रयोजन खुलाई यहाँ उल्लेख गर्नुपर्दछ ।

**३.१.४ दूध बिक्री गरिएको भएमा, प्रति लिटर औषत मूल्य (रु.)**

यदि, पशुपालन व्यवसायमा उत्पादित दूध बिक्री गरिएको भए प्रति लिटर औषत मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.१.५ सन्दर्भ वर्षमा गाईको दूधकोलागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित दूध विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**३.१.६ सन्दर्भ वर्षमा, गाईको दूध बिक्रीकोलागि गरिएको बजार सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित दूध विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.१.७ सन्दर्भ वर्षमा गाईगोरुको लागि मुख्य आहारको व्यवस्था के थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले गाईगोरुका लागि मुख्य आहारको व्यवस्थापन यी तीन विकल्पहरुः दाना, घाँस पराल वा चरन मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.१.८ सन्दर्भ वर्षमा प्रयोग गरिएको आहारको स्रोत के के थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले गाईगोरुका लागि व्यवस्थापन गरिएको आहारको स्रोतहरु आफ्नै उत्पादन, खरिद गरिएको, साझा चौर चरन, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**३.१.९ सन्दर्भ वर्षमा, यस व्यवसायमा भएको गाईगोरुको लागि व्यवस्था गरिएको गोठ कुन किसिमको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा भएको गाईगोरुको लागि व्यवस्था गरिएको गोठ व्यवस्थित, अर्धव्यवस्थित, अव्यवस्थित मध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित गोठ**

**व्यवस्थित गोठ भन्नाले** सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पशु राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरि बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित गोठ**

**अर्धव्यवस्थित गोठ भन्नाले** सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पशु राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित गोठ**

**अव्यवस्थित गोठ भन्नाले** सामन्यतया छानो हालेर खुल्लारुपमा पशु राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**३.१.१० सन्दर्भ वर्षमा, यस व्यवसायमा प्रजनन प्रयोजनको लागि साँढे/गोरु पालिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले प्रजनन प्रयोजनको लागि मात्र साँढे/गोरु पालिएको थियो थिएन सोधी थियो भने 'थियो' विकल्पमा चिन्ह लगाई उक्त प्रजनन प्रयोजनको लागि पालिएका साँढे/गोरुको संख्या समेत उल्लेख गर्नुपर्दछ ।

## ३.२ भैंसीपालन तथा उत्पादनसम्बन्धी विवरण

### ३.२.० यस व्यवसायले गणनाको दिनमा भैंसी/राँगा पालन गरेको छ ?

यहाँ, व्यवसायले गणनाको दिनमा भैंसी/राँगा, पाडा/पाडी पालन गरेको छ छैन सोधी छ भने 'छ' विकल्पमा चिन्ह लगाई यसपछिका भैँसीपालन सम्बन्धी विवरणहरु सोध्नुपर्दछ र छैन भने 'छैन' विकल्पमा चिन्ह लगाई प्रश्न नं. ३.३.० सोध्नुपर्दछ ।

### ३.२.१ भैंसी/राँगाको संख्या सम्बन्धी विवरण

**भैंसी/राँगाको विवरण (महल १)**

यहाँ, कुन कुन उमेर समूह तथा उक्त उमेर समूह र लिङ्ग अनुसारका भैंसी/राँगाको विवरण लिने भनेर विस्तृतरुपमा खुलाईएको छ । यस महलमा कुनै पनि विवरणहरु भर्नु पर्दैन तर यसपछिका महलमा भरिने विवरणहरु यसैअनुसार लिनुपर्दछ ।

**जम्मा (महल २)**

पशुपालन व्यवसायमा गणनाको दिनमा रहेका भैंसी/राँगा, पाडा/पाडीको जम्मा सङ्ख्या जम्माको महल २ मा लेख्नुपर्दछ ।

**स्थानीय (महल ३)**

पशुपालन व्यवसायमा गणनाको दिनमा रहेका स्थानीय भैंसी/राँगा, पाडा/पाडीको जम्मा सङ्ख्या यस महल ३ मा लेख्नुपर्दछ ।

**उन्नत (महल ४)**

पशुपालन व्यवसायमा गणनाको दिनमा रहेका उन्नत भैंसी/राँगा, पाडा/पाडीको जम्मा सङ्ख्या यस महल-४ मा लेख्नुपर्दछ ।

१ वर्षमुनिका साना पाडाको सङ्ख्या महल २, ३ र ४ को पहिलो लहरमा, १ वर्षमुनिका साना को सङ्ख्या महल २, ३ र ४ को दोस्रो लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका पाडाको सङ्ख्या महल २, ३ र ४ को तेस्रो लहरमा, १ वर्षदेखि ३ वर्षमुनिका पाडीहरूको सङ्ख्या महल २, ३ र ४ को चौथो लहरमा, ३ वर्ष वा सोभन्दा माथिका राँगाको संख्या महल २, ३ र ४ को पाँचौ लहरमा, ३ वर्ष वा सोभन्दा माथिका जम्मा भैंसीमध्ये दूध दिइरहेका भैंसीहरूको सङ्ख्या महल २, ३ र ४ को छैटौ लहरमा लेख्नुपर्दछ र गणनाको समयमा दूध नदिने भैंसीको सङ्ख्या महल २, ३ र ४ को सातौं लहरमा लेख्नुपर्दछ ।
**महल २, ३ र ४ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ ।**

**सन्दर्भ वर्षमा जन्मेको संख्या (महल ५)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा जन्मेको पाडा/पाडीको संख्या यस महल ५ को उपयुक्त लहरमा उल्लेख गर्नुपर्दछ । गणना गर्न गएको दिन सन्दर्भ वर्ष भन्दा पछि हुने भएको हुँदा सन्दर्भ वर्षमा जन्मेका पाडा/पाडीको उमेर एक वर्ष भन्दा बढी पनि हुनसक्ने हुँदा यस्तो अवस्थामा १ वर्ष देखि ३ वर्ष मुनीको उमेर समूह अन्तर्गत पाडा/पाडीको संख्या पनि उल्लेख गर्नुपर्ने हुनसक्दछ । त्यसपछिका लहरहरुमा सो प्रश्न सोध्नु पर्दैन ।

**सन्दर्भ वर्षमा मृत्युसम्बन्धी विवरण (महल ६, ७, ८)**

यहाँ पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा मृत्युभएका भैंसी/राँगा, पाडा/पाडीको सङ्ख्या बुझ्न खोजिएको छ । यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले वा दुर्घटनाले भैंसी/राँगा, पाडा/पाडीको मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ६ मा उल्लेख गर्नुपर्दछ । प्राकृतिक रुपले भन्नाले बुढो भई कालगतिले वा उमेर पुगी

मृत्यु भएको भन्ने बुझ्नुपर्दछ भने कुनै दुर्घटनाले भन्नाले बाघ भालुले खाएर वा लडेर वा किचिएर आदि कारणले मृत्यु भएको भन्ने बुझ्नुपर्दछ । त्यसैगरि सन्दर्भ वर्षमा रोग तथा महामारीको कारण (जस्तैः खोरेत......आदि)ले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ७ मा र प्राकृतिक विपत् प्रकोप ( जस्तैः बाढी, पहिरो, चट्याङ, भुकम्प आदि)को कारणले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ८ मा उल्लेख गर्नुपर्दछ ।

**सन्दर्भ वर्षमा हराएको संख्या (महल ९)**

यहाँ पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी हराएको भए यस महल ९ मा उमेर समूहअनुसार क्रमशः हराएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा सित्तैमा अरुलाई दिइएको संख्या (महल १०)**

यस महल अन्तर्गत पशुपालन व्यवसायले सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी अरुलाई सित्तैमा दिइएको भए यहाँ उमेर समूहअनुसार क्रमशः सित्तैमा दिइएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा खरिद गरिएको संख्या (महल ११)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी खरिद गरिएको भए महल ११ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको संख्या (महल १२)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी बिक्री गरिएको भए महल १२ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको भए जम्मा बिक्री मुल्य रु. (महल १३)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी बिक्री गरिएको भए महल १३ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरेको जम्मा मूल्य रुपैंयामा लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या (महल १४)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भैंसी/राँगा, पाडा/पाडी पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १४ मा यसरी प्राप्त गरिएको संख्या उमेर समूहअनुसार क्रमशः लेख्नुपर्दछ ।

### ३.२.२ जातअनुसार ३ वर्ष वा सोभन्दा माथिका भैंसीको संख्या तथा दूध उत्पादन

**भैंसीको जात (महल ३)**

यस महलमा भैंसीको जातहरुको नाम स्थानीय, मुर्रा, मुर्रा क्रस, निलिराभी, अन्य (उन्नत) लेखिएको छ । यस पछिका महलहरुमा भैंसीको उक्त जात अनुसार दूध उत्पादन सम्बन्धी विवरणहरु लिनुपर्दछ ।

**जातअनुसार भैंसीको संख्या (महल ४)**

गणनाको दिनमा व्यवसायमा भएका जातअनुसार (स्थानीय, मुर्रा, मुर्रा क्रस, निलिराभी, अन्य उन्नत) भैंसीको संख्या महल ४ मा लेख्नुपर्दछ । यहाँ उल्लेख गरिएका भैंसीको जम्मा संख्या माथि प्रश्न नं. ३.२.१ मा उल्लेख गरिएको ३ वर्ष वा सोभन्दा माथि उमेर समूहका भैंसीको जम्मा संख्यासंग (दूध दिने र नदिने) मिलेको हुनुपर्दछ ।

**हाल दूध दिइरहेका भैंसीको संख्या (महल ५)**
गणनाको दिनमा व्यवसायमा रहेका दूध दिइरहेका भैंसीको संख्या जातअनुसार (स्थानीय, मुर्रा, मुर्रा क्रस, निलिराभी, अन्य उन्नत) क्रमशः महल ५ मा लेख्नुपर्दछ। यहाँ उल्लेख गरिएका दूध दिने भैंसीको जम्मा संख्या माथि प्रश्न नं. ३.२.१ मा उल्लेख गरिएको ३ वर्ष वा सोभन्दा माथि उमेर समूहका दूध दिने भैंसीको जम्मा संख्यासंग मिलेको हुनुपर्दछ।

**पाडा पाडीलाई दूध चुसाउनु हुन्छ ? (महल ६)**
गणनाको दिनमा पशुपालन व्यवसायमा दूध दिईरहेका जातअनुसार (स्थानीय, मुर्रा, मुर्रा क्रस, निलिराभी, अन्य उन्नत) भैंसीको पाडा पाडीलाई दूध चुसाउने गर्नु भएको छ छैन सोधी उपयुक्त विकल्प महल ६ मा छान्नुपर्दछ।

**प्रति दिन औषत दूधको उत्पादन लिटर (महल ७)**
गणनाको दिनमा पशुपालन व्यवसायमा दूध दिईरहेका जातअनुसार (स्थानीय, मुर्रा, मुर्रा क्रस, निलिराभी, अन्य उन्नत) को भैंसीहरुले प्रति दिन औषत कति दूध दिन्छ सोधी उत्पादन लिटरमा महल ७ अन्तर्गत लेख्नुपर्दछ। जस्तैः पशुपालन व्यवसायमा पालन गरिएका ५ वटा मुर्रा भैंसीले बिहान वेलुका गरी दैनिक जम्मा ४० लिटर दूध दिन्छन भने उक्त दिनको औषत उत्पादन ४० लिटर लेख्नु पर्दछ।

**दूध दिने औषत महिना (महल ८)**
गणनाको दिनमा पशुपालन व्यवसायमा दूध दिईरहेका जातअनुसार (स्थानीय, मुर्रा, क्रस, निलिराभी, अन्य उन्नत) को भैंसीले एक वेतमा औषत कति महिना दूध दिने गरेको छ सोधी उक्त महिना महल ८ मा लेख्नुपर्दछ। यहाँ औषत महिना भन्नाले एउटा भैंसीले एक वेतमा दूध दिने समयलाई बुझ्नु पर्दछ।

### ३.२.३ पछिल्लो हप्तामा उत्पादित दूधको उपयोगसम्बन्धी विवरण

यहाँ, गणनाको दिन भन्दा अघिल्लो हप्तामा पशुपालन व्यवसायमा उत्पादित दूधको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो।

यदि पशुपालन व्यवसायमा गणनाको दिन भन्दा अघिल्लो हप्तामा उत्पादित दूध बिक्री गरिएको भए कति लिटर दूध बिक्री गरिएको थियो यहाँ बिक्री गरिएको दूधको परिमाण लिटरमा उल्लेख गर्नुपर्दछ।

यदि पशुपालन व्यवसायमा उत्पादित दूध व्यवसायमै प्रशोधन गरिएको भए कति लिटर दूध प्रशोधनको लागि प्रयोग गरिएको थियो यहाँ उल्लेख गर्नुपर्दछ। यहाँ, प्रशोधनमा प्रयोग गरिएको दूध भन्नाले दही, घ्यू, पनिर, चिज आदि बनाउन प्रयोग गरिएको दूधलाई बुझ्नु पर्दछ।

यदि उक्त दूध आफ्नै उपभोगको लागि प्रयोग गरिएको भए आफैले कति लिटर दूध प्रयोग गरियो यहाँ उल्लेख गर्नुपर्दछ।

यदि पशुपालन व्यवसायमा उत्पादित दूध पाडा पाडीका लागि दिएको भए कति लिटर दूध दिइएको थियो यहाँ उल्लेख गर्नुपर्दछ।

यदि पशुपालन व्यवसायमा उत्पादित दूध नोक्सान भएको भए कति लिटर दूध नोक्सान भएको थियो यहाँ उल्लेख गर्नुपर्दछ। यहाँ, नोक्सान भएको दूध भन्नाले फाटेर, पोखिएर वा अन्य तरिकाले खेर गएको दूधलाई बुझ्नु पर्दछ।

यदि पशुपालन व्यवसायमा उत्पादित दूध अन्य तरिकाले प्रयोग भएको भए कति लिटर दूध अन्य प्रयोजनका लागि प्रयोग भएको थियो प्रयोजन खुलाई यहाँ उल्लेख गर्नुपर्दछ।

### ३.२.४ दूध बिक्रि गरिएको भएमा, प्रति लिटर औषत मूल्य (रु.)

यदि, पशुपालन व्यवसायमा उत्पादित दूध बिक्री गरिएको भए प्रति लिटर औषत मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ।

**३.२.५ भैंसीको दूधकोलागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित दूध विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**३.२.६ सन्दर्भ वर्षमा, भैंसीको दूध बिक्रीको लागि गरिएको बजार सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटद्छ ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित दूध विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ प्रतिशतमा उल्लेख गर्नुपर्दछ ।

**३.२.७ सन्दर्भ वर्षमा यस व्यवसायभित्र मासुको लागि राँगा/पाडा/भैंसीको बध गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि **राँगा/पाडा/भैंसीको** बध गरिएको थियो थिएन सोधी बध गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**३.२.८ यस व्यवसायभित्र मासुको लागि बध गरिएको राँगा/पाडा/भैंसीको बारेमा निम्न जानकारी दिनुहोस् ।**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि राँगा/पाडा/भैंसीको बध गरिएको थियो भने बध गरिएको राँगा/पाडा/भैंसीको संख्या कति थियो लेख्नुपर्दछ । साथै, उक्त बध गरिएको राँगा/पाडा/भैंसीको बध गरेपछि जम्मा तौल कति थियो सोधी के.जी. मा लेख्नुपर्दछ ।

**३.२.९ सन्दर्भ वर्षमा, राँगा/पाडा/भैंसीको मासुको उपयोगसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा बध गरिएका राँगा/पाडा/भैंसीबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

यदि पशुपालन व्यवसायमा बध गरिएका राँगा/पाडा/भैंसीको मासु आफैले मात्र उपभोग नगरी बिक्री गरेको भए कति परिमाण बिक्री गरेको हो सोधी बिक्री गरिएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त मासु आफैले उपभोग गरेको भए कति परिमाण आफैले उपभोग गरेको हो सोधी आफ्नै उपभोगको लागि प्रयोग गरेको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त बध गरिएको मासु सेवा वा साधन प्रदायकहरुलाई दिएको भए कति परिमाण सेवा वा साधन प्रदायकहरुलाई दिइएको हो सोधी सेवा वा साधन प्रदायकहरुलाई दिएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त बध गरिएको मासु कुनै प्रकोपका कारणले प्रयोग गर्न नसकी खेर गएको भए खेर गएको परिमाण 'कुनै प्रकोपका कारणले भण्डारण गर्दा खेर गएको परिमाण' अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

**३.२.१० मासु विक्री गरिएको भए, प्रति के.जी. औषत मूल्य** (रु.)

यदि पशुपालन व्यवसायमा उत्पादित मासु बिक्री गरिएको भए प्रति एकाइ औषत मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.२.११ सन्दर्भ वर्षमा राँगा/पाडा/भैंसीको मासुको लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित राँगा/पाडा/भैंसीको मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**३.२.१२ सन्दर्भ वर्षमा मासुको लागि गरिएको बजार सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित राँगा/पाडा/भैंसीको मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.२.१३ सन्दर्भ वर्षमा भैसी/राँगाको लागि मुख्य आहारको व्यवस्था के थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले भैंसी/राँगाका लागि मुख्य आहारको व्यवस्थापन यी तीन विकल्पहरुः दाना, घाँस पराल वा चरन मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.२.१४ सन्दर्भ वर्षमा प्रयोग गरिएको आहारको स्रोत के के थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले भैंसी/राँगाका लागि व्यवस्थापन गरिएको मुख्य आहारको स्रोतहरु आफ्नै उत्पादन, खरिद गरिएको, साझा चौर चरन र साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**३.२.१५ सन्दर्भ वर्षमा, यस व्यवसायमा भएको भैंसी/राँगाको लागि व्यवस्था गरिएको गोठ कुन किसिमको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा भएको भैंसी/राँगाको लागि व्यवस्था गरिएको गोठ व्यवस्थित, अर्धव्यवस्थित, अव्यवस्थित मध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित गोठ**

**व्यवस्थित गोठ भन्नाले** सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पशु राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरी बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित गोठ**

**अर्धव्यवस्थित गोठ भन्नाले** सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर पशु राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित गोठ**

**अव्यवस्थित गोठ भन्नाले** सामन्यतया छानो हालेर खुल्लारुपमा पशु राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**३.२.१६ सन्दर्भ वर्षमा, यस व्यवसायमा प्रजनन प्रयोजनको लागि राँगा पालिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले प्रजनन प्रयोजनको लागि राँगा पालेको थियो थिएन सोधी थियो भने थियो विकल्पमा चिन्ह लगाई उक्त प्रजनन प्रयोजनको लागि पालिएका राँगाको संख्या समेत उल्लेख गर्नुपर्दछ ।

## ३.३ बाख्रा/च्याङ्ग्रापालन तथा उत्पादनसम्बन्धी विवरण

**३.३.०(१) यस व्यवसायले गणनाको दिनमा बाख्रापालन गरेको छ ?**

यहाँ, व्यवसायले गणनाको दिनमा बाख्रापालन गरेको छ छैन सोधी छ भने 'छ' विकल्पमा चिन्ह लगाई यसपछिका बाख्रापालन सम्बन्धी विवरणहरु सोध्नुपर्दछ र छैन भने 'छैन' विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

३.३.०(२) **यस व्यवसायले गणनाको दिनमा च्याङ्ग्रापालन गरेको छ ?**

यहाँ, व्यवसायले गणनाको दिनमा च्याङ्ग्रापालन गरेको छ छैन सोधी छ भने 'छ' विकल्पमा चिन्ह लगाई यसपछिका च्याङ्ग्रापालन सम्बन्धी विवरणहरु प्रश्न ३.३.१ अर्न्तगत सोध्नुपर्दछ र छैन भने 'छैन' विकल्पमा चिन्ह लगाउनुपर्दछ । यदि यहाँ बाख्रा तथा च्याङ्ग्रा दुबै पालन गरिएको छैन भने बाख्रा/च्याङ्ग्रापालन सम्बन्धी विवरण नसोधी प्रश्न नं. ३.४.० सोध्नुपर्दछ ।

३.३.१ **बाख्रा/च्याङ्ग्रापालन संख्यासम्बन्धी विवरण**

**जम्मा (महल २)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका बाख्रा/च्याङ्ग्राको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै जम्मा सङ्ख्या जम्माको महल २ मा लेख्नुपर्दछ ।

**स्थानीय (महल ३)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका बाख्रा/च्याङ्ग्राको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै स्थानीय जातको जम्मा सङ्ख्या महल ३ मा लेख्नुपर्दछ ।

**उन्नत (महल ४)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका बाख्रा/च्याङ्ग्राको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै उन्नत जातको जम्मा सङ्ख्या महल ४ मा लेख्नुपर्दछ । यस महलमा च्याङ्ग्राको उन्नत जात नभएको हुँदा च्याङ्ग्राको लागि उन्नत खुलाउनु पर्दैन ।

बाख्राको लागि ६ महिना मुनिका साना पाठाको सङ्ख्या महल २, ३ र ४ को पहिलो लहरमा, ६ महिना मुनिका साना पाठीको सङ्ख्या महल २, ३ र ४ को दोस्रो लहरमा, ६ महिनामाथिको खसी बोकाको सङ्ख्या महल २, ३ र ४ को तेस्रो लहरमा, ६ महिनामाथिको बाख्राको सङ्ख्या महल २, ३ र ४ को चौथो लहरमा लेख्नुपर्दछ । त्यसैगरि च्याङ्ग्राको लागि ६ महिना मुनिका साना पाठाको सङ्ख्या महल २ र ३ को पाँचौ लहरमा, ६ महिना मुनिका साना पाठीको सङ्ख्या महल २ र ३ को छैंठौ लहरमा, ६ महिनामाथिको भाले च्याङ्ग्राको सङ्ख्या महल २ र ३ को सातौं लहरमा, ६ महिनामाथिको पोथी च्याङ्ग्राको सङ्ख्या महल २ र ३ को आठौं लहरमा लेख्नुपर्दछ । **महल** २, ३ र ४ **को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ ।**

**सन्दर्भ वर्षमा जन्मेको संख्या (महल ५)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा बाख्राका जन्मेको ६ महिना मुनिका पाठाको संख्या महल ६ को पहिलो लहरमा तथा ६ महिना मुनिका पाठीको संख्या महल ६ को दोस्रो लहरमा, ६ महिना माथिका खसी बोकाको संख्या महल ६ को तेस्रो लहरमा तथा ६ महिना माथिका बाख्राको संख्या महल ६ को चौथो लहरमा उल्लेख गर्नुपर्दछ । त्यसैगरि सन्दर्भ वर्षमा च्याङ्ग्राका जन्मेको ६ महिना मुनिका पाठाको संख्या महल ६ को पाँचौ लहरमा तथा ६ महिना मुनिका पाठीको संख्या महल ६ को छैंठो लहरमा, ६ महिना माथिका भाले च्याङ्ग्राको संख्या महल ६ को सातौं लहरमा तथा ६ महिना माथिका पोथी च्याङ्ग्राको संख्या महल ६ को आठौं लहरमा उल्लेख गनुपर्दछ ।

**सन्दर्भ वर्षमा मृत्युसम्बन्धी विवरण (महल ६, ७, ८)**

यहाँ पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा मृत्युभएका खसी/बोका/बाख्रा/च्याङ्ग्रा तथा पाठा/पाठीको सङ्ख्या बुझ्न खोजिएको छ । यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले वा दुर्घटनाले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ६ मा उल्लेख गर्नुपर्दछ । प्राकृतिक रुपले भन्नाले बुढो भई कालगतिले वा उमेर पुगी मृत्यु

भएको भन्ने बुझ्नुपर्दछ भने कुनै दुर्घटनाले भन्नाले बाघ भालुले खाएर वा लडेर वा किचिएर आदिको कारणले मृत्यु भएको भन्ने बुझ्नुपर्दछ। त्यसैगरि सन्दर्भ वर्षमा रोग तथा महामारीको कारणले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ७ मा र प्राकृतिक विपत् प्रकोप (जस्तैः बाढी, पहिरो, चट्याङ, भुकम्प आदि)को कारणले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ८ मा उल्लेख गर्नुपर्दछ।

**सन्दर्भ वर्षमा हराएको संख्या (महल ९)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि खसी/बोका/बाख्रा/च्याङ्ग्रा तथा पाठा/पाठी हराएको भए महल ९ मा उमेर समूहअनुसार क्रमशः हराएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा सित्तैमा अरुलाई दिइएको संख्या (महल १०)**
यस महल अन्तर्गत पशुपालन व्यवसायले सन्दर्भ वर्षमा यदि खसी/बोका/बाख्रा/च्याङ्ग्रा तथा पाठा/पाठी अरुलाई सित्तैमा दिइएको भए यहाँ उमेर समूहअनुसार सित्तैमा दिइएको संख्या क्रमशः लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा खरिद गरिएको संख्या (महल ११)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि खसी/बोका/बाख्रा/च्याङ्ग्रा तथा पाठा/पाठी खरिद गरिएको भए महल ११ मा उमेर समूहअनुसार खरिद गरिएको संख्या क्रमशः लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको संख्या (महल १२)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि खसी/बोका/बाख्रा/च्याङ्ग्रा तथा पाठा/पाठी बिक्री गरिएको भए महल १२ मा उमेर समूहअनुसार बिक्री गरिएको संख्या क्रमशः लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको भए जम्मा बिक्री मुल्य (महल १३)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि खसी/बोका/बाख्रा/च्याङ्ग्रा तथा पाठा/पाठी बिक्री गरिएको भए महल १३ मा उमेर समूहअनुसार बिक्री गरेको जम्मा मूल्य रुपैंयामा क्रमशः लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या (महल १४)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि खसी/बोका/बाख्रा/च्याङ्ग्रा तथा पाठा/पाठी पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १४ मा उमेर समूहअनुसार पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या क्रमशः लेख्नुपर्दछ।

**३.३.२ गणनाको दिनमा व्यवसायमा पालिएका उन्नत बाख्राहरुको जात अनुसार संख्या**
यहाँ पशुपालन व्यवसायले गणनाको दिनमा पालेका उन्नत बाख्राहरुको जात अनुसारको संख्या उल्लेख गर्नुपर्दछ। यहाँ ८ किसिमका उन्नत बाख्राहरुको जात दिइएको छ। प्रत्येकको जात अनुसारको छुट्टा छुट्टै संख्या उल्लेख गर्नुपर्दछ। यदि सो ८ किसिमको बाहेक अन्य उन्नत जातको बाख्रा पालिएका भए अन्य (उन्नत) अन्तर्गत संख्या उल्लेख गर्नुपर्दछ।

**३.३.३(१) सन्दर्भ वर्षमा यस व्यवसायभित्र मासुको लागि खसी/बोकाको बध गरिएको थियो ?**
सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि खसी/बोकाको बध गरिएको थियो थिएन सोधी गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ।

**३.३.३(२) सन्दर्भ वर्षमा यस व्यवसायभित्र मासुको लागि च्याङ्ग्राको बध गरिएको थियो ?**
सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि च्याङ्ग्राको बध गरिएको थियो थिएन सोधी गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ।

**३.३.४ यस व्यवसायभित्र मासुको लागि बध गरिएको खसी/बोका/च्याङ्ग्राको बारेमा जानकारी दिनुहोस् ।**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि खसी/बोका तथा च्याङ्ग्राको बध गरिएको थियो भने बध गरिएको खसी/बोका तथा च्याङ्ग्राको संख्या कति थियो लेख्नुपर्दछ । साथै, उक्त बध गरिएको खसी/बोका तथा च्याङ्ग्राको बध गरेपछि जम्मा प्राप्त तौल कति थियो सोधी के.जी. मा लेख्नुपर्दछ ।

**३.३.५ सन्दर्भ वर्षमा, खसी/बोका/च्याङ्ग्राको मासुको उपयोगसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा बध गरिएका खसी/बोका तथा च्याङ्ग्राबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

यदि पशुपालन व्यवसायमा बध गरिएका खसी/बोका/च्याङ्ग्राको मासु आफैले मात्र उपभोग नगरी बिक्री गरेको भए कति परिमाण बिक्री गरेको हो सोधी बिक्री गरिएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त मासु आफैले उपभोग गरेको भए कति परिमाण आफैले उपभोग गरेको हो सोधी आफ्नै उपभोगको लागि प्रयोग गरेको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त बध गरिएको मासु सेवा वा साधन प्रदायकहरुलाई दिएको भए कति परिमाण सेवा वा साधन प्रदायकहरुलाई दिइएको हो सोधी सेवा वा साधन प्रदायकहरुलाई दिएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त बध गरिएको मासु कुनै प्रकोपका कारणले प्रयोग गर्न नसकी खेर गएको भए खेर गएको परिमाण 'कुनै प्रकोपका कारणले भण्डारण गर्दा खेर गएको परिमाण' अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

**३.३.६ मासु विक्री गरिएको भए, प्रति के.जी. औषत मूल्य (रु.)**

यदि पशुपालन व्यवसायमा उत्पादित मासु बिक्री गरिएको भए खसी/बोका र च्याङ्ग्राको छुट्टा छुट्टै प्रति के.जी. औषत बिक्री मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.३.७ सन्दर्भ वर्षमा, खसी/बोका/च्याङ्ग्राको मासुका लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित खसी/बोका/च्याङ्ग्राको मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**३.३.८ सन्दर्भ वर्षमा मासुको लागि गरिएको बजार सम्झौताले मासुको कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित खसी/बोका/च्याङ्ग्राको मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.३.९ सन्दर्भ वर्षमा यस व्यवसायभित्र च्याङ्ग्राको पस्मिनाको उत्पादन गरिएको थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायले आफ्नो व्यवसायभित्र च्याङ्ग्राको पस्मिनाको उत्पादन गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लागाउनुपर्दछ ।

**३.३.१० सन्दर्भ वर्षमा, च्याङ्ग्राको पस्मिना उत्पादन तथा उपयोग सम्बन्धी विवरण**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा भएको च्याङ्ग्राबाट प्राप्त पस्मिनाको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

सन्दर्भ वर्षमा उत्पादन भएको च्याङ्ग्राबाट उत्पादित कच्चा पस्मिनाको परिमाण कति हो सोधी यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त पस्मिना बिक्री गरिएको भए विक्री गरिएको परिमाण यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त पस्मिना भण्डारणका बेलामा कुनै प्रकोपका कारणले खेर गएको भए परिमाण (के.जी.) मा उल्लेख गर्नुपर्दछ ।

**३.३.११ पस्मिना विक्री गरिएको भए, प्रति के.जी. औषत मूल्य (रु.)**

यदि, पशुपालन व्यवसायमा उत्पादित पस्मिना बिक्री गरिएको भए प्रति एकाई औषत मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.३.१२ सन्दर्भ वर्षमा, च्याङ्ग्राको पस्मिनाको लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित च्याङ्ग्राको पस्मिना विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**३.३.१३ सन्दर्भ वर्षमा, पस्मिनाको लागि गरिएको बजार सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित च्याङ्ग्राको पस्मिना विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.३.१४ सन्दर्भ वर्षमा बाख्रा/च्याङ्ग्राको लागि मुख्य आहारको व्यवस्था के थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले बाख्रा/च्याङ्ग्राको लागि मुख्य आहारको व्यवस्थापन यी तीन विकल्पहरुः चरन, घाँस पराल वा दाना मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.३.१५ सन्दर्भ वर्षमा प्रयोग गरिएको आहारको स्रोत के के थियो ?(बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले बाख्रा/च्याङ्ग्राको लागि व्यवस्थापन गरिएको मुख्य आहारको स्रोतहरु व्यवसायको आफ्नै उत्पादन, खरिद गरिएको, साझा चउर र साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**३.३.१६ सन्दर्भ वर्षमा, यस व्यवसायमा भएको बाख्रा/च्याङ्ग्राका लागि व्यवस्था गरिएको खोर कुन किसिमको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा भएको बाख्रा/च्याङ्ग्राको लागि व्यवस्था गरिएको खोर व्यवस्थित खोर, अर्धव्यवस्थित खोर र अव्यवस्थित खोरमध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर बाख्रा/च्याङ्ग्रा राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरि बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर बाख्रा/च्याङ्ग्रा राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित खोर**

सामन्य छानो हालेर खुल्लारुपमा बाख्रा/च्याङ्ग्रा राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**३.३.१७ सन्दर्भ वर्षमा, यस व्यवसायमा प्रजनन प्रयोजनको लागि बोका पालिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले प्रजनन प्रयोजनको लागि बोका पालिएको थियो थिएन सोधी थियो भने 'थियो' विकल्पमा चिन्ह लगाई उक्त प्रजनन प्रयोजनको लागि पालिएका बोकाको संख्या समेत उल्लेख गर्नुपर्दछ ।

## ३.४ भेंडापालन तथा उत्पादनसम्बन्धी विवरण

**३.४.० यस व्यवसायले गणनाको दिनमा भेंडापालन गरेको छ ?**

यहाँ, व्यवसायले गणनाको दिनमा भेंडापालन गरेको छ छैन सोधी छ भने 'छ' विकल्पमा चिन्ह लगाई यसपछिका भेंडापालन सम्बन्धी विवरणहरु सोध्नुपर्दछ र छैन भने 'छैन' विकल्पमा चिन्ह लगाई प्रश्न नं. ३.५.० सोध्नुपर्दछ ।

**३.४.१ भेंडापालन संख्यासम्बन्धी विवरण**

**जम्मा (महल २)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका भेंडाको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै जम्मा सङ्ख्या जम्माको महल २ मा लेख्नुपर्दछ ।

**स्थानीय (महल ३)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका भेंडाको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै स्थानीय जातको जम्मा सङ्ख्या महल ३ मा लेख्नुपर्दछ ।

**उन्नत (महल ४)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका भेंडाको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै उन्नत जातको जम्मा सङ्ख्या महल ४ मा लेख्नुपर्दछ ।

भेंडाका लागि ६ महिना मुनिका साना पाठाको सङ्ख्या महल २, ३ र ४ को पहिलो लहरमा, ६ महिना मुनिका साना पाठीको सङ्ख्या महल २, ३ र ४ को दोस्रो लहरमा, ६ महिनामाथिको भाले भेंडाको सङ्ख्या महल २, ३ र ४ को तेस्रो लहरमा, ६ महिनामाथिको पोथी भेंडीको सङ्ख्या महल २, ३ र ४ को चौथो लहरमा लेख्नुपर्दछ ।

**महल २, ३ र ४ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ ।**

**सन्दर्भ वर्षमा जन्मेको संख्या (महल ५)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा जन्मेको ६ महिना मुनिका पाठाको संख्या महल ६ को पहिलो लहरमा तथा ६ महिना मुनिका पाठीको संख्या महल ६ को दोस्रो लहरमा, ६ महिना माथिका भेडाको संख्या महल ६ को तेस्रो लहरमा तथा ६ महिना माथिका भेडीको संख्या महल ५ को चौथो लहरमा उल्लेख गनुपर्दछ ।

**सन्दर्भ वर्षमा मृत्युसम्बन्धी विवरण (महल ६, ७, ८)**

यहाँ कृषि व्यवसायमा सन्दर्भ वर्षमा मृत्युभएका भेडा/भेडी तथा पाठा/पाठीको सङ्ख्या बुझ्न खोजिएको छ । यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ६ मा उल्लेख गर्नुपर्दछ । प्राकृतिक रुपले भन्नाले बुढो भई कालगतिले वा उमेर पुगी मृत्यु भएको भन्ने बुझ्नुपर्दछ भने कुनै दुर्घटनाले भन्नाले बाघ भालुले खाएर वा लडेर वा किचिएर आदिको कारणले मृत्यु भएको भन्ने बुझ्नुपर्दछ । त्यसैगरि सन्दर्भ वर्षमा रोग तथा महामारीको कारणले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ७ मा र प्राकृतिक विपत् प्रकोप (जस्तैः बाढी, पहिरो, चट्याङ, भुकम्प आदि)को कारणले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ८ मा उल्लेख गर्नुपर्दछ ।

**सन्दर्भ वर्षमा हराएको संख्या (महल ९)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भेडा/भेडी तथा पाठा/पाठी हराएको भए महल ९ मा उमेर समूहअनुसार क्रमशः हराएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा सित्तैमा अरुलाई दिइएको संख्या (महल १०)**
यस महल अन्तर्गत पशुपालन व्यवसायले सन्दर्भ वर्षमा यदि भेडा/भेडी तथा पाठा/पाठी अरुलाई सित्तैमा दिइएको भए महल १० मा उमेर समूहअनुसार क्रमशः सित्तैमा दिइएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा खरिद गरिएको संख्या (महल ११)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भेडा/भेडी तथा पाठा/पाठी खरिद गरिएको भए महल ११ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको संख्या (महल १२)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भेंडा/भेंडी तथा पाठा/पाठी बिक्री गरिएको भए महल १२ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको भए जम्मा बिक्री मुल्य (महल १३)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भेंडा/भेंडी तथा पाठा/पाठी बिक्री गरिएको भए महल १३ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरेको जम्मा मूल्य रुपैंयामा लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या (महल १४)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि भेडा/भेडी तथा पाठा/पाठी पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १४ मा उमेर समूहअनुसार क्रमशः पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या लेख्नुपर्दछ ।

**३.४.२ गणनाको दिनमा यस व्यवसायमा पालिएका उन्नत भेंडाहरुको जात अनुसार संख्या**
यहाँ पशुपालन व्यवसायले गणनाको दिनमा पालेका उन्नत भेंडाहरुको जात अनुसारको संख्या उल्लेख गर्नुपर्दछ । यहाँ ७ किसिमका उन्नत भेंडाहरुको जात दिइएको छ । प्रत्येकको जात अनुसारको छुट्टा छुट्टै संख्या उल्लेख गर्नुपर्दछ । यदि सो ७ किसिमको बाहेक अन्य उन्नत जातको भेंडा पालिएका भए अन्य (उन्नत) अन्तर्गत संख्या उल्लेख गर्नुपर्दछ ।

**३.४.३ सन्दर्भ वर्षमा यस व्यवसायभित्र मासुको लागि भेंडाका बध गरिएको थियो ?**
सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि भेंडाको बध गरिएको थियो थिएन सोधी बध गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**३.४.४ यस व्यवसायभित्र मासुको लागि बध गरिएको भेंडाको बारेमा निम्न जानकारी दिनुहोस् ।**
सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि भेडाको बध गरिएको थियो भने बध गरिएको भेडाको संख्या कति थियो लेख्नुपर्दछ । साथै, उक्त बध गरिएको भेडाको बध गरेपछि जम्मा प्राप्त तौल कति थियो सोधी के.जी. मा लेख्नुपर्दछ ।

**३.४.५ सन्दर्भ वर्षमा, भेंडाको मासुको उपयोगसम्बन्धी विवरण**
सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा बध गरिएका भेंडाबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।
यदि पशुपालन व्यवसायमा बध गरिएका भेंडाको मासु आफैले मात्र उपभोग नगरी बिक्री गरेको भए कति परिमाण बिक्री गरेको हो सोधी बिक्री गरिएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त मासु आफैले उपभोग गरेको भए कति परिमाण आफैले उपभोग गरेको हो सोधी आफ्नै उपभोगको लागि प्रयोग गरेको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त बध गरिएको मासु सेवा वा साधन प्रदायकहरुलाई दिएको भए कति परिमाण सेवा वा साधन प्रदायकहरुलाई दिइएको हो सोधी सेवा वा साधन प्रदायकहरुलाई दिएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त बध गरिएको मासु कुनै प्रकोपका कारणले प्रयोग गर्न नसकी खेर गएको भए खेर गएको परिमाण 'कुनै प्रकोपका कारणले भण्डारण गर्दा खेर गएको परिमाण' अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

**३.४.६ मासु विक्री गरिएको भए, प्रति के.जी. औषत मूल्य (रु.)**

यदि, पशुपालन व्यवसायमा उत्पादित मासु बिक्री गरिएको भए प्रति एकाइ औषत मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.४.७ सन्दर्भ वर्षमा भेंडाको मासुको लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित भेंडाको मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**३.४.८ सन्दर्भ वर्षमा मासुको लागि गरिएको बजार सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित भेंडाको मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.४.९ सन्दर्भ वर्षमा यस व्यवसायभित्र भेंडाको ऊनको उत्पादन गरिएको थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायले आफ्नो व्यवसायभित्र भेंडाको ऊनको उत्पादन गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लागाउनुपर्दछ ।

**३.४.१० सन्दर्भ वर्षमा, भेंडाको ऊन उत्पादन सम्बन्धी विवरण**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा भएको भेंडाबाट प्राप्त ऊनको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।

सन्दर्भ वर्षमा उत्पादन भएको भेंडाबाट उत्पादित कच्चा ऊनको परिमाण कति हो सोधी यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त ऊन बिक्री गरिएको भए विक्री गरिएको परिमाण यहाँ के.जी.मा उल्लेख गर्नुपर्दछ ।

यदि उक्त ऊन भण्डारणका बेलामा कुनै प्रकोपका कारणले खेर गएको भए सो परिमाण (के.जी.) मा उल्लेख गर्नुपर्दछ ।

**३.४.११ ऊन विक्री गरिएको भए, प्रति के.जी. औषत मूल्य (रु.)**

यदि पशुपालन व्यवसायमा उत्पादित ऊन बिक्री गरिएको भए प्रति के.जी. औषत मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.४.१२ सन्दर्भ वर्षमा भेंडाको ऊनका लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित ऊन विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**३.४.१३ सन्दर्भ वर्षमा भेंडाको ऊनको लागि गरिएको बजार सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित ऊन बिक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.४.१४ सन्दर्भ वर्षमा भेंडाको लागि मुख्य आहारको व्यवस्था के थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले भेंडाको लागि मुख्य आहारको व्यवस्थापन यी तीन विकल्पहरुः चरन, घाँस पराल वा दाना मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.४.१५ सन्दर्भ वर्षमा प्रयोग गरिएको आहारको स्रोत के के थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले भेंडाको लागि व्यवस्थापन गरिएको मुख्य आहारको स्रोतहरु व्यवसायको आफ्नै उत्पादन, खरिद गरिएको, साझा चउर, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**३.४.१६ सन्दर्भ वर्षमा, यस व्यवसायमा भएको भेंडाहरुका लागि व्यवस्था गरिएको गोठ कुन किसिमको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा भएको भेडाको लागि व्यवस्था गरिएको गोठ व्यवस्थित, अर्धव्यवस्थित र अव्यवस्थित मध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर भेंडाहरु राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरी बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर भेंडाहरु राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित**

सामन्य छानो हालेर खुल्लारुपमा भेंडाहरु राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**३.४.१७ सन्दर्भ वर्षमा, यस व्यवसायमा प्रजनन प्रयोजनको लागि थुमा (भेडा) पालिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले प्रजनन प्रयोजनको लागि थुमा पालिएको थियो थिएन सोधी थियो भने थियो विकल्पमा चिन्ह लगाई उक्त प्रजनन प्रयोजनको लागि पालिएका थुमाको संख्या समेत उल्लेख गर्नुपर्दछ ।

## ३.५ सुँगुर/बंगुरपालन तथा उत्पादनसम्बन्धी विवरण

**३.५.० यस व्यवसायले गणनाको दिनमा सुँगुर/बंगुरपालन गरेको छ ?**

यहाँ, व्यवसायले गणनाको दिनमा सुँगुर/बंगुरपालन गरेको छ छैन सोधी छ भने 'छ' विकल्पमा चिन्ह लगाई यसपछिका सुँगुर/बंगुरपालन सम्बन्धी विवरणहरु सोध्नुपर्दछ र छैन भने 'छैन' विकल्पमा चिन्ह लगाई खण्ड ४ सोध्नुपर्दछ ।

### ३.५.१ सुँगुर/बंगुरपालन संख्यासम्बन्धी विवरण

**जम्मा (महल २)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका सुँगुर/बंगुरको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै जम्मा सङ्ख्या जम्माको महल २ मा लेख्नुपर्दछ।

**स्थानीय (महल ३)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका सुँगुर/बंगुरको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै स्थानीय जातको जम्मा सङ्ख्या महल ३ मा लेख्नुपर्दछ।

**उन्नत (महल ४)**

गणनाको दिनमा पशुपालन व्यवसायमा रहेका महल १ मा उल्लेख गरिएका सुँगुर/बंगुरको विवरण अनुसार प्रत्येकको छुट्टा छुट्टै उन्नत जातको जम्मा सङ्ख्या महल ४ मा लेख्नुपर्दछ।

सुँगुर/बंगुरका लागि ६ महिना मुनिका साना पाठाको सङ्ख्या महल २, ३ र ४ को पहिलो लहरमा, ६ महिना मुनिका साना पाठीको सङ्ख्या महल २, ३ र ४ को दोस्रो लहरमा, ६ महिनामाथिको भाले सुँगुर/बंगुरको सङ्ख्या महल २, ३ र ४ को तेस्रो लहरमा, ६ महिनामाथिको पोथी सुँगुर/बंगुरको सङ्ख्या महल २, ३ र ४ को चौथो लहरमा लेख्नुपर्दछ।

**महल २, ३ र ४ को हकमा सन्दर्भ समय गणनाको दिनलाई लिनुपर्दछ।**

**सन्दर्भ वर्षमा जन्मेको संख्या (महल ५)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा जन्मेको ६ महिना मुनिका पाठाको संख्या महल ५ को पहिलो लहरमा तथा ६ महिना मुनिका पाठीको संख्या महल ५ को दोस्रो लहरमा, ६ महिना माथिका भाले सुँगुर/बंगुरको संख्या महल ५ को तेस्रो लहरमा तथा ६ महिना माथिका पोथी सुँगुर/बंगुरको संख्या महल ५ को चौथो लहरमा उल्लेख गनुपर्दछ।

**सन्दर्भ वर्षमा मृत्युसम्बन्धी विवरण (महल ६, ७, ८)**

यहाँ पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा मृत्युभएका सुँगुर/बंगुर तथा पाठा/पाठीको सङ्ख्या बुझ्न खोजिएको छ। यदि सन्दर्भ वर्षमा प्राकृतिक रुपले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ६ मा उल्लेख गर्नुपर्दछ। प्राकृतिक रुपले भन्नाले बुढो भई कालगतिले वा उमेर पुगी मृत्यु भएको भन्ने बुझ्नुपर्दछ भने कुनै दुर्घटनाले भन्नाले बाघ भालुले खाएर वा लडेर वा किचिएर आदिको कारणले मृत्यु भएको भन्ने बुझ्नुपर्दछ। त्यसैगरि सन्दर्भ वर्षमा रोग तथा महामारीको कारणंले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ७ मा र प्राकृतिक विपत् प्रकोप (जस्तैः बाढी, पहिरो, चट्याङ, भुकम्प आदि)को कारणले मृत्यु भएको भए सोको संख्या उमेर समूहअनुसार महल ८ मा उल्लेख गर्नुपर्दछ।

**सन्दर्भ वर्षमा हराएको संख्या (महल ९)**

पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर तथा पाठा/पाठी हराएको भए महल ९ मा उमेर समूहअनुसार क्रमशः हराएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा सित्तैमा अरुलाई दिइएको संख्या (महल १०)**

यस महल अन्तर्गत पशुपालन व्यवसायले सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर तथा पाठा/पाठी अरुलाई सित्तैमा दिइएको भए महल १० मा उमेर समूहअनुसार क्रमशः सित्तैमा दिइएको संख्या लेख्नुपर्दछ।

**सन्दर्भ वर्षमा खरिद गरिएको संख्या (महल ११)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर तथा पाठा/पाठी खरिद गरिएको भए महल ११ मा उमेर समूहअनुसार क्रमशः खरिद गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको संख्या (महल १२)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर तथा पाठा/पाठी बिक्री गरिएको भए महल १२ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरिएको संख्या लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा बिक्री गरिएको भए जम्मा बिक्री मुल्य (महल १३)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर तथा पाठा/पाठी बिक्री गरिएको भए महल १३ मा उमेर समूहअनुसार क्रमशः बिक्री गरेको जम्मा मूल्य रुपैंयामा लेख्नुपर्दछ ।

**सन्दर्भ वर्षमा पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या (महल १४)**
पशुपालन व्यवसायमा सन्दर्भ वर्षमा यदि सुँगुर/बंगुर तथा पाठा/पाठी पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको भए महल १४ मा उमेर समूहअनुसार क्रमशः पूर्ण अनुदान/सित्तैमा प्राप्त गरिएको संख्या लेख्नुपर्दछ ।

**३.५.२ गणनाको दिनमा यस व्यवसायले पालेका विभिन्न जातका सुँगुर/बंगुरको जात अनुसार संख्या**
यहाँ पशुपालन व्यवसायले गणनाको दिनमा पालिएका विभिन्न जातका सुँगुर/बंगुरहरुको जात अनुसारको संख्या उल्लेख गर्नुपर्दछ । यहाँ ८ किसिमका सुँगुर/बंगुरहरुको जात दिइएको छ । प्रत्येकको जात अनुसारको छुट्टा छुट्टै संख्या उल्लेख गर्नुपर्दछ । यदि सो ८ किसिमको बाहेक अन्य जातको सुँगुर/बंगुर पालिएका भए अन्य अन्तर्गत संख्या उल्लेख गर्नुपर्दछ ।

**३.५.३ सन्दर्भ वर्षमा यस व्यवसायभित्र मासुको लागि सुँगुर/बंगुरको बध गरिएको थियो ?**
सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि सुँगुर/बंगुरको बध गरिएको थियो थिएन सोधी बध गरिएको भए थियोमा र नगरिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**३.५.४ यस व्यवसायभित्र मासुको लागि बध गरिएको सुँगुर/बंगुरको बारेमा जानकारी दिनुहोस् ।**
सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा मासु प्रयोजनको लागि सुँगुर/बंगुरको बध गरिएको थियो भने बध गरिएको सुँगुर/बंगुरको संख्या कति थियो बध गरिएको संख्यामा लेख्नुपर्दछ । साथै, उक्त बध गरिएको सुँगुर/बंगुरको बध गरेपछि जम्मा प्राप्त तौल कति थियो सोधी के.जी.मा लेख्नुपर्दछ ।

**३.५.५ सन्दर्भ वर्षमा, सुँगुर/बंगुरको मासुको उपयोगसम्बन्धी विवरण**
सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा बध गरिएका सुँगुर/बंगुरबाट प्राप्त मासुको उपयोग कसरी भएको थियो जान्न खोजिएको हो ।
यदि पशुपालन व्यवसायमा बध गरिएका सुँगुर/बंगुरको मासु आफैले मात्र उपभोग नगरि बिक्री गरेको भए कति परिमाण बिक्री गरेको हो सोधी बिक्री गरिएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।
यदि उक्त मासु आफैले उपभोग गरेको भए कति परिमाण आफैले उपभोग गरेको हो सोधी आफ्नै उपभोगको लागि प्रयोग गरेको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।
यदि उक्त बध गरिएको मासु सेवा वा साधन प्रदायकहरुलाई दिएको भए कति परिमाण सेवा वा साधन प्रदायकहरुलाई दिइएको हो सोधी सेवा वा साधन प्रदायकहरुलाई दिएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।
यदि उक्त बध गरिएको मासु कुनै प्रकोपका कारणले प्रयोग गर्न नसकी खेर गएको भए खेर गएको परिमाण कुनै प्रकोपका कारणले भण्डारण गर्दा खेर गएको परिमाण अन्तर्गत के.जी.मा उल्लेख गर्नुपर्दछ ।

**३.५.६ मासु विक्री गरिएको भए, प्रति के.जी. मूल्य (रु.)**

यदि पशुपालन व्यवसायमा उत्पादित मासु बिक्री गरिएको भए प्रति के.जी.मूल्य कति हो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.५.७ सन्दर्भ वर्षमा, सुँगुर/बंगुरको मासुका लागि बजार सम्झौता गरिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित सुँगुर/बंगुरको मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**३.५.८ सन्दर्भ वर्षमा मासुको लागि गरिएको बजार सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा उत्पादित सुँगुर/बंगुरको मासु विक्रीको लागि बजार सम्झौता गरिएको थियो भने उक्त सम्झौताले कुल उत्पादनको कति प्रतिशत उत्पादनलाई समेटेको थियो सोधी यहाँ लेख्नुपर्दछ ।

**३.५.९ सन्दर्भ वर्षमा, सुँगुर/बंगुरको लागि मुख्य आहारको व्यवस्था के थियो ?**

सन्दर्भ अवधिमा, पशुपालन व्यवसायले सुँगुर/बंगुरको लागि मुख्य आहारको व्यवस्थापन यी तीन विकल्पहरुः दाना, वाली तथा सह-उत्पादन, उद्योग/होटेल/घरपरिवारबाट निस्केको रहलपहल मध्ये कुन तरिकाले गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**३.५.१० सन्दर्भ वर्षमा प्रयोग गरिएको आहारको स्रोत के के थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले सुँगुर/बंगुरको लागि व्यवस्थापन गरिएको मुख्य आहारको स्रोतहरु व्यवसायको आफ्नै उत्पादन, खरिद गरिएको, साझा चउर, साटासाट गरिएको मध्ये के के थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

**३.५.११ सन्दर्भ वर्षमा, यस व्यवसायमा सुँगुर/बंगुरको लागि व्यवस्था गरिएको खोर कुन किसिमको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा भएको सुँगुर/बंगुरको लागि व्यवस्था गरिएको खोर व्यवस्थित खोर, अर्धव्यवस्थित खोर र अव्यवस्थित खोरमध्ये कुन प्रकारको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**व्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर सुँगुर/बंगुर राख्नका लागि व्यवस्था गरिएको हावा खेल्ने, आहारको लागि व्यवस्थित ठाउँ भएको तथा मल, मूत्रको व्यवस्थित निकास हुने गरि बनाईएको संरचनालाई बुझ्नु पर्दछ ।

**अर्धव्यवस्थित खोर**

सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर सुँगुर/बंगुर राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि व्यवस्थित ठाउँ तथा मल, मूत्रको व्यवस्थित निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**अव्यवस्थित खोर**

सामन्य छानो हालेर खुल्लारुपमा सुँगुर/बंगुर राख्नका लागि व्यवस्था गरिएको तर आहारको लागि ठाउँ तथा मल, मूत्रको निकास नभएको संरचनालाई बुझ्नु पर्दछ ।

**३.५.१२ सन्दर्भ वर्षमा, यस व्यवसायमा प्रजनन प्रयोजनको लागि सुँगुर पालिएको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले प्रजनन प्रयोजनको लागि सुँगुर पालिएको थियो थिएन सोधी थियो भने थियो विकल्पमा चिन्ह लगाई उक्त प्रजनन प्रयोजनको लागि पालिएका सुँगुरको संख्या समेत उल्लेख गर्नुपर्दछ ।

# खण्ड ४
# पशुपालन व्यवसाय अन्तर्गत प्रयोग भएको जग्गासम्बन्धी विवरण

**क्षेत्रफलको एकाइ**

यहाँ, पशुपालन व्यवसायले प्रयोग गरेको जग्गाको क्षेत्रफल कुन प्रकारको स्थानीय एकाइमा उल्लेख गरिन्छ सोही एकाइ बिघा वा रोपनी के हो सोधी चिन्ह लगाउनु पर्दछ । यहाँ उल्लेख गरिएको क्षेत्रफलको एकाइ यस पछि सोधिने जग्गाको क्षेत्रफल सम्बन्धी सबै प्रश्नहरुमा क्षेत्रफलको एकाइ सोही अनुसार हुनुपर्दछ ।

**४.१ गणनाको दिनमा तपाईको व्यवसायले चलन गरेको जम्मा जग्गा तथा पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गाको उपभोग र क्षेत्रफलसम्बन्धी विवरण**

यहाँ, पशुपालन व्यवसायले चलन गरेको जम्मा जग्गा तथा पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा कुन प्रकारको स्वामित्वमा रहेका छन् हेर्न खोजिएको छ । जस्तै आफ्नो हकको जग्गा आफैले उपभोग गरेको, अरूको हकको जग्गा आफैले उपभोग गरेको, अन्य प्रकारको हक/उपभोग अन्तर्गतको जग्गा । एउटा पशुपालन व्यवसायले एक वा सोभन्दा बढी प्रकारको उपभोग अन्तर्गत जग्गा प्रयोग गरी व्यवसाय सञ्चालन गरेको हुन सक्छ ।

**आफ्नो जग्गा आफैंले उपभोग गरेको**

आफ्नो जग्गा आफैले उपभोग गरेको भन्नाले पशुपालन व्यवसायको आफ्नो स्वामित्वमा रहेको र उपभोग गर्ने सम्पूर्ण अधिकार समेत आफैमा निहित रहेको जग्गा हो । यस्तो जग्गामा आफ्नो स्वामित्वमा रहेको तर अरूलाई कुनै शर्तमा उपभोग गर्न दिएको जग्गा पर्दैन । कसैको पनि कानुनी स्वामित्वमा नरहेको भनी स्पष्ट भएको र कुनै व्यक्ति विशेषले लामो समय (२० वर्ष) देखि बिना विवाद उपभोग गरिरहेको जग्गालाई उक्त व्यक्तिको स्वामित्वमा नै रहेको मानी यसै अन्तर्गत राख्नुपर्दछ ।

यदि गणनाको दिनमा व्यवसायसँग यस्ता प्रकारका जग्गा रहेको छ भने व्यवसायले उपभोग गरेका जम्मा जग्गा कति छ सोधी सोको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र पशुपालन प्रयोजनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

**अरुको जग्गा आफूले उपभोग गरेको**

अरु कसैको स्वामित्वमा रहेको जग्गालाई जग्गा धनीको आपसी सहमतिको आधारमा **ठेकिएको नगद तिर्ने गरी, ठेकिएको जिन्सी तिर्ने गरी, उत्पादन बाँड्ने गरी, भोग बन्धक वा अन्य कुनै शर्तमा** भाडामा लिई उपभोग गरेको जग्गा यस अन्तर्गत पर्दछ ।

यदि गणनाको दिनमा व्यवसायसँग यस्ता प्रकारका जग्गा रहेको छ भने व्यवसायले उपभोग गरेको जम्मा जग्गा कति छ सोधी सोको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र पशुपालन प्रयोजनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

**अन्य प्रकारको हक/उपयोग अन्तर्गत**

माथि उल्लेख गरिएका दुई प्रकारका मुख्य शीर्षकअन्तर्गत उपभोग गरिएका जग्गाबाहेक चलन गरिएको अन्य जग्गा यसमा पर्दछ । स्वामित्वको विवादमा रही सोको निर्णय नहुन्जेल तात्कालिक व्यवस्थाको रूपमा उपभोग

गर्न पाएको (जस्तै, उत्तराधिकार र स्वामित्वमा नरहेको कुरा स्पष्ट भएको) वा अतिक्रमण गरेर उपभोग गरेको सरकारी जग्गा पनि यसमा पर्छ ।

यदि गणनाको दिनमा व्यवसायसँग यस्ता प्रकारका जग्गा रहेको छ भने व्यवसायले उपभोग गरेका जम्मा जग्गा कति छ सोधी सोको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र पशुपालन प्रयोजनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

## ४.२ सन्दर्भ वर्षमा व्यवसायले चलन गरेको तथा पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गाको भू उपयोग तथा क्षेत्रफलसम्बन्धी विवरण

यस अन्तर्गत पशुपालन व्यवसायले सन्दर्भ वर्षमा चलन गरेको जम्मा तथा पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गाहरुको उपयोग कसरी भएका छन् हेर्न खोजिएको छ । यहाँ व्यवसायले उपभोग गरेका सम्पूर्ण जग्गा तथा पशुपालन प्रयोजनको लागि मात्र प्रयोग भएको जग्गाको प्रश्नावलीमा उल्लेख गरिएका भू-उपयोगको वर्गिकरण अनुसार छुट्टा छुट्टै क्षेत्रफल बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

### अस्थायी बाली लागेको जग्गा

यदि सन्दर्भ वर्षमा व्यवसायले आफुले उपभोग गरेका जग्गामा कुनै अस्थायी बाली लगाइएको भए अस्थायी बालीले ओगटेको जम्मा जग्गाको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र पशुपालनको आहार प्रयोजनका लागि मात्र लगाइएको अस्थायी बालीले ओगटेको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

अस्थायी बाली भन्नाले एक वर्षको अवधिभित्र उत्पादन गरी बाली भित्रचाउने र अर्को बालीका लागि पुनः खनजोत गरी लगाउनु पर्ने किसिमका बालीहरू पर्दछन् । तर, लगाएको बाली भित्रचाउन एक वर्षभन्दा बढी समय लाग्ने भए तापनि यदि बोट समेत नष्ट गरिन्छ भने अस्थायी बालीअन्तर्गत नै पर्दछ, जस्तैः उखु । एक वर्षपछि अर्को बाली लगाइने र खनजोत गर्दा बोट डाँठ समेत नष्ट हुने बालीहरू पनि अस्थायी बालीअन्तर्गत पर्दछन् । अस्थायी बालीअन्तर्गत यी बालीहरू पर्दछन् : खाद्यान्न बाली, कोसे/दाल बाली, कन्दमूल बाली, तरकारी बाली, र भुइँघाँस बाली ।

### अस्थायी चौरचरन

यदि सन्दर्भ वर्षमा व्यवसायले आफुले उपभोग गरेका जग्गाहरु अस्थायी रुपमा खाली छोडिएको भए अस्थायी चौरचरनले ओगटेको जम्मा जग्गाको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र पशुचरन वा आहार प्रयोजनका लागि मात्र खाली छोडिएको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

चौरचरन अस्थायी वा स्थायी हुन सक्दछ । कुनै चौरचरन स्थायी हो कि अस्थायी भनेर छुटचाउन सामान्यतया ५ वर्षको अवधिलाई लिइन्छ । ५ वर्षभन्दा कम अवधि सम्मका यस्ता जग्गाहरू मात्र अस्थायी चौरचरन रहेको जग्गाको क्षेत्रफल यहाँ उल्लेख गर्नुपर्दछ ।

**अस्थायी बाँझो**

यस अन्तर्गत कम्तीमा एक वर्ष र बढीमा ५ वर्षसम्म बाँझो राखिएको जग्गाको क्षेत्रफल यहाँ उल्लेख गर्नुपर्दछ। यदि यस प्रकारको जग्गा व्यवसायले चलन गरेको भए अस्थायी बाँझोले ओगटेको जम्मा जग्गाको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र सो मध्ये पशुपालन प्रयोजनको लागि बाँझो छोडिएको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ।

यसरी बाँझो छोडिएको जग्गा प्राकृतिक रूपमा घाँसपात उम्रेर ५ वर्षभन्दा कम समयदेखि चौरचरनको रूपमा प्रयोग भइरहेको छ भने त्यसलाई अस्थायी चौरचरन अन्तर्गत लिइन्छ।

**स्थायी बाली लागेको जग्गा**

एक पटक उत्पादन लिएपछि पुनः रोप्नु नपर्ने र धेरै वर्षसम्म उत्पादन दिइरहने बाली लागेको जग्गा जस्तै डाँले घाँस लगाएको जग्गा, नर्सरी भएको जग्गाको क्षेत्रफल स्थायी बाली लागेको जग्गामा गणना गरी यहाँ उल्लेख गर्नुपर्दछ।

यदि संयुक्त बाली (स्थायी र अस्थायी मिसाएर) लगाईएको अवस्थामा संयुक्त बाली लागेको जम्मा क्षेत्रफलबाट अस्थायी बालीले ओगटेको अनुमानित क्षेत्रफल घटाएर बाँकी क्षेत्रफल स्थायी बालीको क्षेत्रफलमा उल्लेख गर्नुपर्दछ।

यदि व्यवसायले सन्दर्भ वर्षमा उपभोग गरेको जग्गामा यस प्रकारको स्थायी बाली लगाइएको भए यहाँ सो व्यवसायले स्थायी बाली लगाइएको जम्मा जग्गाको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र सो मध्ये पशुपालन प्रयोजनको लागि स्थायी बाली लगाइएको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ।

**स्थायी चौरचरन**

यसअन्तर्गत स्थायी रूपमा (५ वर्ष वा सोभन्दा बढी) चौरचरनका लागि छाडिएको वा प्राकृतिक रूपबाट उम्रिएको जङ्गली घाँसको मैदान वा पशु चरनले ढाकेको जग्गा पर्दछ। स्थायी चौरचरनमा आफैं उम्रिएका (खास गरी चौरचरनका रुख तथा झाडी) बुटाबुटीहरू भएको जग्गा पर्दछ।

यदि यस प्रकारको जग्गा व्यवसायले चलन गरेको भए स्थायी चौरचरनले ओगटेको जम्मा जग्गाको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र सो मध्ये पशुपालन प्रयोजनको लागि स्थायी चौरचरनले ओगटेको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ।

**घर, गोठ, खोर आदिले ओगटेको जग्गा**

यस व्यवसाय अन्तर्गतका घर, गोठ, खोर आदिले चर्चेको जग्गा, आँगन, सडक अथवा गल्ली, सामान तथा औजार भण्डारण गर्न प्रयोग गरिएको खुला ठाउँ, खेर गएको जग्गा यस अन्तर्गत पर्दछन्।

यहाँ व्यवसाय अन्तर्गत यस प्रकारको जम्मा जग्गाको क्षेक्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र सो मध्ये पशुपालन

प्रयोजनको लागि मात्र प्रयोग गरेको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

**वनबनेलो**

यहाँ व्यवसाय अन्तर्गत रहेको जग्गामा आफै उम्रिएको वा रोपिएको वनबनेलो पर्दछ । यसबाट काठ, दाउरा, लकडी र अन्य वनजन्य वस्तुहरू प्राप्त गरिन्छ । संरक्षणका लागि वनबनेलोको खेती गरिएको वा लहर मिलाएर वा नमिलाई झ्याम्म पारेर लगाएको अथवा रुखका बुटाबटीहरू, बाँसको झ्याङ र अन्य वनस्पतिले ढाकेको जग्गाहरू निजी वनबनेलोको क्षेत्रफलमा समावेश गर्नुपर्दछ । निजी वनबनेलो अन्तर्गतका बाँसका झ्याङहरूलाई स्थायी बाली अन्तर्गत गणना गर्नु हुँदैन ।

यदि व्यवसाय अन्तर्गत सन्दर्भ वर्षमा यस प्रकारको जग्गा रहको भए बनबनेलो अन्तर्गतको जम्मा जग्गाको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र सो मध्ये पशुपालन प्रयोजनको लागि मात्र प्रयोग गरेको बनबनेलोको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

**पोखरी**

गाईबस्तुहरूलाई पानी खुवाउन वा सिँचाइ गर्न वा माछा पालनको लागि जग्गा खनी बनाएको वा आफै पानी जमी खेती गर्न नसक्ने अवस्थामा रहेको व्यवसाय अन्तर्गतको जग्गालाई पोखरी मानी यहाँ उक्त पोखरीले ढाकेको जग्गाको क्षेत्रफल उल्लेख गर्नुपर्दछ ।

यदि व्यवसाय अन्तर्गत सन्दर्भ वर्षमा यस प्रकारको जग्गा रहेको भए पोखरी अन्तर्गतको जम्मा जग्गाको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र सो मध्ये पशुपालन प्रयोजनको लागि मात्र प्रयोग गरेको पोखरीको जग्गाको क्षेत्रफल ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ ।

**अन्य प्रयोग विहिन जमिन**

यसमा अन्यत्र कतै उल्लेख नगरिएका व्यवसाय अन्तर्गतको अनुत्पादक सबै जग्गाहरुको जम्मा क्षेत्रफल उल्लेख गर्नुपर्दछ । जस्तैः खेती गर्न नसक्ने खोँचमा रहेको जग्गा आदि ।

यस अन्तर्गत पनि माथि उल्लेख भए अनुसार जम्मा जग्गाको क्षेत्रफल ***व्यवसायले चलन गरेको जम्मा जग्गा*** अन्तर्गत महलमा बिघा भए बिघा/कठ्ठा/धुरमा वा रोपनी भए रोपनी/आना/पैसामा लेख्नुपर्दछ र ***पशुपालन प्रयोजनका लागि मात्र प्रयोग गरेको जग्गा*** अन्तर्गत महलमा यस सम्बन्धी विवरण लेख्नुपर्दैन् ।

### ४.३ सन्दर्भ वर्षमा यस व्यवसायले लगाएको मुख्य बालीहरुको नाम, क्षेत्रफल तथा उत्पादनसम्बन्धी विवरण

यदि प्रश्न नं. ४.२ मा अस्थायी वा स्थायी बाली लागेको जग्गाको क्षेत्रफल उल्लेख भएको छ भने त्यस्तो व्यवसायलाई मात्र यो प्रश्न ४.३ सोध्नुपर्दछ ।

यहाँ सन्दर्भ वर्षमा उत्पादन भएको मुख्यतः ५ वटा अस्थायी वा स्थायी बाली र ३ वटा घाँसबालीको मात्र विवरण लिनु पर्दछ । उक्त बाली सन्दर्भ वर्षभन्दा अगाडि रोपिएको पनि हुन सक्छ वा सन्दर्भ अवधिमा रोपी सन्दर्भ अवधिभित्रै उत्पादन लिएको पनि हुन सक्छ ।

**बालीको नाम (महल २)**
यस महलमा सन्दर्भ वर्षमा व्यवसायले अन्तर्गत रहेका सबै जग्गामा लगाइएको मुख्य बालीहरुको बढीमा ५ वटा तथा घाँसबाली बढीमा ३ वटा सम्मको नाम क्रमशः लेख्नुपर्दछ। बालीको नाम **२०७७ श्रावण १ देखि २०७८ असार मसान्तसम्म** उत्पादन लिईएको बाली क्रमशः लेख्नु पर्दछ।

**क्षेत्रफल (महल ३)**
यहाँ सन्दर्भ वर्षमा व्यवसायले लगाएको मुख्य अस्थायी वा स्थायीबाली तथा घाँसबालीको नाम अनुसार जग्गाको क्षेत्रफल सोधी बिघा भए बिघा/कठ्ठा/धुरमा र रोपनी भए रोपनी/आना/पैसामा महल ३ अन्तर्गत क्रमशः लेख्नुपर्दछ।

**उत्पादन परिमाण (के.जी) (महल ४)**
यस महलमा महल २ मा उल्लेख गरिएको बालीको उत्पादन भएको परिमाण किलोग्राम सोधी लेख्नुपर्दछ।

**घरयासी उपभोगको लागि प्रयोग गरेको परिमाण (के.जी) (महल ५)**
यस महलमा सन्दर्भ वर्षमा महल २ मा उल्लेख गरिएको बालीको उत्पादन घरायसी उपभोगको लागि खपत वा प्रयोग भएको भए कति परिमाणमा उक्त बाली घरायसी उपभोगको लागि प्रयोग भएको हो सोधी सोको परिमाण किलोग्राममा लेख्नुपर्दछ।

**पशु आहारको लागि प्रयोग गरेको परिमाण (के.जी) (महल ६)**
यस महलमा सन्दर्भ वर्षमा महल २ मा उल्लेख गरिएको बालीको उत्पादन आफ्नै व्यवसायमा पालिएका पशुको लागि पशु आहार वापत खपत वा प्रयोग भएको भए कति परिमाणमा उक्त बाली पशु आहारको लागि प्रयोग भएको हो सोधी सोको परिमाण किलोग्राममा लेख्नुपर्दछ।

**बिक्री गरिएको परिमाण (के.जी) (महल ७)**
यस महलमा सन्दर्भ वर्षमा महल २ मा उल्लेख गरिएको बालीको उत्पादन बिक्री गरिएको भए बिक्री परिमाण किलोग्राममा लेख्नुपर्दछ।

**औषत बिक्री मुल्य प्रति के.जी (रु.) (महल ८)**
यस महलमा सन्दर्भ वर्षमा महल २ मा उल्लेख गरिएको बालीको उत्पादन बिक्री गरिएको भए प्रति के.जी. कतिमा बिक्री गरिएको हो सोधी सोको प्रति के.जी औषत मुल्य रुपैयामा लेख्नुपर्दछ।

# खण्ड ५
# सन्दर्भ वर्षमा आर्थिक गतिविधिसम्बन्धी विवरण

## भाग ५.१ पशुपालन व्यवसायको अन्य क्रियाकलापसम्बन्धी विवरण

### ५.१.१ यस व्यवसायको यो व्यवसाय बाहेक अन्य व्यावसायिक कृषि कार्य छ ?

यहाँ पशुपालन व्यवसायले यो व्यवसाय बाहेक अन्य कुनै कृषि क्रियाकलाप व्यावसायिकरुपमा गरेको छ वा छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि छैन भने यस पछिको प्रश्न ५.१.२ नसोधी प्रश्न ५.१.३ सोध्नुपर्दछ । व्यावसायिक कृषि कार्य भन्नाले व्यवसायले उत्पादन गरेका कृषि उपजहरु मुख्यतः बिक्री प्रयोजनका लागि गरिएको कार्यलाई बुझ्नुपर्दछ ।

### ५.१.२ यदि छ भने यो व्यवसाय वाहेक अन्य प्रमुख व्यावसायिक कृषि कार्य के हो ?

यदि प्रश्न ५.१.१ मा पशुपालन व्यवसायको यो व्यवसाय बाहेक अन्य व्यवसायिक कृषि कार्य छ भन्ने उत्तर आएमा यहाँ उल्लेख गरिएको कृषि कार्यहरु मध्ये प्रमुख रुपमा कुन कृषि कार्य व्यावसायिकरुपमा गरेको हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि एक भन्दा बढी कृषि कार्य गरेको भए सबभन्दा बढी प्रतिफल (आम्दानी) दिने क्रियाकलापलाई प्रमुख कृषि कार्य मान्नु पर्दछ ।

### ५.१.३ यस व्यवसायको यो व्यवसाय बाहेक अन्य गैर व्यावसायिक कृषि कार्य छ ?

यहाँ पशुपालन व्यवसायले यो व्यवसाय बाहेक अन्य गैर व्यावसायिक कृषि कार्य गरेको छ वा छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि छैन भने यस पछिको प्रश्न ५.१.४ नसोधी प्रश्न ५.१.५ सोध्नुपर्दछ । गैर व्यावसायिक कृषि कार्य भन्नाले व्यवसायले उत्पादन गरेका कृषि उपजहरु मुख्यतः बिक्री प्रयोजन नभई घरायसी प्रयोजनका लागि गरिएको कार्यलाई बुझ्नुपर्दछ ।

### ५.१.४ यदि छ भने यो व्यवसाय वाहेक अन्य प्रमुख गैर व्यावसायिक कृषि कार्य के हो ?

यदि प्रश्न ५.१.३ मा पशुपालन व्यवसायको यो व्यवसाय बाहेक अन्य गैर व्यवसायिक कृषि कार्य छ भन्ने उत्तर आएमा यहाँ उल्लेख गरिएको कृषि कार्यहरु मध्ये प्रमुख रुपमा कुन कृषि कार्य गैर व्यावसायिकरुपमा गरेको हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि एक भन्दा बढी कृषि कार्य गरेको भए सबभन्दा बढी प्रतिफल (आम्दानी) दिने क्रियाकलापलाई प्रमुख कृषि कार्य मान्नु पर्दछ ।

### ५.१.५ विगत ३ वर्षमा यस व्यवसायको नाफा/नोक्सानको अवस्था कस्तो थियो ?

पशुपालन व्यवसायले गरेको उत्पादन बिक्रीबाट प्राप्त भएको आम्दानी र लागतको अनुपात विगत तीन वर्षमा के कस्तो रहेको थियो यहाँ बुझ्न खोजिएको छ । यदि, लागतभन्दा आम्दानी बढी भएको भए नाफा र कमी भएको भए नोक्सानको अवस्था रहेको बुझ्नुपर्दछ ।

विगत तीनै वर्षमा लागतभन्दा आम्दानी कमी भएको भए तीनै वर्ष नोक्सान भयो भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । त्यस्तै, तीन वर्ष मध्ये १ वर्ष नाफा भयो वा तीन वर्ष मध्ये २ वर्ष नाफा भयो वा तीनै वर्ष नाफा भयो के हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि, व्यवसायले तीन वर्ष लगातार पशुपालन क्रियाकलाप नगरेको भए लागू नहुने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.६ सन्दर्भ वर्षमा, यस व्यवसायले पशुपालन क्रियाकलापका लागि बैंक तथा वित्तिय संस्थाबाट ऋण सुविधा लिएको थियो ?**

यहाँ, पशुपालन व्यवसायले सन्दर्भ वर्षमा पशुपालन क्रियाकलापका लागि बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएको भए थियोमा र नलिएको भए थिएनमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.७ सन्दर्भ वर्षमा, यस व्यवसायले सहुलियत ब्याजदरमा पशुपालनका लागि ऋण लिएको थियो ?**

यहाँ, पशुपालन व्यवसायले सन्दर्भ वर्षमा पशुपालन क्रियाकलापका लागि बैंक तथा वित्तिय संस्थाबाट ऋण लिएको भए मात्र यो प्रश्न सोधिन्छ । उक्त व्यवसायले ऋण लिएको भए सहुलियत ब्याजदरमा ऋण लिएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । सहुलियत ब्याजदर भन्नाले बजारमा प्रचलित ब्याजदर भन्दा आंशिक वा पूर्ण जुनसुकै अवस्थामा ब्याजदरमा भएको छुटलाई बुझ्नुपर्दछ ।

**५.१.८ सन्दर्भ वर्षमा, यस व्यवसायले पशुपालनका लागि सरकारबाट सहुलियत/अनुदान प्राप्त गरेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले पशुपालन क्रियाकलापका लागि सरकारबाट सहुलियत/अनुदान प्राप्त गरेको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

यहाँ, सहुलियत तथा अनुदान भन्नाले व्यवसायले सरकारी निकायबाट आंशिक वा पूर्ण जुनसुकै अवस्थामा प्राप्त गरेको नगद वा जिन्सीलाई बुझ्नुपर्दछ । जस्तैः कृषि व्यवसायले पावर टिलर खरिद गर्नको लागि सरकारबाट ५० प्रतिशत छुट प्राप्त गरेको थियो भने सरकारबाट अनुदान प्राप्त गरेको थियो भनी थियोमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.९ सन्दर्भ वर्षमा, यस व्यवसायले पशु विमा गरेको थियो ?**

यहाँ, सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले पशुपालन क्रियाकलापको कम जोखिम बहन गर्नका लागि विमा गरेको वा नगरेको बुझ्न खोजिएको छ । सन्दर्भ वर्षमा, व्यवसायले आफ्नो पशुपालन क्रियाकलापको विमा गरेको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.१० यस व्यवसायले विमा नगर्नुको कारण के हो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले पशुपालन क्रियाकलापको कम जोखिम बहन गर्नका लागि विमा नगरेको भए सोको कारण यी मध्ये पहुँच नभएर, महंगो भएर, आवश्यक नलागेर, उचित क्षतिपुर्ति नपाउने भएर, कम्पनीले सेवा नदिएर वा थाहा नभएर मध्ये मुख्य कुन विकल्प हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.१.११ सन्दर्भ वर्षमा यस व्यवसायले कृषि पर्यटनको अभ्यास गरेको थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले आफ्नो व्यवसाय प्रवर्द्धनको लागि कृषि पर्यटनको अभ्यास गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । जस्तैः अष्ट्रिच फार्म बुटवल

**५.१.१२ सन्दर्भ वर्षमा व्यवसायले कृषि पर्यटनबाट गरेको कुल आम्दानी रु.**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले कृषि पर्यटनको अभ्यास गरेको भए सोबाट भएको कुल आम्दानी कति हो सोधी यहाँ उल्लेख गर्नुपर्दछ ।

## भाग ५.२ व्यवसायको चालु तथा पुँजीगत खर्च सम्बन्धी विवरण

प्रश्नावलीको यस भागमा व्यवसायले सन्दर्भ वर्षभित्र गरेको खर्चसम्बन्धी विवरण संकलन गरिन्छ । प्रश्न ५.२.१ मा व्यवसायको नियमित (सालवसाली) खर्चसम्बन्धी विवरण संकलन गरिन्छ । त्यसैगरी, प्रश्न ५.२.२

मा व्यवसायको स्थायी किसिमका पूँजी निर्माण खर्चसम्बन्धी विवरण संकलन गर्नुको साथै सन्दर्भ अवधिमा कुनै यस्तै किसिमका बस्तुहरु बिक्री गरिएको भए त्यसबाट प्राप्त रकमसम्बन्धी विवरण संकलन गरिन्छ ।

### ५.२.१ सन्दर्भ वर्षमा यस व्यवसायमा पशुपालन व्यवसायको लागि मात्र भएको चालु खर्च सम्बन्धी विवरण उल्लेख गर्नुहोस् ।

चालु खर्चसम्बन्धी विवरण संकलनका लागि तलको तालिकामा व्यवसायले गर्ने चालु खर्चका विभिन्न शीर्षक दिइएको छ । यी खर्च शिर्षकअन्तर्गत सन्दर्भ वर्षमा गरिएको वार्षिक खर्च रकम प्रश्नावलीमा दिइएका खर्च सम्बन्धी महलमा लेख्नु पर्दछ ।

| क्र. सं. | चालु खर्च शिर्षक | परिभाषा |
|---|---|---|
| १ | तलव/ज्याला | व्यवसायले पशुपालन कार्यमा संलग्न स्थायी वा अस्थायी कामदारलाई दिएको वार्षिक खर्च एकमुष्ट जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । |
| २ | बिउविजन बिरुवा | व्यवसायले पशुपालन कार्यको लागि खरिद गर्ने घाँसबालीको बीउविजन, बिरुवामा भएको वार्षिक खर्च एकमूष्ट जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । |
| ३ | बिक्री प्रयोजन तथा मासु उत्पादनको लागि खरिद गरिएका पशुका बच्चा | व्यवसायले सन्दर्भ वर्षमा बिक्री गर्ने प्रयोजन वा मासु उत्पादनको लागि खरिद गरिएका पशुका बच्चाहरु वापत भएको वार्षिक खर्च एकमुष्ट जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । |
| ४ | पशु आहार (प्रशोधित दाना) | व्यवसायले सन्दर्भ अवधिभित्र आफ्नो व्यवसायमा पशुहरुको लागि खरिद गरिएको प्रशोधित दाना वापत वार्षिक एकमुष्ट खर्च जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । |
| ५ | पशु आहार (घाँस, अन्न आदि) | व्यवसायले सन्दर्भ अवधिभित्र आफ्नो व्यवसायमा पशुहरुको लागि खरिद गरिएको घाँस, अन्न आदि जस्ता आहार खरिद वापत वार्षिक एकमुष्ट खर्च जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । |
| ६ | रासायनिक मल | **पशु आहारको लागि** खेती गरेको घाँसबालीलाई पोषक तत्व (खनिज तथा मिनरल) दिनका लागि व्यवसायले सन्दर्भ अवधिभित्र के कति मूल्यको रासायनिक मल खरिद गऱ्यो त्यस्को जम्मा मूल्य जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । |
| ७ | प्राङ्गारिक मल | व्यवसायले उत्पादन गर्ने घाँसबाली तथा अन्य विरूवाहरु राम्रोसंग सपार्नका लागि प्राङ्गारिक मल (गाई/भैसीको गोवर मल, हड्डीको मल, कुखुराको सूली) तथा पिनाको धुलो आवश्यकताअनुसार माटोमा मिलाई वा माथीबाट राखिदिने गर्दछन् ।<br>यस प्रयोजनको लागि व्यवसायले सन्दर्भ अवधिमा के कति मूल्यको खरिद गऱ्यो त्यस्को जम्मा मूल्य जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । |
| ८ | विषादी | घाँसबालीलाई विभिन्न किसिमका रोगको संक्रमण तथा लाही, खुम्ले तथा भुसिलकिरा जस्ता किरा फट्याङ्गबाट बचाउन समय समयमा किटनाशक विषादीहरु छर्किनु पर्ने हुन्छ । यस्ता विषादी कुनै पाउडरको रूपमा र कुनै झोलमा पाईने हुन्छ ।<br>व्यवसायले सन्दर्भ अवधिभित्र के कति मूल्यको किटनाशक विषादी खरिद गऱ्यो त्यस्को जम्मा मूल्य जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । । |

| क्र. सं. | चालु खर्च शिर्षक | परिभाषा |
|---|---|---|
| ९ | औषधी/खोप भ्याक्सिन | व्यवसायले सन्दर्भ वर्षमा पशु उपचार गर्न वा रोग नियन्त्रण गर्न कुनै औषधी/खोप भ्याक्सिन प्रयोग गरेको भए सो वापत लागेको जम्मा मूल्य जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ।। |
| १० | सिँचाइ | व्यवसायमा भएका बोट विरूवा हरुलाई राम्रोसंग हुर्किन र बढ्नकालागि दैनिक तथा आवश्यकताअनुसार पानी दिनु पर्ने हुन्छ। यस्तो पानी दिने कार्यलाई यहाँ सिँचाई भनिएको हो।<br>व्यवसायले सन्दर्भ अवधिमा सिँचाईकालागि बार्षिकरूपमा के कति खर्च (पानीको महशुल) गऱ्यो सोधी जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ।<br>व्यवसायको सिंचाई खर्चसँग अन्य कृषि प्रयोजनको सिंचाई खर्चसमेत जोडिन सक्ने सम्भावना छ भने सो पक्षलाई ख्याल गरी अन्य कृषि प्रयोजनको सिँचाई खर्चलाई घटाई बाँकी रकम लेख्नु पर्दछ। |
| ११ | पानी | यस अन्तर्गत सन्दर्भ वर्षमा व्यवसायले खानेपानी तथा पशु सरसफाइ वापत पानीमा गरेको वार्षिक खर्च जम्मा खर्च अन्तर्गत महलमा लेख्नुपर्दछ।<br>व्यवसायको घरायसी प्रयोजनको खानेपानीको खर्च यसमा जोड्नु हुदैन। |
| १२ | विद्युत | यस अन्तर्गत व्यवसायले आफ्नो व्यवसाय सञ्चालनमा प्रयोग भएको विद्युतबापत वार्षिक के कति विद्युत महशुल तिऱ्यो सो रकम जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ।<br>व्यवसायीको घरायसी प्रयोजनको विद्युत खर्च यसमा जोड्नु हुदैन। |
| १३ | इनधन | पशुपालन व्यवसायलाई आफ्नो व्यवसाय सञ्चालन गर्दा जेनेटर, पम्पसेट आदि चलाउनुका साथै आफ्नो उत्पादन ओसार पसार गर्न तथा मार्केटिङ्गको लागि प्रयोगहुने यातायातको साधनका लागि इन्धनको आवश्यकता पर्ने हुन्छ। सो को लागि सन्दर्भ अवधिमा के कति रकम इन्धनबापत खर्च गऱ्यो त्यो रकम सोधी एकमुष्ट बार्षिक खर्च रकम जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ।<br>घरायसी प्रयोजनमा खर्च भएको इन्धन मूल्य यसमा समावेश गर्नु हुँदैन। |
| १४ | सञ्चार | सञ्चार खर्चअन्तर्गत व्यवसायले सन्दर्भ अवधिभित्र आफ्नो व्यवसाय संचालनार्थ प्रयोग हुने टेलिफोन, फ्याक्स, इन्टरनेट, हुलाक तथा कुरियर सेवा आदिमा गरेको वार्षिक खर्च एकमुष्ट सोधी जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ।<br>घरायसी प्रयोजनको सञ्चार खर्च यसमा समावेश गर्नु हुँदैन। |
| १५ | इातायात | व्यवसायी आफै वा कार्यरत कर्मचारीहरु व्यवसायकै कामले यातायात साधन प्रयोग गरी विभिन्न स्थानमा जानुपर्ने हुनुका साथै सामाग्री ओसार पसार गर्नका लागि विभिन्न स्थानमा भाडाका साधन प्रयोग गर्नुपर्ने हुन्छ।<br>व्यवसायले सन्दर्भ अवधिमा यस प्रयोजनकालागि के कति खर्च गऱ्यो सोधी एकमुष्ट वार्षिक रकम लेख्नु पर्दछ। |

| क्र. सं. | चालु खर्च शिर्षक | परिभाषा |
|---|---|---|
| १६ | कर/राजस्व/सदस्यता र नवीकरण शुल्क | यस अन्तर्गत व्यवसायले आफ्नो व्यवसाय सञ्चालन गर्दा तिर्नुपर्ने वार्षिक कर/राजश्व तथा विभिन्न प्रकारका पशुपालन व्यवसायसम्बन्धी संघसंस्थाको सदस्यता र नवीकरण शुल्कवापतको वार्षिक खर्च रकम एकमुष्ट जम्मा खर्च अन्तर्गत महलमा लेख्नु पर्दछ । |
| १७ | बिमा | व्यवसायले पशुहरुको वा व्यवसायसँग सम्बन्धित अन्य कुनैको बिमा गरेको भए सन्दर्भ वर्षमा वीमा वापत तिरेको प्रिमियम रकम एकमुष्ट यस महल अन्तर्गत लेख्नु पर्दछ । |
| १८ | जग्गा/भवन भाडा | व्यवसायले सन्दर्भ अवधिमा जग्गा अथवा भवन भाडामा लिएको भए सोबापतको वार्षिक रकम एकमुष्ट यस महल अन्तर्गत लेख्नु पर्दछ । |
| १९ | बैंक कमिशन/सेवा शुल्क | व्यवसायले व्यवसाय सञ्चालनको लागि सन्दर्भ अवधिमा विभिन्न बैंक तथा अन्य वित्तीय संस्थाबाट ऋण लिदाँ कमिशन/सेवा शुल्क बुझाएको भए सोवापत बुझाएको वार्षिक रकम एकमुष्ट यस महल अन्तर्गत लेख्नु पर्दछ । |
| २० | बैंक ऋणको ब्याज | व्यवसायले व्यवसाय सञ्चालनको लागि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएको भए सन्दर्भ वर्षमा उक्त ऋणको ब्याज तिरेको रकम एकमुष्ट यस महल अन्तर्गत लेख्नु पर्दछ । |
| २१ | साधारण मर्मत तथा सामग्री खरिद | व्यवसायले व्यवसाय सञ्चालनको लागि विभिन्न मेशीनरी तथा औजार को साधारण मर्मत गरी खर्च गरेका हुन सक्दछन् । साथै, साधारण किसिमका सामाग्री (जस्तैः विद्युतीय तथा सिँचाइ सामाग्री) पनि खरिद गरेका हुन सक्दछन् । सन्दर्भ अवधिमा माथि उल्लेखित खर्च गरेको भए वार्षिक खर्च रकम एकमुष्ट यस महल अन्तर्गत लेख्नु पर्दछ ।<br>व्यवसायीले अन्य प्रयोजनको लागि यस किसिमको खर्च गरेको भए यसमा समावेश गर्नु हुँदैन । |
| २२ | कार्यालय सञ्चालन खर्च | व्यवसायले कार्यालय सञ्चालन (मसलन्द, स्टेशनरी, तालिम सामाग्री आदि) को लागि सन्दर्भ अवधिमा खर्च गरेको भए वार्षिक खर्च रकम एकमुष्ट यस महल अन्तर्गत लेख्नु पर्दछ । |
| २३ | दान/चन्दा | व्यवसायले सामाजिक कार्यका लागि विभिन्न व्यक्ति वा संस्थालाई दान वा चन्दा प्रदान गरेको हुन सक्दछ । सन्दर्भ अवधिमा व्यवसायले दान/चन्दा बापत रकम दिएको भएमा उक्त रकम एकमुष्ट यस महल अन्तर्गत लेख्नु पर्दछ । |
| २४ | अन्य चालु खर्च | व्यवसायले सन्दर्भ अवधिमा व्यवसाय सञ्चालनार्थ माथि उल्लिखित शीर्षक बाहेक अन्य कुनै प्रकारको सालवसाली प्रकृतिको खर्च गरेको भए त्यस्तो खर्चको वार्षिक रकम एकमुष्ट यस शीर्षकअन्तर्गत महलमा लेख्नु पर्दछ । जस्तैः विज्ञापनवापतको खर्च |

### ५.२.२ सन्दर्भ वर्षमा व्यवसायमा पशुपालन व्यवसायको लागि मात्र भएको पूँजीगत खर्च तथा बिक्री सम्बन्धी विवरण उल्लेख गर्नुहोस ।

पूँजीगत खर्च तथा बिक्रीसम्बन्धी विवरण संकलनका लागि, व्यवसायीले गर्ने यस्ता प्रकारका खर्चका शिर्षकहरु तलको तालिकामा दिईएको छ ।

**पूँजीगत खर्च**

पूँजीगत खर्च भन्नाले व्यवसाय सञ्चालनको लागि एक वर्षभन्दा बढी खप्ने भौतिक तथा बौद्धिक सम्पत्तिलाई जनाउँदछ। पूँजीगत खर्चको लागत वा खरिद रकम लेख्दा उक्त सम्पत्ति व्यवसाय सञ्चालित स्थानसम्म ल्याई जडान गर्दा लागेको खर्च र कर महशुल आदि लागेको भएमा सोसमेत समावेश गरी एकमूष्ठ यस जम्मा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ। यसरी नै सन्दर्भ अवधिभित्र पूँजीगत सामानको बिक्रीबाट रकम प्राप्त भएको रहेछ भने जम्मा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ। तर सन्दर्भ अवधिभन्दा पहिले वा पछि खरिद/बिक्री गरेको पूँजीगत सामानको खरिद वा बिक्री मूल्य भने यहाँ लेख्नु हुदैन।

| क्र. सं. | पूँजीगत खर्च शिर्षक | परिभाषा |
|---|---|---|
| १ | जग्गा | व्यवसायले पशुपालन व्यवसाय सञ्चालनकालागि जग्गा खरिद गरेको हुन सक्दछ। यदि सन्दर्भ अवधिमा यस प्रकारको जग्गा खरिद गरेको भए खरिद मूल्य जम्मा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा पशुपालन व्यवसायमा प्रयोग भएको जग्गा बिक्री गरेको भएमा त्यसको एकमुष्ट मूल्य जम्मा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ। |
| २ | भवन (खरिद/निर्माण) | व्यवसायले पशुपालन व्यवसाय सञ्चालनकालागि कार्यालय तथा स्टोरका लागि भवन खरिद गरेको हुन सक्दछ। यदि सन्दर्भ अवधिमा यस प्रकारको भवन खरिद गरेको भए त्यसको मूल्य जम्मा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा पशुपालन व्यवसायमा प्रयोग भएको भवन बिक्री गरेको भएमा त्यसको मूल्य जम्मा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ। |
| ३ | प्रजनन प्रयोजन, दूध तथा ऊन उत्पादनका लागि खरिद गरिएका पशुका बच्चा | व्यवसायले सन्दर्भ वर्षमा खरिद गरिएको पशुका बच्चाहरु प्रजनन प्रयोजन वा दूध उत्पादन वा ऊन उत्पादनका लागि खरिद गरिएको भए सोको खरिद मूल्य जम्मा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा व्यवसायमा भएको त्यस्तो प्रकारको पशु बिक्री गरेको भएमा त्यसको मूल्य जम्मा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ। |
| ४ | कृषि सामाग्री/आधुनिक औजार | व्यवसायमा पशुपालन व्यवसाय सञ्चालनकालागि विभिन्न खाले साना तथा ठूला औजारहरुको आवश्यकता हुन्छ। यहाँ, व्यवसायले एक वर्षभन्दा बढी खप्नेखालका कृषि सामाग्री तथा औजारहरु खरिद गरेको भए खरिद मूल्य जम्मा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा एक वर्षभन्दा बढी खप्नेखालका कृषि सामाग्री तथा औजारहरु बिक्री गरेको भए बिक्री मूल्य जम्मा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ। |
| ५ | कम्प्युटर/प्रिन्टर | व्यवसायले कार्यालय सञ्चालनको लागि सन्दर्भ अवधिमा कम्प्युटर/प्रिन्टर/ल्यापटप खरिद गरेको भए, त्यसको एकमुष्ट खरिद मूल्य जम्मा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ।<br>त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा कम्प्युटर/प्रिन्टर/ल्यापटप बिक्री गरेको भए बिक्री मूल्य जम्मा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ। |

| क्र. सं. | पूँजीगत खर्च शिर्षक | परिभाषा |
|---|---|---|
| ६ | यातायातका साधन | पशुपालन गर्ने व्यवसायले व्यवसायलाई आवश्यक पर्ने कुनै यातायातको साधन सन्दर्भ अवधिमा खरिद गरेको भए, त्यसको एकमूष्ठ खरिद मूल्य जम्मा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ । त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा यातायातको साधन बिक्री गरेको भए बिक्री मूल्य जम्मा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ । |
| ७ | पूँजीगत मर्मत | व्यवसायले आफ्नो व्यवसायमा भएका मेशिनरी औजार तथा यातायातका साधन वा कार्यालय भवन आदिको सन्दर्भ अवधिमा त्यसको आयु वा क्षमता बढ्ने गरी पूँजीगत मर्मत सम्भारमा खर्च गरेको भए उक्त रकम एकमुष्ट रूपमा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ । त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा अरुलाई त्यस किसिमको पूँजीगत मर्मत सेवा प्रदान गरी आम्दानी गरेको भए त्यस्तो आम्दानी रकम बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ । |
| ८ | फर्निचर | व्यवसायले व्यवसाय सञ्चालनकालागि सन्दर्भ अवधिमा विभिन्न किसिमका फर्निचरका सामानहरु खरिद गरेको भए, उक्त रकम एकमूष्ठ रूपमा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ । त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा विभिन्न किसिमका फर्निचरका सामानहरु बिक्री गरेको भए उक्त रकम एकमुष्ट रुपमा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ । |
| ९ | अन्य पूँजीगत खर्च | व्यवसायले माथि उल्लेखित खर्च शिर्षकबाहेक सन्दर्भ अवधिमा अन्य कुनै किसिमको पूँजीगत खर्च (जस्तैः फ्याक्स मेसिन खरिद) गरेको भए, उक्त रकम एकमुष्ट रूपमा खरिद मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ । त्यसैगरी, व्यवसायले सन्दर्भ अवधिमा अन्य कुनै किसिमको पूँजीगत सामानहरु बिक्री गरेको भए उक्त रकम एकमुष्ट रुपमा बिक्री मुल्यको महल अन्तर्गत लेख्नु पर्दछ । |

## भाग ५.३ सन्दर्भ बर्षमा, व्यवसायमा परेको गम्भिर असर/आघात तथा व्यवसायमा प्रयोग भएका कृषि मेशिनरी तथा औजार सम्बन्धी विवरण

### ५.३.१ सन्दर्भ वर्षमा यस व्यवसायमा चरम प्राकृतिक प्रकोप, घट्ना वा अन्य कारणले गम्भिर असर/आघात पारेको अनुभव गरेको थियो ?

यहाँ, पशुपालन व्यवसायबाट हुने उत्पादन विभिन्न कारणहरु जस्तैः महामारी रोग, किरा, असिना, बाढी, पहिरो आदिबाट क्षति भई अति नै कम उत्पादन, उत्पादित वस्तुहरु अति कम मूल्यमा बिक्री अथवा व्यवसायका सदस्य गम्भिर विमारी वा दुर्घटना वा मृत्यु हुनु, रोजगारी तथा आम्दानीमा कमी, खाद्यन्नमा असामान्य मूल्य बृद्धि, आदि कारणले उक्त व्यवसायनै धारासायी हुने अवस्थालाई गम्भिर असर/आघात भनी बुझ्नु पर्दछ । सन्दर्भ वर्षमा व्यवसायमा यस्तो किसिमको कुनै गम्भिर असर/आघात पारेको अनुभव व्यवसायले गरेको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ५.३.२ अनुभव गरेका प्रमुख तीन गम्भिर असर/आघातहरु प्राथमिकताको आधारमा उल्लेख गर्नुहोस् ।

सन्दर्भ वर्षमा पशुपालन व्यवसायलाई सुख्खा/खडेरी, खण्ड वृष्टि/अनियमित वर्षा, भारी वर्षाबाढी/डुबान/पहिरो/भुक्षय, शीतलहर, असिना, जंगली जनावरबाट हुने हानि, आगलागी, , असामान्यरुपले

उपजको मूल्यमा गिरावट, हावाहुरी, , पशुजन्य/बालीजन्य असामान्य रोग तथा महामारी, पशु/कृषि सामग्रीमा हुने असामान्य मूल्य बृद्धि, पशु/कृषि सामग्री तथा उत्पादनको चोरी, पशु आहारमा असामान्य मूल्य बृद्धि आदि कारणले व्यवसायमा **गम्भिर असर/आघात** परेको थियो भने उक्त व्यवसायले अनुभव गरेका प्रमुख तीन गम्भिर असर/आघात प्राथमिकताको आधारमा छनौट गर्नुपर्दछ ।

**५.३.३ सन्दर्भ वर्षमा यस व्यवसायमा परेको असर/आघात समाधानको लागि के उपाय अपनाएको थियो ? (बढीमा प्रमुख तीनवटा उपायहरु लेख्नुहोस् ।)**

पशुपालन व्यवसायमा परेको गम्भिर असर/आघात समाधानको लागि व्यवसायले जमिन तथा भवनहरुको विक्री, घाँसबाली तथा पशुहरुको विक्री, मेसिन र उपकरण सहित अन्य सम्पत्तिको विक्री, पशुपालन बाहेक अन्य काम गरेर, सरकारबाट सहयोग प्राप्त, गैर सहकारी संस्था वा अन्य संस्थाहरुबाट सहयोग, खर्च कटौती गरेर (श्रमिक खर्च, पूँजी लागत आदि), ऋण लिएर, विमाबाट क्षतिपूर्ती प्राप्त गरेर, आफ्नै बचतबाट आदि विकल्पहरु मध्ये कुन कुन प्रमुख तीनवटा विकल्पहरु (उपायहरु) को प्रयोग गरेको थियो सोधी प्राथमिकताको आधारमा सोको छनौट गर्नुपर्दछ । यदि कुनै माथि दिइएका उपायहरु मध्ये कुनैपनि उपाय अपनाइएको थिएन भने माथिका कुनैपनि होइन भन्ने विकल्प छनौट गर्नुपर्दछ ।

**५.३.४ तपाईको यो व्यवसाय आघातहरुबाट सुरक्षित भई पुर्व अवस्थामा फर्कियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा परेको गम्भिर असर/आघात समाधानको लागि गरेको प्रयासबाट उक्त व्यवसाय पूर्ववत अवस्थामा फर्किएको थियो थिएन यहाँ बुझ्न खोजिएको छ । यदि, उक्त प्रयासबाट व्यवसाय सुरक्षित भई पूर्ववत अवस्थामा फर्किएको भन्ने जवाफ आएमा फर्कियोमा र नआएमा फर्किएनमा चिन्ह लगाउनु पर्दछ ।

**५.३.५ विगतका तुलनामा तपाईंलाई यस व्यवसायले अब आघातहरुसँग सामना गर्न सक्षम छ भन्ने लाग्छ ?**

विगतमा पशुपालन व्यवसायमा परेको गम्भिर असर/आघातमा परी समाधानको लागि गरेको प्रयासबाट अव हुनसक्ने आघातहरुसँग यदि व्यवसाय सामना गर्न सक्षम छ भन्ने लाग्छ भने 'लाग्छ'मा र छैन भन्ने लाग्छ भने 'लाग्दैन'मा चिन्ह लगाउनु पर्दछ ।

**५.३.६ विगतका तुलनामा आघातको गम्भिरताको तहको बारेमा तपाईंको धारणा के हो ?**

विगतको तुलनामा पशुपालन व्यवसायमा पर्ने गम्भिर असर/आघातहरुको गम्भिरताको तह बढेको, घटेको वा समान रहेको मध्ये हाल कुन अवस्थामा रहेको छ सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.३.७ तपाईको व्यवसायमा कोभिड १९ ले असर पुर्‍याएको छ ?**

हालसालै भएको महामारी रोग कोभिड १९ ले व्यवसायलाई असर पुर्‍याएको छ वा छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**५.३.८ तपाईको व्यवसायमा कोभिड १९ ले कस्तो असर पुर्‍याएको छ ?**

यदि पशुपालन व्यवसायमा कोभिड १९ ले असर पुर्‍याएको भए यहाँ उल्लेख गरिएको असरहरु बजारको अभाव, मलखादको अभाव, पशुको बच्चाको अभाव, कृषि औजारको अभाव, कामदारको अभाव, पशु आहारको अभाव, प्राविधिक सेवाको अभाव, पुँजीको अभाव, उत्पादनको मूल्यमा ह्रास, ऋण भुक्तानीमा कठिनाइ, लगानीमा जोखिम, ढुवानीको साधनको अभाव, उपचारको अभाव, प्राप्त हुनुपर्ने रकमको भुक्तानीमा ढिलाई मध्ये कस्तो कस्तो प्रकारको असरहरु पुर्‍याएको छ सोधी चिन्ह लगाउनु पर्दछ । यो प्रश्नमा बहुउत्तर सम्भव भएको हुँदा एक भन्दा बढि विकल्पमा पनि चिन्ह लाग्न सक्छ ।

### ५.३.९ कृषि मेशीनरी/उपकरणको प्रयोग, संख्या तथा प्रकोप/विपद्द्वारा क्षति विवरण

कृषि मेशीनरी/उपकरण भन्नाले आंशिक वा पूर्णरूपमा कृषिकार्यमा प्रयोग गरिएका औजारहरूलाई जनाउँछ । पशुपालन व्यवसायभित्र गैरकृषिकार्यमा मात्र प्रयोग भएका औजारहरूलाई यसमा समावेश गर्नु हुँदैन । गणना समयमा काम नलाग्ने भएका अथवा बिग्रिइसकेका औजारहरू पनि समावेश गर्नु हुँदैन । अस्थायी रूपमा बिग्रेको र किनेर ल्याउँदै गरेको साधनलाई भने यसमा समावेश गर्नुपर्छ ।

गणनाको दिनमा पशुपालन व्यवसायमा दूध दुहुने मेशिन, चाफ कटर, रबर म्याट, दूध ढुवानी गर्ने ट्याङ्कर, कोल्ड चेन भ्यान, चिलिङ् भ्याट, वेलिङ्ग मेशिन, ड्रायर, फिडर, फिडर वाटरर, ह्विल व्यारो, स्यालो ट्युववेल, डिप ट्युववेल, पम्पसेट, ट्याक्टर, पशु गाडा, रेफ्रीजिरेटर, जेनेरेटर, प्रेसर क्लिनर, फिड मिल उपकरण, तथा अन्य औजार जस्ता चालु अवस्थामा रहेको कृषि मेशीनरी/उपकरण छ वा छैन सोधी छ भने कति वटा छ सोको संख्या महल ३ मा लेख्नुपर्दछ ।

त्यसैगरि महल ४ मा माथि उल्लिखित उपकरणहरु सन्दर्भ वर्षमा पशुपालन व्यवसायले प्रयोग गरेको थियो वा थिएन सोधी थियो भने सम्बन्धित उपकरणको लहरमा कोड १ र थिएन भने कोड २ लेख्नुपर्दछ ।
यस्तै महल ५ मा पशुपालन व्यवसायमा भएका उपकरणहरु सन्दर्भ वर्षमा कुनै प्रकोप/विपद्द्वारा क्षति भएको भए उक्त उपकरण कति वटा क्षति भएको हो सोधी सोको संख्या यस महलमा उल्लेख गर्नुपर्दछ ।

# खण्ड ६
# पशुपालन व्यवसायमा रोजगार, गैर आवासीय भवन तथा सूचनासम्बन्धी विवरण

**६.१ सन्दर्भ वर्षमा, यस व्यवसायद्वारा पशुपालन कार्यको लागि कामदार लिइएको थियो ?**

यहाँ सन्दर्भ वर्षमा पशुपालन व्यवसायद्धारा पशुपालन कार्यको लागि कामदार लिइएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.२ सन्दर्भ वर्षभित्र, पशुपालन कार्यको लागि प्रयोग गरिएका कामदारको संख्या**

यहाँ, पशुपालन कार्यमा संलग्न कामदारसम्बन्धी विवरणहरू सङ्कलन गरिन्छ । पशुपालन कार्यमा संलग्न व्यक्ति जसले नगद, जिन्सी वा अन्य कुनै शर्तमा पारिश्रमिक लिएर वा नलिएर काम गर्ने गर्दछन् भने त्यस्ता व्यक्तिहरूलाई नै कामदार भनिन्छ ।

**स्थायी कामदार**

पारिश्रमिक दिएर सन्दर्भ वर्षभित्र व्यवसायमा नियमितरूपले काम गर्न लगाइएको व्यक्तिलाई स्थायी कामदार भनिन्छ । सन्दर्भ वर्षभित्र काम गरेको जम्मा दिनको (साधारणतया ६ महिना वा सोभन्दा बढी) आधारमा स्थायी र अस्थायी कामदार छुट्टयाउने गरिन्छ तापनि मूलरूपमा काम लगाउने व्यक्तिले उसलाई जुनरूपको कामदार भन्छ, सोहीअनुसार स्थायी वा अस्थायी मान्नु पर्दछ । कामदारले पारिश्रमिकको रूपमा तोकिएको जिन्सी वा नगद जुनसुकै लिएको हुन सक्दछ ।

**अस्थायी कामदार**

अस्थायी कामदार भन्नाले सन्दर्भ वर्षभित्र पारिश्रमिक दिएर पटकपटक वा एकपटक मात्र व्यवसायमा काम लगाएको व्यक्ति हो र निजले नियमित रूपमा त्यहाँ काम गर्ने अपेक्षा गरिएको हुँदैन । छोटकरीमा, दैनिक रूपमा ज्याला दिने गरी व्यवसायको काममा लगाइएको व्यक्तिलाई अस्थायी कामदार मान्नुपर्दछ ।
कुनै कामदार "स्थायी वा अस्थायी" के हो भनी छुट्टयाउन मुलतः उसले कुन शर्तमा काम गरेको छ भन्ने कुरालाई नै आधार मान्नुपर्दछ ।

**परिवार/सञ्चालक सदस्य**

कुनैपनि प्रकारको पारिश्रमिक नलिई हप्ताको **कम्तिमा १६ घण्टा** (साधारणतया काम गरिने समयको एक तिहाइ) काम गर्ने गरी सञ्चालक वा परिवारका सदस्यहरु व्यवसायको कार्यमा संलग्न भएका रहेछन् भने तिनीहरूको संख्यालाई लिङ्गअनुसार महिला, पुरुष छुट्टयाई स्थायी कामदारको महलमा लेख्नु पर्दछ ।

**प्रवन्धक/प्रशासकीय कर्मचारी**

व्यवसायको प्रशासन, लेखा तथा व्यवस्थापनसँग संलग्न रहेका कर्मचारीहरू, व्यवसायको सुरक्षाका लागि राखिएका संस्थाबाटै तलब खाने सुरक्षा गार्ड आदि यसअन्तर्गत पर्दछन् । कर्मचारीको संख्या उल्लेख गर्दा लिङ्ग अनुसार सम्बन्धित महलमा लेख्नु पर्दछ । तलब लिएर व्यावसायमा काम गर्ने परिवारका सदस्यसमेत यसैअन्तर्गत पर्दछन् ।

**दक्ष कामदार**

कुनै औपचारिक शिक्षा अथवा कम्तीमा ३ दिन अवधिको तालिम लिई प्रमाणपत्र प्राप्त गरेका कर्मचारीहरू अथवा व्यवसायको उत्पादनको कार्यमा प्रत्यक्षरूपमा संलग्न कर्मचारी जसले सम्बन्धित व्यवसायमा गर्ने कार्यसम्बन्धी राम्रो कार्य अनुभव हासिल गरेको कामदार भन्ने बुझ्नु पर्दछ । यस्ता कामदारहरुले पशुपालन कार्यमा प्राविधिक तथा अन्य सल्लाह सुझाव दिने कार्य गर्दछन् । यस्ता काम गर्ने कामदारहरुलाई दक्ष कामदारअन्तर्गत राख्नु पर्दछ ।

**अदक्ष कामदार**

अदक्ष कामदार पनि व्यवसायको उत्पादन कार्यमा प्रत्यक्ष संलग्न कर्मचारी नै हुन्छन् तर यिनिहरुबाट व्यवसायमा प्राविधिक कार्यको अपेक्षा गरिएको हुँदैन र निजले व्यवसायमा पशुहरुको हेरचाह गर्ने, खनजोत, र अन्य लाए अराएको काम गर्ने गर्दछन् । यस्ता काम गर्ने कामदारहरुलाई अदक्ष कामदारअन्तर्गत राख्नु पर्दछ ।

**कामदारको प्रकार (महल २)**

यस महलमा सन्दर्भ वर्षमा पशुपालन कार्यमा संलग्न हुने कामदारहरुको प्रकार जस्तैः सञ्चालक/परिवारका सदस्य, प्रबन्धक/प्रशासक, दक्ष कामदार, अदक्ष कामदार राखिएको छ । यस पछिका महलहरु भरिने विवरणहरु यिनै कामदारको प्रकारको आधारमा भर्नु पर्दछ ।

**स्थायी कामदार पुरुष (महल ३)**

यस अन्तर्गत सन्दर्भ वर्षमा व्यवसायमा पशुपालन कार्यका लागि स्थायीरुपले काम गर्ने सञ्चालक/परिवारका सदस्य, प्रबन्धक/प्रशासक, दक्ष, अदक्ष पुरुष कामदारहरु प्रयोग गरिएको भए उक्त पुरुषहरुको संख्या लेख्नु पर्दछ ।

**स्थायी कामदार महिला (महल ३)**

यस अन्तर्गत सन्दर्भ वर्षमा व्यवसायमा पशुपालन कार्यका लागि स्थायीरुपले काम गर्ने सञ्चालक/परिवारका सदस्य, प्रबन्धक/प्रशासक, दक्ष, अदक्ष महिला कामदारहरु प्रयोग गरिएको भए उक्त महिलाहरुको संख्या लेख्नु पर्दछ ।

**अस्थायी कामदार (व्यक्ति दिन) (महल ४)**

यी महल अन्तर्गत महल २ को कामदारको प्रकारको आधारमा संलग्न हुने विभिन्न तहका अस्थायी कामदार ( खासगरी दक्ष/अदक्ष कामदार) को संख्यालाई लिङ्ग अनुसार पुरुष र महिला छुट्टयाई पुरुषको व्यक्ति दिन संख्या र महिला अस्थायी कामदारको व्यक्ति दिन संख्या यस महल ४ अन्तर्गत पुरुष महिला छुट्टयाई लेख्नु पर्दछ । खासगरी परिवार/सञ्चालक र प्रबन्धक/प्रशासकले अस्थायीरुपले पशुपालन कार्यमा काम नगर्ने भएको हुँदा यस महल अन्तर्गत  परिवार/सञ्चालक र प्रबन्धक/प्रशासकको कामदारको संख्या उल्लेख गर्नुपर्दैन ।

यदि आफ्नो व्यवसायमा काम गरिदिएको सट्टामा अरुको व्यवसायमा काम नै गरिदिने अर्थात्, आफूआफूमा आलोपालो गरेर एक परिवारको सदस्यले अर्को परिवारमा काम गरिदिने कार्य गरेको छ भने त्यस किसिमले काम गर्ने कामदारलाई पनि यसै अस्थायी कामदार अन्तर्गत पुरुष र महिला छुट्टयाई व्यक्ति दिनमा उल्लेख गर्नुपर्दछ ।

यदि व्यवसायले आफ्नो व्यवसायमा कुनै पुर्ण वा आंशिक कार्य ठेक्कामा लगाएको भए कामदारको प्रकारअनुसार काम गर्ने कामदारलाई पनि यसै अस्थायी कामदार अन्तर्गत पुरुष र महिला छुट्टयाई व्यक्ति दिनमा उल्लेख गर्नुपर्दछ ।

एक व्यक्तिले एक दिनमा गरेको कामलाई एक व्यक्तिदिन मानिन्छ । एक व्यक्तिले ४ दिन काम गरेको छ भने उसले काम गरेको व्यक्तिदिन सङ्ख्या ४ हुन्छ । तीन जनाले ५ दिन काम गरेको भए जम्मा व्यक्तिदिन सङ्ख्या १५ (३ × ५= १५) हुन्छ । व्यक्तिदिन संख्या गणना गर्दा सामान्यतया ८ घण्टाको अवधिलाई एक व्यक्तिदिन मानी गणना गर्नुपर्दछ ।

**६.३ सन्दर्भ वर्षमा यस व्यवसायले पशुपालन कार्यको लागि ठेक्कामा कामदार लगाइएको थियो ?**

यस प्रश्नमा पशुपालन व्यवसायले सन्दर्भ वर्षमा पशुपालन कार्यको लागि ठेक्कामा कामदार लगाएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.४ सन्दर्भ वर्षमा यस व्यवसायले पशुपालन कार्यको लागि कामदारको अभावको अनुभव गरेको थियो ?**

पशुपालन व्यवसायले सन्दर्भ वर्षमा पशुपालन कार्यको लागि कामदारको अभाव अनुभव गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.५ यस व्यवसायले कामदारको अभावको व्यवस्थापन कसरी गरेको थियो ? (बहुउत्तर सम्भव छ)**

पशुपालन व्यवसायले सन्दर्भ वर्षमा कामदारको अभावको अनुभव गरेको भए सोको व्यवस्थापनका लागि ठेक्कामा दिएको, आंशिक पशुपालन कार्य गरेको, आफै बढि खटेको, कम कामदार चाहिने पशुपालनमा मात्र सिमित भएको, आधुनिक मेसिन प्रयोग गरेको मध्ये कुन कुन कार्य गरेको थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि, कामदारको अभाव भएपछि पशुपालन कार्य बन्द गरेको भए पशुपालन कार्य बन्द गरेको विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**६.६ प्रयोग र स्वामित्वअनुसार गैरआवासीय भवनको संख्या**

पशुपालन व्यवसायले सन्दर्भ वर्षमा पशुपालन कार्यको लागि कुनै गैरआवासीय भवनको प्रयोग गरे नगरेको तथा स्वामित्व बारे यहाँ बुझ्न खोजिएको छ ।

**गैरआवासीय (घर) भन्नाले -** सामन्यतया चारैतिर गारो/टाटी लगाई छानो हालेर मानिस बस्नका लागि नभई कार्यालय संचालनका लागि, पशुपालनको लागि, पशुपालनबाट भएको उत्पादन भण्डारणको लागि, कृषि औजार तथा मेशिनरी व्यवस्थापनको लागि, बिउ विजन, मलखाद तथा आहारको लागि, वा अन्य विविध कार्यको लागि बनाइएको संरचनालाई बुझाउँछ ।

(क) **कार्यालय संचालनको लागिः** कार्यालय सञ्चालनको लागि भवन भन्नाले पशुपालन व्यवसायले व्यवसाय संचालनको लागि प्रयोग गरिएको व्यवस्थापकिय भवनलाई बुझ्नुपर्दछ ।

**(ख) पशुपालनको लागिः** यसमा चराचुरुङ्गीबाहेक घरपालुवा चौपायाका लागि प्रयोगमा ल्याइएका गोठ आदि पर्दछन् ।

**(ग) पशुपालनबाट भएको उत्पादन भण्डारणको लागिः** पशुपालनबाट भएको उत्पादन भण्डारणको लागि प्रयोगमा ल्याइएका जस्तैः दूध, ऊन, घाँसपात आदि उत्पादित वस्तुहरु राख्नका लागि बनाइएका संरचनाहरु (घर) यसमा पर्दछन् ।

**(घ) कृषि औजार तथा मेशिनरी व्यवस्थापनको लागिः** व्यवसायले कृषि औजार तथा मेशिनरी व्यवस्थापनको लागि प्रयोग गरिएको घर यस अन्तर्गत पर्दछ ।

**(ङ) आहार, बिउ विजन तथा मलखादको लागिः** यस अन्तर्गत व्यवसायले बिउ विजन, मलखाद तथा आहारको व्यवस्थापनको लागि प्रयोग गरेको घर पर्दछ ।

**(च) अन्य विविध कार्यको लागिः** माथि उल्लेखित प्रयोजनबाहेक अन्य विविध कार्यका लागि व्यवसायले प्रयोगमा ल्याइएका भवनहरू यसमा पर्दछन् ।

**प्रयोग र स्वामित्वअनुसार गैरआवासीय भवनको सङ्ख्या**

यो प्रश्नमा गणनाको समयमा गैरआवासीय भवनको प्रयोग र स्वामित्वको बारेमा उल्लेख गरी सङ्ख्या खुलाउनु पर्छ ।

पशुपालन व्यवसायमा गणनाको दिनमा महल २ मा दिएको गैरआवासीय भवनको प्रयोगको किसिम अनुसार उक्त भवनको संख्या सोधी जम्मा संख्या महल ३ मा लेख्नुपर्दछ र सो भवन आफ्नो स्वामित्वको, बहालमा लिएको वा अन्य शर्तमा लिएको सोधी स्वामित्वको प्रकार अनुसारको संख्या उपयुक्त महलमा लेख्नुपर्दछ ।

**भवनको स्वामित्व**

यसले पशुपालन कार्यको लागि प्रयोग गरिएको गैरआवासीय भवनको स्वामित्व अथवा अधिकार कसमा निहित छ भन्ने कुरा बुझाउँछ ।

**आफ्नै स्वामित्व**

व्यवसायको आफ्नै हकमा रहेका भवन यसअन्तर्गत पर्दछन् ।

**बहालमा लिएको**

व्यवसायले पशुपालन प्रयोजनको लागि भाडा तिर्ने गरी प्रयोग गरेको अरूको हकका भवनहरू यसमा पर्दछन् ।

**अन्य शर्तमा लिएको**

व्यवसायले आफ्नो प्रयोगको लागि आफ्नो स्वामित्व पनि नभएको र भाडा पनि नलिई अन्य कुनै प्रकृयाबाट प्राप्त गरेको भवनहरू यसमा पर्दछन्, जस्तैः घरधनीको सहायताले भाडा नतिर्ने शर्तमा लिएका भवन, कानुनी वादविवाद परेको तर प्रयोग गरिरहेको भवन आदि ।

६.७ **सन्दर्भ वर्षमा, यस व्यवसायले कुन कुन कार्यका लागि सूचनाको उपयोग गरेको थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, व्यवसायले कृषि कार्यहरु जस्तै पशुको आहार, उत्पादनको मूल्य, पशुको स्वास्थ्य तथा प्रजनन सम्बन्धी, मौसम तथा वातावरणको पूर्वानुमान, अनुदान सम्बन्धी, साधनको उपलब्धता तथा मुल्य र भण्डारण, प्रशोधन, प्याकेजिङसम्बन्धी मध्ये कुन कुन कार्यका लागि सूचना प्रयोग गरेको थियो सोधी तत् तत् विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका मध्ये कुनै पनि कार्यका लागि सूचना प्रयोग नगरेको भए कुनै पनि कार्यका लागि सूचना प्रयोग नगरेको भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

६.८ **सन्दर्भ वर्षमा पशुपालनसम्बन्धी जानकारी कुन कुन सूचनाका स्रोतहरुबाट लिनु भएको थियो ?(बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले प्रश्न ६.७ मा उल्लेख गरिएको कृषि कार्यको लागि उपयोग गरेका सूचनाहरुको कुन कुन स्रोतहरुबाट जस्तैः सरकारी वा अन्य सार्वजनिक संस्थाहरु, अन्य कृषकहरु, कृषकहरुको समूह वा संघहरु, गैरसरकारी संस्थाहरु वा गैर सरकारी परियोजना, नीजि प्राविधिक/सेवा प्रदायक, एग्रोभेट मध्ये कुन कुन स्रोतहरुबाट लिएको थियो सोधी तत् तत् विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अन्य सूचना स्रोतहरु प्रयोग गरेको भए अन्यमा उल्लेख गर्नुपर्दछ ।

६.९ **सन्दर्भ वर्षमा, पशुपालनसम्बन्धी जानकारी कुन कुन माध्यमबाट लिनुभयो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले पशुपालनसम्बन्धी सूचनाहरु सिधा छलफल, टेलिफोन, रेडियो, टेलिभिजन, इन्टरनेट (वेब साइट), पत्रपत्रिका, मोबाईल एप मध्ये कुन कुन माध्यमबाट लिएको थियो सोधी उक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अरु कुनै माध्यमबाट लिएको भए अन्यमा चिन्ह लगाउनु पर्दछ ।

## खण्ड ७:
## उत्पादन विधि तथा वातावरण (PME Module)

उत्पादन विधि तथा वातावरण मोड्युल, AGRIS कार्यक्रम अन्तर्गत मुख्य मोड्युलस" गै सोधिने प्रश्नावलीहरुमध्ये एक हो। उत्पादन विधि तथा वातावरण मोड्युल मुख्यतया पशुपालन व्यवसायको उत्पादन विधि तथा अभ्यासस" ग सम्बन्धित छ। यस मोड्युलमा ऊर्जाको प्रयोग, पशु स्वास्थ्य तथा प्रजनन्, पशुको लागि पिउने पानी, मल व्यवस्थापन, कृषि सूचना तथा सेवा, पूर्वाधार तथा सेवाहरुको प्रयोग र पहुँच, फोहार व्यवस्थापन, जलवायु परिवर्तन र यसले पार्ने असर सम्बन्धी विवरणहरु संकलन गरिन्छ।

### भाग ७.१ ऊर्जाका स्रोतसम्बन्धी विवरण

प्रश्नावलीको यस भागमा पशुपालन व्यवसायले पशुपालन सम्बन्धी गतिविधिका लागि प्रयोग गरेका ऊर्जाका स्रोतहरुको विवरण लिनुपर्दछ। ऊर्जाका स्रोतहरुको विवरण लिँदा घरायसी गतिविधिमा प्रयोग भएको ऊर्जालाई छुट्याएर पशुपालन कार्यमा प्रयोग भएकोलाई मात्रै उल्लेख गर्नुपर्दछ।

**७.१.१ सन्दर्भ-वर्षमा पशुपालनको लागि प्रयोग गरिएका ऊर्जाका स्रोतहरु कुन कुन थिए ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा ~~पशुपालन~~ व्यवसायले पशुपालन कार्य गर्नको लागि विद्युत, पेट्रोलियम पदार्थ, बायोमास ( दाउरा/गुईठा), बायोग्याँस, सोलार, अन्य उर्जा/इन्धन मध्ये कुन कुन ऊर्जाका स्रोतहरु प्रयोग गरेको थियो सोधी प्रयोग भएका सबै स्रोतहरुमा चिन्ह लगाउनु पर्दछ।

**विद्युत**

नेपाल विद्युत प्राधिकरण वा अन्य कुनै समुदायबाट उत्पादन गरी वितरित उर्जाको रुपमा व्यवसायले प्रयोग गरेको उर्जाको विभिन्न स्रोतहरु मध्ये विद्युत एक प्रकारको स्रोत हो।

**पेट्रोलियम पदार्थ**

यस सर्वेक्षणको सन्दर्भमा पेट्रोलियम पदार्थ भन्नाले उर्जाको रुपमा व्यवसायले प्रयोग गरेको पेट्रोलजन्य पदार्थ जस्तैः पेट्रोल, डिजेल, मट्टितेल, एल.पि.ग्यास आदि लाई बुझ्नु पर्दछ।

**बायोमास**

बायोमास भन्नाले जैविक पदार्थहरू जस्तैः दाउरा, मकैको ढोड, काठ चिर्दा आएको भुस, गोबर मलबाट बनाइएका गुइ" ठा आदि बालेर प्रयोग गरिने ऊर्जालाई बुझ्नुपर्दछ।

**बायोग्याँस**

बायोग्या" स भन्नाले जैविक पदार्थहरु जस्तैः जैविक फोहोर, फालिएको खाना, पशुजन्य फोहोर आदि कुहाएर निकालिएको मिथेन ग्या" स भन्ने बुझ्नु पर्दछ। जस्तैः गोबर ग्या" स।

**सोलार**

सोलार भन्नाले सूर्यको प्रकाश/ताप प्रयोग गरी विभिन्न प्रविधि मार्फत उत्पादित ऊर्जालाई बुझ्नुपर्दछ।

**अन्य ऊर्जा/इन्धन**

माथि उल्लिखित विभिन्न ऊर्जा स्रोतहरु प्रयोग नगरी अरु नै ऊर्जा स्रोतहरु प्रयोग गरिएको छ भने **अन्य ऊर्जा/इन्धन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**प्रयोग नभएको**

पशुपालन कार्यमा कुनै पनि ऊर्जा स्रोतहरु प्रयोग गरिएको छैन भने **प्रयोग नभएको** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## भाग ७.२ पशुपालन उत्पादन विधिसम्बन्धी विवरण

प्रश्नावलीको यस भागमा पशुपालनको उत्पादन विधि, प्रजनन् विधि, आहार, पानी, आवास, मलको प्रयोग जस्ता विवरण लिई तथ्याङ्क संकलन गर्नुपर्दछ ।

### ७.२.१ पशुको स्वास्थ्य तथा प्रजननसम्बन्धी विवरण

**७.२.१.१ सन्दर्भ वर्षमा, यस व्यवसायले पशु चिकित्सा सेवाहरु लिएको थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायले पशुको उपचारको लागि, रोग लाग्न नदिनका लागि तथा प्रजनन्को लागि कुनै चिकित्सा सेवा लिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.१.२ सन्दर्भ वर्षमा, यस व्यवसायले कुन कुन प्रयोजनका लागि पशु चिकित्सा सेवाहरु लिएको थियो? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायले लिएको चिकित्सा सेवा के को लागि थियो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

- व्यवसायले पशुहरुमा लागेको रोग वा स्वास्थसम्बन्धी समस्याको उपचारको लागि चिकित्सा सेवा लिइएको थियो भने उपचारमूलक भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- व्यवसायले पशुहरुमा रोग लाग्न वा स्वास्थ्यसम्बन्धी समस्या आउन नदिनको लागि रोकथाम गर्ने उद्देश्यले चिकित्सा सेवा लिइएको थियो भने रोकथाममूलक भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- व्यवसायले लिएको चिकित्सा सेवा पशु प्रजनन्स" ग सम्बन्धित थियो भने प्रजनन् भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

**७.२.१.३ सन्दर्भ वर्षमा यस व्यवसायले पशुको लागि प्रयोग गरिएको प्रमुख प्रजनन विधि के थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायले पशु प्रजननको लागि अपनाएको विधि के थियो भनी सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

- व्यवसायमा भएको भाले प्रजाति छनौट गरी वा अरु व्यवसायको भाले प्रजाति मार्फत् प्राकृतिक गर्भधान गराइएको थियो भने प्राकृतिक प्रजनन विधि भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- पशु चिकित्सक वा प्रजन्न केन्द्र आदिका प्राविधिक सल्लाह अनुरुप विभिन्न प्रविधिमार्फत् कृत्रिम गर्भाधान गराइएको थियो भने कृत्रिम प्रजनन् विधि भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.१.४ सन्दर्भ वर्षमा, यस व्यवसायमा पशुको लागि प्रजनन सेवा उपलब्ध गराउने प्रमुख प्रदायक को थिए ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा उल्लेखित पशु गर्भाधान गराउन प्रयोग गरिएको प्रजनन् सेवा उपलब्ध गराउने प्रमुख संस्था कुन थियो सोधी कुनै एक सेवा प्रदायक उल्लेख गर्नुपर्दछ ।

- निजी क्षेत्रका पशु चिकित्सक वा प्राविधिकबाट सेवा लिईएको थियो भने निजी पशु प्राविधिक भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- नेपाल सरकारका वा सरकारी पशु कार्यालयका प्राविधिक वा पशु चिकित्सकबाट सेवा लिईएको थियो भने सरकारी पशु प्राविधिक भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- व्यवसाय आफैं पशु प्रजननसम्बन्धी चिकित्सक सेवाको अनुभव भएर आफैं व्यवस्था गरेको थियो भने आफ्नै व्यवस्थापन भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशु चिकित्सासम्बन्धी तालिम लिई ग्रामीण क्षेत्रमा ग्रामिण पशु स्वास्थ्य कार्यकर्ताको रूपमा कार्यरत प्राविधिकबाट लिएको सेवा भए ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- माथि उल्लेखित सेवा प्रदायकहरु भन्दा अन्य प्रदायकबाट सेवा लिएको भए अन्य भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.१.५ सन्दर्भ वर्षमा, यस व्यवसायले पशुमा एन्टेवायोटिक्सको प्रयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा व्यवसायले पशु उपचार गर्न वा रोकथाम गर्न वा घातक जिवाणुहरूलाई मारी स्वस्थ्य बनाउन एन्टेवायोटिक्स प्रयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.१.६ सन्दर्भ वर्षमा, यस व्यवसायले पशुमा वृद्धि प्रवर्द्धक (Growth promoter) को प्रयोग गरेको ~~मर्नुभएको~~ थियो ?**

सन्दर्भ वर्षमा व्यवसायले बृद्धि प्रवर्द्धकको प्रयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहा" , बृद्धि प्रवर्धकको प्रयोग भन्नाले पशुको वजन बढाउने वा उत्पादन बढाउने उद्देश्यले प्रयोग गरिएको औषधी, भिटामिन वा अन्य वस्तुको प्रयोगलाई बुझ्नुपर्दछ ।

**७.२.१.७ सन्दर्भ वर्षमा, यस व्यवसायले पशुमा परम्परागत औषधीको प्रयोग गरिएको थियो ?**

सन्दर्भ वर्षमा व्यवसायले पशुको उपचारमा परम्पारगत औषधीको प्रयोग गरको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ। यहा" , परम्परागत औषधी भन्नाले विभिन्न परिस्थिति, विश्वास र संस्कृतिमा आधारित स्वदेशी अनुभव, ज्ञान, सीप र विभिन्न अभ्यासहरु मार्फत् पशुको उपचारात्मक, रोकथाममूलक प्रजनन् वा अन्य उपचारको लागि प्रयोग गरिने औषधी भन्ने बुझ्नुपर्दछ ।

**७.२.१.८ सन्दर्भ वर्षमा यस व्यवसायले पशुमा कुन कुन प्रयोजनको लागि परम्परागत औषधीको प्रयोग गरेको थियो? ( बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा व्यवसायले परम्पारगत औषधीको प्रयोग कुन कुन प्रयोजनको लागि गरेको थियो सोधी विभिन्न विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

- पशुहरुमा लागेको रोग वा स्वास्थ्यसम्बन्धी समस्याको उपचारको लागि परम्परागत औषधीको प्रयोग गरेको थियो भने **उपचारमूलक** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशुहरुमा रोग लाग्न वा स्वास्थ्यसम्बन्धी समस्या आउन नदिनको लागि रोकथाम गर्ने उद्देश्यले परम्परागत औषधीको प्रयोग गरेको थियो भने **रोकथाममूलक** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
    - पशुलाई गर्भधान गराउनको लागि प्रयोग गरिएको थियो भने **प्रजनन** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
    - माथि उल्लेखित प्रयोजन भन्दा अन्य प्रयोजनको लागि परम्परागत औषधीको प्रयोग गरेको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
    - यदि कुनै पनि प्रयोजनको लागि होईन भने **कुनै पनि होईन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.१.९ सन्दर्भ वर्षमा, यस व्यवसायले पशुजन्य रोग नियन्त्रणका कुनै विशेष उपायहरु अपनाएको थियो ?**

सन्दर्भ वर्षमा व्यवसायले पशुजन्य रोग नियन्त्रणका लागि सामान्य औषधी उपचार बाहेक अन्य कुनै विशेष उपायहरु अपनाइएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.१.१० यस व्यवसायले पशुजन्य रोग नियन्त्रणका लागि के के उपायहरु अपनाएको थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुजन्य रोग नियन्त्रण गर्न व्यवसायले कस्ता किसिमका उपायहरु अपनाएको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

- औषधीको प्रयोग गर्दा यसको प्रयोगको सन्दर्भमा दिएका निर्देशनहरु जस्तैः प्रयोग गर्ने मात्रा, प्रयोग गर्ने विधि, समय आदिको पालना गरिएको छ भने **औषधीको प्रयोगसम्बन्धी निर्देशन पालन गरेर** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशुजन्य रोगको प्रकोपहरु हुँदा घरायसी वस्तुहरु तथा अन्य प्राङ्गारिक पदार्थहरुबाट बनाइएको औषधीको प्रयोग गरी नियन्त्रण गरिएको छ भने **जैविक औषधीको प्रयोग गरेर** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशुजन्य रोग नियन्त्रणका लागि चरन हेरफेर गरिएको छ भने **चरन हेरफेर गरेर** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशुजन्य रोग नियन्त्रणका लागि प्रयोग भएका उपकरणको व्यवस्थित सरसफाई गरेको छ भने **उपकरणको व्यवस्थित सरसफाई गरेर** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।
- पशुहरुमा रोगको प्रकोप छ कि छैन भनी परिक्षण पश्चात पशुहरुलाई सुरक्षित ठाँउ (क्वारन्टाईन)मा राखिएको छ भने **पशुलाई क्वारन्टाईनमा राखेर** विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- रोग नियन्त्रणको निम्ति रोग प्रतिरोधी वा रोगबाट बच्न सक्ने प्रजातिका पशु पालिएको थियो भने **रोग प्रतिरोधी वा अनुकूल पशुको प्रजाति पालेर** भन्ने विकल्पमा चिन्ह लगाउनुपर्दछ ।

## ७.२.२ पशुको लागि पिउने पानी सम्बन्धी विवरण

**७.२.२.१ सन्दर्भ वर्षमा, पशुका लागि खुवाउन प्रयोग गरिएको पानीको मुख्य स्रोत के थियो ?**

सन्दर्भ वर्षमा पशुलाई सबै मौसममा (वर्षैभरी) पानी खुवाउने मुख्य स्रोत कुन थियो सोधी उल्लेखित पानीका स्रोतहरु जस्तैः **वोरिङ गरिएको पानी, इनार कुवा, धाराको पानी, नदी खोला, ताल बाध पोखरी, जम्मा गरिएको वर्षात्को पानी** मध्ये उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । माथि उल्लेखित पानीको स्रोतभन्दा अन्य मुख्य स्रोत थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.२.२ सन्दर्भ वर्षमा पशुलाई पानी खुवाउनका लागि समस्या परेको थियो ?**

सन्दर्भ वर्षमा पशुलाई पानी खुवाउन समस्या परेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.२.३ समस्या भएको बेलामा पशुलाई पानी खुवाउन नसक्नुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा पशुलाई पानी खुवाउन समस्या भएको समयमा पानी खुवाउन नसक्नुको कारण सोधी उपयुक्त कारणमा चिन्ह लगाउनु पर्दछ ।

- पानीको स्रोतहरु प्रर्याप्त नभएकाले केही स्रोतहरुमा निर्भर हुनु परेकोले पानी खुवाउन नसकिएको हो भने **सीमित पानीका स्रोतहरु** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- उपलब्ध पानीका स्रोतहरुमा पानीको अभाव भएर पानी खुवाउन नसकिएको हो भने **भइरहेका पानीका स्रोतहरुमा पानीको अभाव** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

- उपलब्ध पानीका स्रोतहरुमा पानी फोहोर भएर खुवाउन अयोग्य भएकाले समस्या भएको हो भने **भइरहेका पानीका स्रोतहरुमा फोहोर पानी** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- माथि उल्लेखित विकल्पबाहेक अन्य कारणले पानी खुवाउन समस्या भएको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.२.४ सन्दर्भ वर्षमा, पशुलाई पानी उपलब्ध गराउन गरिएका समाधानका उपायहरु के के थिए ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा पशुलाई पानी खुवाउन समस्या भएपछि समाधानका लागि गरिएका उपायहरु जस्तैः **व्यवसाय नजिकैको अन्य स्रोतको पानी निःशुल्क प्रयोग गरेर, व्यवसाय नजिकैको अन्य स्रोतको पानी शूल्क तिरेर, व्यवसायबाट टाढाको अन्य स्रोतको पानी निःशुल्क प्रयोग गरेर, व्यवसायबाट टाढाको अन्य स्रोतको पानी शुल्क प्रयोग गरेर** मध्ये कुन कुन थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । **व्यवसाय नजिकै भन्नाले आधा घण्टासम्म लाग्ने पैदल दुरीलाई मान्नुपर्दछ ।**

## ७.२.३ मल व्यवस्थापन सम्बन्धी विवरण

**७.२.३.१ सन्दर्भ वर्षमा, यस व्यवसायमा कुन कुन प्रकारका प्राङ्गारिक मल उत्पादन गरिएको थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा प्राङ्गारिक मल जस्तैः उत्पादन गरेको गोठे मल, कम्पोष्ट मल, गोबर ग्यासको लेदो मध्ये कुन कुन मल उत्पादन गरिएको थियो सोधी उत्पादन गरिएको प्राङ्गारिक मलहरूमा चिन्ह लगाउनु पर्दछ ।

- गाईवस्तुको दिशा पिसाव तथा सोत्तर समिश्रणबाट बनेको मल उत्पादन गरिएको थियो भने **गोठे मल** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- पात पतिङ्गर कुहाएर मल उत्पादन गरिएको थियो भने **कम्पोष्ट मल** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- पशुपालन व्यवसायमा बायोग्याँसबाट मल उत्पादन गरिएको थियो भने उक्त बायोग्यासबाट उत्पादित लेदो मललाई **गोवर ग्यासको लेदो** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- यदि व्यवसायले माथि उल्लेखित कुनैपनि प्राङ्गारिक मल उत्पादन गरेको थिएन भने **कुनै पनि थिएन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.३.२ सन्दर्भ वर्षमा यस व्यवसायमा उत्पादित प्राङ्गारिक मल बेचेको वा कसैलाई दिएको थियो ?**

सन्दर्भ वर्षमा व्यवसायले उत्पादन गरेको प्राङ्गारिक मल बेचेको वा दिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.३.३ सन्दर्भ वर्षमा, बेचेको वा कसैलाई दिएको (प्राङ्गारिक मल) को परिमाण सम्बन्धी विवरण**

सन्दर्भ वर्षमा व्यवसायले उत्पादन गरी बेचेको वा दिएको प्राङ्गारिक मलको विवरण लिनुपर्दछ । पशुपालन व्यवसायले प्राङ्गारिक मल उत्पादन गरी बेचेका भए सोको परिमाण किलोग्राममा र जम्मा विक्री मूल्य उल्लेख गर्नुपर्दछ । त्यसैगरि उत्पादन गरेको **मल, वस्तु वा सेवास" ग साटिएको** वा **निःशुल्क रूपमा अरुलाई दिइएको** थियो भने कति कति परिमाण दिएको थियो सोधी किलोग्राममा उल्लेख गर्नुपर्दछ ।

**७.२.३.४ सन्दर्भ वर्षमा, (प्राङ्गारिक मल) को कति प्रतिशत तलका मल व्यवस्थापन विधि प्रयोग गरेर व्यवस्थित गरिएको थियो ?**

सन्दर्भ वर्षमा व्यवसायले उत्पादन गरेको मलको व्यवस्थापनको लागी **परम्परागत वा सुधारिएको विधि** मध्ये कुन विधि प्रयोग गरेको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । साथै, कति प्रतिशत प्राङ्गारिक मल परम्परागत विधिबाट र कति प्रतिशत सुधारिएको विधि प्रयोग गरेर व्यवस्थित गरिएको थियो प्रतिशतमा सोधी उल्लेख गर्नुपर्दछ । यहा" , सुधारिएको मल व्यवस्थापन विधि भन्नाले मलमा भएको पोषक तत्वलाई संरक्षण गर्ने उद्देश्यले घामपानीबाट जोगाई व्यवस्थित तरिकाले राखिएको भन्ने बुझ्नु पर्दछ । त्यस्तै, परम्परागत मल व्यवस्थापन विधि भन्नाले खुल्ला रुपमा घामपानीबाट पनि नजोगाई अव्यवस्थित तरिकाले राखिएको भन्ने बुझ्नु पर्दछ ।

**७.२.३.५ सन्दर्भ वर्षमा, यस व्यवसायले उत्पादन गरेको मल अन्य कुनै उद्देश्यको लागि प्रयोग गरिएको थियो ?**

सन्दर्भ वर्षमा, व्यवसायले उत्पादन गरेको मल अन्य कुनै प्रयोजनको लागि प्रयोग गरिएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.२.३.६ सन्दर्भ वर्षमा, यस व्यवसायले उत्पादन गरेको मल अन्य कुन कुन उद्देश्यको लागि प्रयोग गरिएको थियो ? ( बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले उत्पादन गरको प्राङ्गारिक मल अन्य कुन कुन प्रयोजनको लागि प्रयोग गरको थियो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

- ऊर्जा उत्पादनको लागि मल प्रयोग गरेको थियो भने **ऊर्जाको लागि** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । जस्तैः गाई गोरुको मलबाट गुइठा बनाई आगो बाल्ने गरिएको छ भने ऊर्जा उत्पादनको लागि प्रयोग गरको मल भन्ने बुझ्नुपर्दछ ।
- निर्माण कार्यको लागि मल प्रयोग गरिएको थियो भने **निर्माणको लागि** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । जस्तैः घर वा गोठहरु निर्माणको क्रममा गोबर मल निर्माण सामग्रीको रुपमा प्रयोग गरिएको थियो भने निर्माणमा प्रयोग गरिएको मल भन्ने बुझ्नु पर्दछ ।
- आहारको लागि मलको प्रयोग गरिएको थियो भने **आहारको लागि** भन्ने विकल्पमा चिन्हलगाउनु पर्दछ । जस्तैः बंगुरपालनबाट निष्कासित मल माछापालनमा प्रयोग गरिएमा वा अन्य आहार उत्पादन गर्न मल प्रयोग गरिएमा आहारको लागि प्रयोग गरिएको मल भन्ने बुझ्नु पर्दछ ।

## भाग ७.३ सन्दर्भ वर्षमा, सूचना, पूर्वाधार र सार्वजनिक स्रोत साधनको पहुँच र प्रयोगसम्बन्धी विवरण

यस भागमा सूचना, पूर्वाधार र सार्वजनिक स्रोत साधनको पहुँच र प्रयोग सम्बन्धी विवरण लिनुपर्दछ । साथै, सुविधाको उपलब्धता वा पह" ुच र पशुपालन व्यवसायले सामना गर्नु परेको मुख्य समस्याहरु पहिचान गर्नु यस भागको मुख्य उद्देश्य हो ।

### ७.३.१ पशु सूचना तथा सेवासम्बन्धी विवरण

**७.३.१.१ सन्दर्भ वर्षमा यस व्यवसायले उत्पादन बेच्नु अगाडि बजार अवस्थाको बारेमा जानकारी राख्ने गरेको थियो ?**

सन्दर्भ वर्षमा, व्यवसायले उत्पादन विक्री गर्नु अगाडि बजारमा उत्पादनको माग तथा आपूर्ति वा बजार मूल्यको बारेमा जानकारी राख्ने गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.३.१.२ सन्दर्भ वर्षमा यस व्यवसायले पशुका लागि प्राविधिकको सेवा कहाँ कहाँबाट लिनुभएको थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायले पशुका लागि आवश्यक पर्ने प्राविधिकको सेवा आफ्नै प्राविधिक वा सरकारी प्राविधिक वा गैर सरकारी प्राविधिक कहाँ कहाँबाट लिएको हो सोधी उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि व्यवसायले कुनै प्राविधिकको सेवा नलिएको भए **सेवा नलिएको** विकल्प छनौट गरी प्रश्न नं. ७.३.१.४ सोध्नुपर्दछ । प्राविधिक सेवा भन्नाले उत्पादन बृद्धिको लागि अपनाएका सेवालाई बुझ्नुपर्दछ । जस्तैः पशु स्वास्थ्य, पूर्वाधारको व्यवस्थापन, पशु आहार, मल व्यवस्थापन आदि ।

**७.३.१.३ सन्दर्भ वर्षमा, यस व्यवसायमा आवश्यक पर्ने प्राविधिक सेवा पर्याप्त थियो ?**

सन्दर्भ वर्षमा, व्यवसायमा आफ्नै वा सरकारी वा गैर सरकारी प्राविधिकले दिएको पशुपालन कार्यका लागि आवश्यक पर्ने प्राविधिक सेवा प्रर्याप्त थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्हलगाउनु पर्दछ ।

**७.३.१.४ सन्दर्भ वर्षमा, पशुका लागि प्राविधिकको सेवा नलिनु/पर्याप्त नहुनुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा प्राविधिकको सेवा नलिनु वा प्रर्याप्त नहुनुको मुख्य कारणहरु जस्तैः **आवश्यक नभएर, टाढा भएर, सेवा प्रदायक व्यस्त भएर, उपलब्ध नभएर, आउन नचाहेर, महंगो भएर** मध्ये कुन मुख्य कारण थियो सोधी चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित कारणबाहेक अन्य कुनै कारण थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

### ७.३.२ पूर्वाधार (यातायत, सूचना प्रविधि र सुविधासँगको पहुँच)

**७.३.२.१ सन्दर्भ वर्षमा, यस व्यवसायमा कुन कुन प्रयोजनको लागि यातायातका साधनहरु उपलब्ध थिए ? (बहुउत्तर सम्भव छ)**

यहा" सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा कुन कुन प्रयोजन वा कार्यका लागि यातायातको साधनहरु उपलब्ध थियो सोधी विभिन्न प्रयोजनका विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ ।

- पशु ओसारपसार गर्ने प्रयोजनको लागि यातायातको साधन उपलब्ध थियो भने **पशु ओसारपसार गर्ने** विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- यदि पशुलाई खुवाउने दाना तथा उत्पादित घाँसबाली ओसार पसार गर्ने यातायातको साधन उपलब्ध थियो भने **दाना/घाँसबाली ओसार पसार गर्ने** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- पानी वा अन्य तरल पदार्थ ओसारपारार गर्ने प्रयोजनको लागि यातायतको साधन उपलब्ध थियो भने **पानी वा अन्य तरल पदार्थ ओसार पसार गर्ने** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- उत्पादित वस्तु चिस्याउन मिल्ने यातायातको साधन उपलब्ध थियो भने **चिस्यान सहितको ओसारपसार गर्ने** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- माथि उल्लेखित विकल्पहरु बाहेक अन्य प्रयोजनका लागि यातायात साधन उपलब्ध थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।
- कुनै पनि साधनहरु उपलब्ध थिएनन् भने **कुनै पनि नभएको** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.३.२.२ सन्दर्भ वर्षमा, यस व्यवसायको तल उल्लेखित सेवा सुविधामा पहुँचको अवस्था र उक्त सेवाको लागि मुख्य सवारी साधन/पैदलको प्रयोग र लाग्ने समयसम्बन्धी विवरण**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायको विभिन्न सेवा सुविधास" ग पहु" च थियो भने सुविधा प्राप्त गर्नको लागि आउन जान प्रयोग गरिएको सवारी साधन र एकतर्फी जान लाग्ने समय अवधिको बारेमा प्रस्तुत प्रश्नमार्फत

जान्न खोजिएको छ । त्यसैले सुविधासम्बन्धी विवरण उल्लेख गरिएको महलमा भएका सुविधा व्यवसायमा थियो थिएन सोधी, पहु" च थियो वा थिएन भन्ने महलमा थियो भने १ र थिएन भने २ लेख्नु पर्दछ । सवारी साधनको किसिम भन्ने महलमा जुन जुन सुविधाको पहु" च थियो त्यो सुविधा प्राप्त गर्न कुन कुन किसिमको सावरी साधन प्रयोग गरेको थियो सोधी उक्त सुविधा लिन प्रयोग गरिएको सवारी साधनलाई एकतर्फी कति समय लागेको थियो घन्टा र मिनेटमा लेख्नु पर्दछ ।

**७.३.२.३ सन्दर्भ वर्षमा, तपाईंको समुदायमा सञ्चालन भइरहेको पशु विकाससँग सम्बन्धित परियोजनाहरुको बारेमा जानकार हुनुहुन्थ्यो ?**

सन्दर्भ वर्षमा, व्यवसायलाई आफ्नो व्यवसाय भएको समुदायमा सञ्चालन भइरहको पशु विकासस" ग सम्बन्धित परियोजनाको बारेमा जानकारी थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यहा" पशु विकासस" ग सम्बन्धित परियोजना भन्नाले, क्षमता अभिबृद्धि गर्ने, यान्त्रिकिकरण वा पूर्वाधार विकास गर्ने, उत्पादकत्व तथा बजार अभिवृद्धि गर्ने, पशु नश्ल/बीऊविजन जस्ता उत्पादनका साधनमा सहयोग वा अन्य पशु विकासस" ग सम्बन्धित कार्य गर्ने उद्देश्य अनुरुप सञ्चालित कार्यक्रमलाई बुझ्नु पर्दछ ।

**७.३.२.४ तपाईंको व्यवसायले पशु विकास परियोजनाहरुमा सहभागिता जनाएको थियो ?**

यहा" व्यवसायले समुदायमा सञ्चालित कृषि विकास परियोजनाहरुमा सहभागिता जनाएको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.३.२.५ सहभागिता जनाएको पशु विकास परियोजनाको उद्देश्य के थियो ?**

सन्दर्भ वर्षमा व्यवसायले समुदायमा सञ्चालित परियोजनामा सहभागिता जनाएको परियोजनाको उद्देश्य के थियो सोधी **क्षमता अभिवृद्धि, यान्त्रिकिकरण तथा पुर्वाधार विकास, उत्पादकत्व तथा बजार अभिवृद्धि, पशु नश्ल/बीऊविजन जस्ता उत्पादनका साधनमा सहयोग** मध्येको एउटा विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित उद्देश्यहरु बाहेक अन्य उद्देश्य थियो भने **अन्य** विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

- क्षमता अभिवृद्धि भन्नाले कृषकको व्यवसायसँग सम्बन्धी ज्ञान तथा सीप, तालिम, भ्रमण वा प्राविधिक सेवामार्फत् क्षमता बढाउनुलाई बुझ्नु पर्दछ ।
- यान्त्रिकीकरण तथा पूर्वाधार विकास भन्नाले परम्पारगत पशुबाट हुने उत्पादन प्रणालीलाई परिवर्तन गरी प्रविधियुक्त आधुनिक उत्पादन गर्नु र पशुपालनसँग सम्बन्धित बजार, कृषि सडक जस्ता पूर्वाधारको विकासलाई बुझ्नुपर्दछ ।
- पशुबाट हुने उत्पादनको उत्पादकत्व तथा बजार अभिवृद्धि भन्नाले व्यवसायले उत्पादन गरेको वस्तुको उत्पादकत्व तथा व्यापार बृद्धि गर्ने उद्देश्यले गरिएको पशु विकास परियोजना भन्ने बुझ्नुपर्दछ ।
- पशु नश्ल/बीऊविजन जस्ता उत्पादनका साधनमा सहयोग भन्नाले पशुपालन कार्यमा उत्पादनका साधनका रुपमा प्रयोग हुने पशु नश्ल/बीऊविजन, औषधी, औजारहरु तथा अन्य सामाग्रीहरुमा पुऱ्याएको सहयोग बुझ्नुपर्दछ ।

**७.३.२.६ यस व्यवसायले पशु विकास परियोजनाहरुमा सहभागिता नहुनुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसाय पशु विकास परियोजनाहरुमा सहभागी नहुनुको कारणहरु जस्तैः **इच्छा नभएर, व्यस्त भएर, अवसर नपाएर वा जानकारी नपाएर** मध्ये कुन मुख्य कारण हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.३.२.७ सन्दर्भ वर्षमा, यस व्यवसायको नजिकै कृषि औजार वा मेसिनको लागि मर्मत केन्द्रको सुविधा थियो ?**

सन्दर्भ वर्षमा व्यवसायको नजिकै पशुपालन कार्यमा प्रयोग हुने कृषि औजार तथा मेसिन मर्मत गर्नका लागि आवश्यक पर्ने मर्मत केन्द्रको सुविधा थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**७.३.२.८ यस व्यवसायले मर्मतको सुविधा प्रयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा यदि पशुपालन कार्यमा प्रयोग हुने कृषि औजार वा मेसिनको मर्मत गर्ने मर्मत केन्द्र थियो भने व्यवसायले उक्त सुविधा प्रयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**७.३.२.९ यस व्यवसायले मर्मतको सुविधा उपयोग नगर्नुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा यदि पशुपालन व्यवसायले मर्मत केन्द्रको सुविधा प्रयोग गरेको थिएन भने नगर्नुको कारणहरु जस्तैः **आफैं जानकार भएर, आवश्यक नभएर, महङ्गो भएर** आदि मध्ये कुन हो सोधी मुख्य कारणको उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ। यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**७.३.३ सार्वजनिक स्रोतहरुसँगको पहुँच**

**७.३.३.१ सन्दर्भ वर्षमा, यस व्यवसाय रहेको समुदायमा सार्वजनिक चरन गर्ने जग्गा थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसाय रहेको समुदायमा सार्वजनिक चरन गर्ने जग्गा थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**७.३.३.२ सन्दर्भ वर्षमा, यस व्यवसायले सार्वजनिक चरन उपयोग गरेको थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायले सार्वजनिक चरन उपयोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**७.३.३.३ सन्दर्भ वर्षमा, यस व्यवसायले सार्वजनिक चरनको उपयोग नगर्नुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा यदि पशुपालन व्यवसायले सार्वजनिक चरन उपयोग गरेको थिएन भने नगर्नुको कारणहरु जस्तैः **व्यवसायभित्रै प्रशस्त आहारको व्यवस्था भएर, प्रयोग गर्न नदिएको/नपाएको, अरु उपभोक्तास" ग समस्या भएर, चरनको कमजोर गुणस्तर वा परिमाणको समस्याले** भन्ने विकल्प मध्ये मुख्य कारण कुन हो सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ। यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**७.३.३.४ सन्दर्भ वर्षमा, यस व्यवसाय रहेको समुदायमा सामुदायिक वन थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसाय रहेको समुदायमा सामुदायिक वन थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**७.३.३.५ सन्दर्भ वर्षमा, यस व्यवसायले पशुपालन प्रयोजनको लागि सामुदायिक वनको उपभोग गरेको थियो ?**

सन्दर्भ वर्षमा यदि पशुपालन व्यवसायले सामुदायिक वनको उपभोग गरेको थियो वा थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**७.३.३.६ सन्दर्भ वर्षमा, यस व्यवसायले सामुदायिक वनको उपभोग नगर्नुको मुख्य कारण के थियो ?**

सन्दर्भ वर्षमा यदि पशुपालन व्यवसायले सार्वजनिक वन उपभोग गरेको थिएन भने नगर्नुको कारणहरु जस्तैः **व्यवसायभित्रै पर्याप्त बनबनेलो रहेको, महङ्गो भएर, प्रयोग गर्न नदिइएको, अरु उपभोक्तास" ग समस्या भएर, बनबनेलोको गुणस्तर र परिमाणको समस्याले** मध्ये मुख्य कारण कुन हो सोधी उपयुक्त विकल्पमा चिन्ह

लगाउनु पर्दछ । यदि माथिका विकल्पहरु बाहेक अन्य कारण मुख्य थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

## भाग ७.४ फोहोर व्यवस्थापनसम्बन्धी विवरण

प्रश्नावलीको यस भागमा पशुपालन व्यवसायबाट उत्पन्न भएको फोहोर पानी र अन्य ठोस प्रकारको फोहोरको व्यवस्थापन सम्बन्धी विवरण लिन खोजिएको छ ।

**७.४.१ सन्दर्भ वर्षमा, यस व्यवसायबाट निस्किएको फोहोर कुन कुन प्रकारका थिए ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायबाट कुन कुन प्रकारका फोहोर निस्काशन हुने गर्दथ्यो सोधी विभिन्न विकल्पहरु जस्तैः **पशु उपचारजन्य फोहोर, बीऊ/औषधी/विषादी/मल/पेट्रोलियम पदार्थका खाली खोलहरु, काम नलाग्ने भई बिग्रिएका पशु/कृषि सामाग्रीहरु, तार डोरी र जालीहरु, अयोग्य विषादीहरु, अन्य खतरारहित जैविक फोहोर, अन्य खतरारहित रसायनिक फोहोरहरु मध्ये** उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित कुनै प्रकारको फोहार निस्काशन गर्दैन भने **माथिका कुनै पनि होइन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.४.२ सन्दर्भ वर्षमा यस व्यवसायबाट निस्किएको ठोस फोहोर (Solid waste) व्यवस्थापन कसरी गरिएको थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायबाट उत्पन्न ठोस फोहोर (Solid waste) व्यवस्थापन कसरी गरिएको थियो सोधी विभिन्न विकल्पहरु जस्तैः **फोहोर व्यवस्थापकलाई पठाएर, जलाएर, गाडेर, जैविक मलको रुपमा प्रयोग गरेर, घरमै अन्य तरिकाले व्यवस्थापन गरेर** मध्ये उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित तरिकाले फोहोर व्यवस्थापन गरिएको छैन भने कुनै पनि **व्यवस्थापन गरिएको छैन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.४.३ सन्दर्भ वर्षमा, यस व्यवसायबाट निष्काशन भएको फोहोर पानीको व्यवस्थापन कसरी गरिएको थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायबाट उत्पन्न भएको फोहोर पानीको व्यवस्थापन कसरी गरिएको थियो सोधी विभिन्न विकल्पहरु जस्तैः **खाल्डो बनाएर व्यवस्थापन गरेको**, **सुरक्षित स्थान वा सेफिट् ट्यांकमा पठाएर**, **कृषि जग्गामा मलको रुपमा प्रयोग गरेर**, **झोल मल बनाउन प्रयोग गरेर** मध्ये उपयुक्त विकल्पहरुमा चिन्ह लगाउनु पर्दछ । यदि उल्लेखित तरिकाले फोहोर पानीको व्यवस्थापन गरिएको छैन भने **व्यवस्था गरेको छैन** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ । माथि उल्लेखित बाहेक अन्य तरिकाले फोहोर पानीको व्यवस्थापन गरिएको छ भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.४.४ सन्दर्भ वर्षमा यस व्यवसायमा मृत्यु भएका पशुहरुको व्यवस्थापन कसरी गरिएको थियो ?**

सन्दर्भ वर्षमा यस व्यवसायमा पालिएका पशु कुनैपनि कारणले मरेको भए सोको व्यवस्थापन कसरी गरिएको थियो सोधी विभिन्न विकल्पहरु जस्तैः मरेका पशुलाई खाल्डो खनी गाडेर व्यवस्थापन गरेको भए **गाडेर**, जलाएर व्यवस्थापन गरेको भए **जलाएर**, फोहोर संकलन गरी व्यवस्थापन गर्ने सेवा प्रदायकलाई दिएर भए **फोहोर व्यवस्थापकलाई पठाएर** तथा यी वाहेक अन्य कुनै तरिकाले व्यवथापन गरेको भए **अन्य** मध्ये उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ । यदि सन्दर्भ वर्षमा व्यवसायमा पालिएका कुनैपनि पशुहरु मरेका छैनन् भने **मृत्यु नभएको** विकल्प छनौट गरि चिन्ह लगाउनुपर्दछ ।

**भाग ७.५ प्राकृतिक विपत्को असर तथा जलवायु परिवर्तन अनुकूलन बनाउन गर्ने रणनीति**

प्रश्नावलीको यस भागमा चरम प्राकृतिक घटनाहरुले व्यवसायमा पारेको नकारात्मक असर र व्यवसायले जलवायु परिवर्तनलाई अनुकूलन बनाउनका लागि अपनाएको अभ्यास तथा प्रयासहरुको जानकारी लिनुपर्दछ ।

**७.५.१ सन्दर्भ वर्षमा, यस व्यवसायमा चरम प्राकृतिक विपद्/प्रकोपले आर्थिक असर पारेको थियो ?**

सन्दर्भ वर्षमा पशुपालन व्यवसायमा भारी वर्षा, उच्च तापक्रम, भुईचालो पहिरो जस्ता प्राकृतिक प्रकोपले व्यवसायको आम्दानीमा वा उत्पादन लागतमा आर्थिक असर पुऱ्याएको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.५.२ सन्दर्भ वर्षमा, यस व्यवसायमा चरम प्राकृतिक विपद्/प्रकोपले पारेको आर्थिक असर सम्बन्धी विवरण दिनुहोस् ।**

सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा चरम प्राकृतिक विपद्/प्रकोपले पारेको आर्थिक असरको बारेमा सोधी उपयुक्त विकल्पमा चिन्ह लगाई कति मुल्य बराबरको क्षति भएको हो सो समेत सोधी दिइएको कोठामा क्षतिको मुल्य उल्लेख गर्नुपर्दछ ।

- चरम प्राकृतिक विपद्/प्रकोपको कारणले व्यवसायमा बिक्रीबाट प्राप्त रकममा कमी भएको थियो भने बिक्रीबाट प्राप्त रकममा भएको कमी भन्ने विकल्पमा चिन्ह लगाई कति मुल्य बराबर कमी (क्षति) भएको सो समेत सोधी दिइएको कोठामा मुल्य रु. उल्लेख गर्नुपर्दछ ।
- चरम प्राकृतिक विपद्/प्रकोपको कारणले व्यवसायको घाँसबाली, पशु वा अन्य उत्पादनमा अवरोध भई नोक्सान भएको थियो भने उत्पादनमा अवरोधको कारणले भएको नोक्सान भन्ने विकल्पमा चिन्ह लगाई कति मुल्य बराबर नोक्सान (क्षति) भएको सोधी दिइएको कोठामा मुल्य रु. उल्लेख गर्नुपर्दछ ।
- दुई उल्लेखित असर बाहेक अन्य आर्थिक असर पुऱ्याएको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाई उक्त क्षति कति मुल्य बराबरको भएको सो समेत सोधी दिइएको कोठामा मुल्य रु. उल्लेख गर्नुपर्दछ ।

**७.५.३ सन्दर्भ वर्षमा, यस व्यवसायमा चरम प्राकृतिक विपद्/प्रकोपले भौतिक असर पारेको थियो ?**

यहाँ सन्दर्भ वर्षमा, पशुपालन व्यवसायमा चरम प्राकृतिक विपद्/प्रकोपले जग्गा, बाली, पशु, उपकरण वा अन्य सामग्रीहरु जस्तामा भौतिक असर परेको थियो थिएन सोधी उपयुक्त विकल्पमा चिन्ह लागाउनुपर्दछ ।

**७.५.४ सन्दर्भ वर्षमा, यस व्यवसायमा चरम प्राकृतिक विपद्/प्रकोपले पारेको भौतिक असर सम्बन्धी विवरण दिनुहोस् ।**

सन्दर्भ वर्षमा, यदि पशुपालन व्यवसायमा चरम प्राकृतिक विपद्/प्रकोपले भौतिक असर पारेको थियो भने व्यवसायमा पारेको भौतिक असरको बारेमा सोधी विभिन्न विकल्पहरु जस्तैः **जग्गाको नोक्सानी, घाँसबालीको नोक्सानी, पशुको नोक्सानी, गोठको नोक्सानी, काठ दाउराको नोक्सानी, भवनको क्षति वा नोक्सानी, पशु/कृषि सामाग्रीको क्षति वा नोक्सानी** मध्ये असर परेका उपयुक्त विकल्पहरुमा चिन्ह लगाई कति मुल्य बराबरको क्षति भएको हो समेत सोधी दिइएको कोठामा क्षतिको मुल्य उल्लेख गर्नुपर्दछ । यदि उल्लेखित भौतिक असर बाहेक अन्य भौतिक असर पुऱ्याएको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाई सोको समेत क्षतिको मुल्य दिइएको कोठामा उल्लेख गर्नुपर्दछ ।

**७.५.५ तपाई जलवायु परिवर्तनको बारेमा जानकार हुनुहुन्छ ?**

जलवायु परिवर्तन भन्नाले लामो समयदेखि मौसम/जलवायुको अवस्थामा जस्तै मौसमको तापक्रम, आद्रता, हावा, वर्षामा आएको परिवर्तनलाई बुझ्नु पर्दछ । यस प्रश्नमा उत्तरदातालाई जलवायु परिवर्तनको बारेमा जानकारी छ, छैन सोधी उपयुक्त विकल्पमा चिन्ह लगाउनु पर्दछ ।

**७.५.६ सन्दर्भ वर्षमा, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणका लागि यस व्यवसायले के के अभ्यासहरु गरेको थियो ? (बहुउत्तर सम्भव छ)**

सन्दर्भ वर्षमा जलवायु परिवर्तनका प्रभावहरुको असर कम गर्नको लागि पशुपालन व्यवसायले गरेको विभिन्न अभ्यासहरुको बारेमा सोधी विभिन्न विकल्पहरु जस्तैः **परम्परागत पशु/कृषि अभ्यास र ज्ञानको प्रयोग, स्थानीय जातका पशुको प्रयोग, स्थानीय परिस्थिति अनुकूलका पशुका प्रजातिको पालन, नया“ अभ्यास वा प्रविधिको प्रयोग** मध्ये उपयुक्त विकल्पहरु छनौट गर्नुपर्दछ। यदि उल्लेखित विकल्पहरु बाहेक अन्य अभ्यास गरेको थियो भने **अन्य** भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ। यदि कुनै पनि अभ्यास गरिएको थिएन भने कुनै पनि होइन भन्ने विकल्पमा चिन्ह लगाउनु पर्दछ।

**परम्परागत पशु/कृषि अभ्यास र ज्ञानको प्रयोग**

जलवायु परिवर्तनको अनकूलनका लागि लामो समयदेखि गरि“ दै आएको परम्परागत कृषि अभ्यास वा ज्ञान र सीपको प्रयोग बुझ्नुपर्दछ।

**स्थानीय जातको पशुको प्रयोग**

स्थानीय जातको पशु उन्नत जातको पशुको दाँजोमा स्थानीय वातावरणमा आउने वातावरणीय फेर बदलसँग आफूलाई सजिलै अनुकुलन बनाउन सक्ने भएकाले स्थानीय जातको पशुको प्रयोग गरेर जलवायु परिवर्तनको असरलाई न्यूनीकरण गरेको भन्ने बुझ्नुपर्दछ।

**स्थानीय परिस्थिति अनुकलका पशुका प्रजातिको पालन**

जलवायु परिवर्तनको अनुकूलनका लागि स्थानीय परिस्थितिमा हुर्कने वा अभ्यस्त भएको पशुका प्रजातिको पालन गरेको भन्ने बुझ्नुपर्दछ।

**नया“ अभ्यास वा प्रविधिको प्रयोग**

जलवायु परिवर्तनको अनुकूलनका लागि हिटर, भेन्टीलेटर, एयरकन्डिशनरको प्रयोग जस्ता नयाँ अभ्यास वा प्रविधिको प्रयोगलाई **नयाँ अभ्यास वा प्रविधिको प्रयोग** गरिएको भन्ने बुझ्नु पर्दछ।

| A | DISTRICT CODES | | |
|---|---|---|---|
| ताप्लेजुङ | १०१ | कास्की | ४०५ |
| संखुवासभा | १०२ | लमजुङ | ४०६ |
| सोलुखुम्बु | १०३ | तनहुँ | ४०७ |
| ओखलढुंगा | १०४ | नवलपरासी पूर्व | ४०८ |
| खोटाङ | १०५ | स्याङजा | ४०९ |
| भोजपुर | १०६ | पर्वत | ४१० |
| धनकुटा | १०७ | बागलुङ | ४११ |
| तेह्रथुम | १०८ | रुकुम पूर्व | ५०१ |
| पाँचथर | १०९ | रोल्पा | ५०२ |
| इलाम | ११० | प्युठान | ५०३ |
| झापा | १११ | गुल्मी | ५०४ |
| मोरङ | ११२ | अर्घाखाँची | ५०५ |
| सुनसरी | ११३ | पाल्पा | ५०६ |
| उदयपुर | ११४ | नवलपरासी पश्चिम | ५०७ |
| सप्तरी | २०१ | रुपन्देही | ५०८ |
| सिराहा | २०२ | कपिलवस्तु | ५०९ |
| धनुषा | २०३ | दाङ | ५१० |
| महोत्तरी | २०४ | बाँके | ५११ |
| सर्लाही | २०५ | बर्दिया | ५१२ |
| रौतहट | २०६ | डोल्पा | ६०१ |
| बारा | २०७ | मुगु | ६०२ |
| पर्सा | २०८ | हुम्ला | ६०३ |
| दोलखा | ३०१ | जुम्ला | ६०४ |
| सिन्धुपाल्चोक | ३०२ | कालिकोट | ६०५ |
| रसुवा | ३०३ | दैलेख | ६०६ |
| धादिङ | ३०४ | जाजरकोट | ६०७ |
| नुवाकोट | ३०५ | रुकुम पश्चिम | ६०८ |
| काठमाडौँ | ३०६ | सल्यान | ६०९ |
| भक्तपुर | ३०७ | सुर्खेत | ६१० |
| ललितपुर | ३०८ | बाजुरा | ७०१ |
| काभ्रेपलाञ्चोक | ३०९ | बझाङ | ७०२ |
| रामेछाप | ३१० | दार्चुला | ७०३ |
| सिन्धुली | ३११ | बैतडी | ७०४ |
| मकवानपुर | ३१२ | डँडेलधुरा | ७०५ |
| चितवन | ३१३ | डोटी | ७०६ |
| गोरखा | ४०१ | अछाम | ७०७ |
| मनाङ | ४०२ | कैलाली | ७०८ |
| मुस्ताङ | ४०३ | कञ्चनपुर | ७०९ |
| म्याग्दी | ४०४ | | |